औद्योगिक नीति, २०६७

नीति पुनरावलोकन प्रतिवेदन

नेपाल सरकार
राष्ट्रिय योजना आयोग
सिंहदरबार, काठमाडौं, नेपाल
फोन: +९७७-१-४२११९७०
फ्याक्स: +९७७-१-४२११७००
Email: npcs@npc.gov.np

औद्योगिक नीति, २०६७

नीति पुनरावलोकन प्रतिवेदन

नेपाल सरकार

राष्ट्रिय योजना आयोग

सिंहदरबार, काठमाडौं, नेपाल

फोन: +९७७-१-४२११९७०

फ्याक्स: +९७७-१-४२११७००

Email: npcs@npc.gov.np

नेपाल सरकार, राष्ट्रिय योजना आयोग सिंहदरबार, काठमाडौंका लागि एफएमआरडीसीका तर्फबाट टोली नेता श्री केदारबहादुर अधिकारी, टोलीका सदस्यहरू श्री [illegible] र श्री [illegible] तयार पारिएको औद्योगिक नीति २०६७ सम्बन्धी अध्ययन प्रतिवेदन, चैत [illegible] ।

विषय सूची

कार्यकारी सारांश III

खण्ड एक - परिचय

१ औद्योगिक नीति, २०६७ को अध्ययन

१.१ पृष्ठभूमि १

१.२ अध्ययनको उद्देश्य २

१.३ मुख्य कार्य तथा क्षेत्र ३

१.४ अध्ययन विधि ३

१.५ प्रमुख उपलब्धिहरु ४

१.६ प्रतिवेदनको ढाँचा ४

१.७ अध्ययनको सीमा ४

खण्ड - दुई

२ नीति पुनरावलोकनको आवश्यकता

२.१ नीति पुनरावलोकनको आवश्यकता ५

२.२ औद्योगिक नीति, २०६७ पुनरावलोकनको सन्दर्भ ५

२.३ नतिजामा आधारित नीति पुनरावलोकन ६

२.४ नीति अन्तर विश्लेषण ६

खण्ड - तीन

३ औद्योगिक नीतिको अवस्था र मूल्याकंन

३.१ नेपालको औद्योगिक नीतिको संक्षिप्त इतिहास ८

३.२ औद्योगिक नीति, २०६७ ८

३.३ नीति कार्यान्वयनको अवस्था ९

३.३.१ तालिका १ ९

३.३.२ तालिका २ १०

३.४ तथ्यांकमा उद्योग क्षेत्र २०

३.४.१ तालिका ३ २१

३.५ उद्योगसँग सम्बन्धित अन्य कानुनहरु २१

३.५..१ नीतिहरु २२

३.५.२ ऐनहरु २३

३.५.३ नियमावलीहरु २८

३.५.४ रणनीति ३१

३.५.५ कार्यविधिहरू ३२

३.५.६ मापदण्डहरु ३४

३.५.७ कोभिड-१९ पूर्व तथा पश्चातको अवस्था मूल्यांकन ३५

३.५.८ योजनामा औद्योगिक नीति ३७

३.५.९ औद्योगिक नीति पश्चात समग्र औद्योगिक पूर्वाधारको अवस्था ३८

खण्ड - चार

प्रस्तावित औद्योगिक नीति तथा सिफारिस

४.१ नयाँ नीतिको आवश्यकता ४३
४.२ प्रस्तावित नतिको उद्देश्य ४३
४.३ नीतिहरू ४४
४.४ रणनीतिहरु ४४
४.५ नीति अवधि र यसको प्रयोग ४६
४.६ प्राथमिकताका क्षेत्र ४७
४.७ प्रमुख हस्तक्षेपहरु ४८
४.८ साना, लघु तथा मध्यम उद्योग प्रवर्तन ४८
४.९ औद्योगिक पूर्वाधार ५०
४.१०खानीजन्य उद्योग ५२
४.११ निकासी जन्य उद्योग ५२
४.१२ व्यवसाय गर्न सहज वातावरण ५२
४.१३ सहुलियत तथा सुविधा ५३
४.१४ यातायात तथा लजिस्टिक ५४
४.१५ रूग्ण उद्योग पुनर्स्थापना ५४
४.१६ नेपाली किनौं नेपाली बनौं ५४
४.१७ लगानी ५५
४.१८ जनशक्ति विकास ५५
४.१९ कार्यान्वयन तथा अनुगमन संयन्त्र ५५
४.२० सिफारिस तथा निष्कर्ष ५६
अनुसूची - १ ५८
अनुसूची - २ ६१
सन्दर्भ सामग्री ६९

कार्यकारी सारांश

राष्ट्रिय योजना आयोगबाट औद्योगिक नीति, २०६७ को अध्ययन गरी नीति पुनरावलोकन गर्ने उपयुक्त सुझाव प्रस्तुत गर्ने प्रयोजनका लागि यो अध्ययन गरिएको हो ।

यस अध्ययनको उद्देश्यहरू देहाय बमोजिम रहेको छन्:

- औद्योगिक नीति, २०६७ को पुनरावलोकन गर्ने,
- समृद्ध नेपाल, सुखी नेपालीको राष्ट्रिय आकांक्षा पूरा गर्न अख्तियार गर्नुपर्ने साना उद्यम व्यवसाय सम्बन्धी नीति, कार्यक्रम तथा कार्ययोजनाहरूको पहिचान गर्ने,
- नेपालको संविधान, पन्ध्रौं योजना तथा दिगो विकास लक्ष्यमा भएका नयाँ व्यवस्था अनुकूल हुने गरी उद्योग सम्बन्धी नीति, रणनीति वा कार्यनीतिमा गर्नुपर्ने सुधारको लागि सुझाव प्रस्तुत गर्ने,
- साना उद्यम सम्बन्धी विश्वव्यापी प्रवृत्तिहरू, क्षेत्रीय प्रवृत्तिहरू र राष्ट्रिय स्तरमा विद्यमान अवस्था र सुधारका बावजूद विध्यमान जोखिमहरू विश्लेषण गरी यस सम्बन्धी नीतिगत सिद्धान्त र व्यवहार, अभ्यास र चलन बीच रहेका असमन्जस्य र अन्तरविरोधहरूको हल गर्ने उपायहरूको खोजी गर्ने,
- नीति पुनरावलोकनका क्रममा फरक आयामबाट नविन सोच/सुझावहरू पहिचान गर्दा सिर्जना हुने विवाद, बहस/ जोखिम व्यवस्थापन गर्ने तर्क, तथ्य र सिध्दान्तको पहिचान गर्ने, र संविधान, कानून र नीतिहरूमा मौजुद साना उद्यम व्यवसायलगायतका समग्र उद्योग सम्बन्धी नीतिगत व्यवस्था, कार्यक्रम र अभ्यासहरूको परिक्षण, मूल्याड्कन, विश्लेषण र पुनरावलोकन गरी परिमार्जन गर्न आवश्यक सुझावहरू प्रदान गर्ने र सो को प्रस्तुतीकरण गर्ने ।

अध्ययनको मुख्य कार्यक्षेत्र यस प्रकार रहेको छ:

- औद्योगिक नीति, २०६७ को लक्ष्य,उद्देश्य, नीति, रणनीति कार्यनीति, संरचनागत व्यवस्थाहरू आदिको कार्यान्वयनबाट प्राप्त उपलब्धिहरूको लेखाजोखा गरी कोभिड-१९ पछिको बदलिँदो परिप्रेक्ष्यमा ती नीतिहरूको उपयुक्तता, सान्दर्भिकता र प्रभावकारिताको आधारमा पुनरावलोकन गर्ने,
- राष्ट्रिय वा अन्तरराष्ट्रियस्तरमा प्रचलित नीति पुनवरालोकनको अवधारणा, ढाँचा, विधि, पद्दति, मापदण्ड, कार्यविधि र कार्य प्रवाह ढाँचा अनुरूप यस सम्बन्धी विषयविज्ञ, सरोकारवाला निकायका प्रमुख तथा पूर्व प्रमुखहरू र अन्य प्रमुख जिम्मेवार सूचनादाताहरूसँग तथ्य, तथ्यांक संकलन गरी सो को विश्लेषण गरी साना उद्यम व्यवसाय क्षेत्रले भावी दिनमा अख्तियार गर्नुपर्ने नीति, रणनीति, कार्यनीति तथा कार्यक्रमहरू बारे सुझाव प्रस्तुत गर्ने.
- नीति पुनरावलोकनका क्रममा कार्यक्षेत्रमा उल्लिखित नीति, ऐन, नियमावली निर्देशिका र गुरुयोजनाहरूलाई औद्योगिक क्षेत्रको उपक्षेत्र मानी अध्ययन, समीक्षा र विश्लेषण गर्नु पर्नेछ ।

प्रस्तुत अध्ययन गर्दा विवरणात्मक तथा विश्लेषणात्मक विधि अपनाईएको छ । नीति अध्ययनका क्रममा उद्योग विभाग, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयका पदाधिकारीहरू, पूर्व पदाधिकारीहरू, उद्योग वाणिज्य क्षेत्रका प्रतिनिधिहरूसँग पनि छलफल गरिएको थियो । नीतिको मस्यौदाउपर राष्ट्रिय योजना आयोगमा सहसचिवस्तर, सचिवस्तर र उपाध्यक्षसमक्ष प्रस्तुत गरी छलफल गरी प्राप्त सुझाव समेत समेटी यो प्रतिवेदन तयार गरिएको छ ।

औद्योगिक नीति, २०६७ जारी भएको करिब एक दशक अवधिमा संविधानसभाको दोश्रो चुनाव भै नेपालको संविधान जारी भएको र मुलुक एकात्मक राज्य प्रणालीबाट संघीय शासन प्रणालीमा गएको अवस्था छ । नीति जारी भएपछि बाह्रौ, तेह्रौ र चौधौ त्रिवर्षीय योजना र पन्ध्रौ पाँच वर्षीय योजना जारी भै त्यस अन्तर्गत विभिन्न रणनीतिहरू समेत कार्यन्वयनमा आएको छ । यस अवधिमा मुलुकमा तीन ठूला घटना भएका छन् । पहिलो करिब ८२ वर्षको अन्तरालमा पुन: महाविनाशकारी भूकम्पको प्रलय, दोस्रो नेपालको संविधान जारी भएपछि सो उपर भएको असन्तुष्टिको विरोध गर्ने क्रममा मुलुकले करिब चार महिना लामो अघोषित नाकाबन्दीको सामना र, तेस्रो यी दुई घटनाबाट मुलुकले कोल्टे फेर्न नपाउदै कोरोना प्रजातिको भाइरसको प्रभावका कारण नेपालमा एक वर्ष लामो सीमा आवतजावतमा प्रतिबन्ध, हवाई सेवालगायत सार्वजनिक यातायात सञ्चालनमा रोक र मानिसहरूको आवागमनमा गरिएको नियन्त्रण तथा उद्योग, ब्यवसायमा गरिएको बन्दाबंदीले अर्थतन्त्रमा ल्याएको शिथिलता । यसका साथै नेपालको संविधानको धारा ५१ को खण्ड (घ) मा भएको नीतिगत व्यवस्था र औद्योगिक नीति २०६७ बीचको सामन्जस्यता पनि हेर्न पर्ने भएको छ ।

औद्योगिक नीति, २०४९ अगाडि मुलुकले स्वदेशी उद्योगलाई संरक्षण गर्ने नीति राखेको पाइन्छ । सो अवधिमा स्पष्ट रुपमा नीति जारी भएको प्रमाण उपलव्ध भएको देखिएन । वि.सं. २०४७ सालपछि खुला अर्थतन्त्रको नीति लिए पछि एकै पटक २०४९ सालमा औद्योगिक नीति, २०४९ र व्यापार नीति, २०४९ सँगै आएको देखिन्छ । औद्योगिक नीति, २०४९ ले तीन वटा विषयलाई प्राथमिकतामा राखेको र सोही आधारमा औद्योगिक व्यवसाय ऐन, विदेशी लगानी तथा प्रविधि लगानी ऐन र एकद्वार नीतिलाई समेटेको थियो ।

औद्योगिक नीति, २०४९ लाई २०६७ ले विस्थापन गरे पनि वाणिज्य नीति भने २०७२ सालमा मात्र परिवर्तन भयो । यस अघि दुवै नीति एकै पटक संशोधन भएकोमा उद्योग र वाणिज्य मन्त्रालय अलग अलग भएपछि भने यसले निरन्तरता पाएन ।

नीतिले लिएका पाँच उद्देश्य अन्तर्गत उद्देश्य १ सँग सम्बन्धित पाँच वटा, उद्देश्य २ सँग सम्बन्धित तीन वटा, उद्देश्य ३ सँग सम्बन्धित २ वटा, उद्देश्य ४ सँग सम्बन्धित सात वटा र उद्देश्य ५ सँग सम्बन्धित दुइ वटा नीति गरी जम्मा १९ वटा नीतिहरू प्रस्तावित गरिएका छन् भने बुँदा ९ अन्तर्गत पुन: लघु उद्यम, घरेलु तथा साना उद्योग सम्बन्धी विशेष नीतिगत व्यवस्था अन्तर्गत १० वटा विशेष नीतिहरू प्रस्ताव भएको छ । यसअन्तर्गत उद्देश्य १ हासिल गर्न ९ वटा रणनीति, उद्देश्य २ हासिल गर्न ७ वटा रणनीति, उद्देश्य ३ हासिल गर्न १ वटा रणनीति, उद्देश्य ४ हासिल गर्न २०

वटा रणनीति र उद्देश्य ५ हासिल गर्न ३ वटा रणनीति गरी ४० वटा रणनीतिहरू उल्लेख गरिएको छ । लघु उद्यम, घरेलु तथा साना उद्योग सम्बन्धी २५ वटा विशेष रणनीति तय गरिएको देखिएको छ ।

औद्योगिक नीति तथा औद्योगिक व्यवसाय ऐन २०७३, तथा २०७६ को नीतिमा उल्लेख भएका विषय र ऐनमा समावेश भएका विषयको तुलना र औद्योगिक ऐन र आयकर ऐन बीच तुलना गर्दा औद्योगिक व्यवसाय ऐन र आयकर ऐनले मुलभूत रुपमा नीतिले उल्लेख गरेका विषयहरू समेटेको पाइएको छ ।

औद्योगिक नीति जारी भएपछिको एक दशकमा औद्योगिक क्षेत्रसँग भएका उपलव्धिहरूतर्फ उल्लेख गर्दा आर्थिक वर्ष २०६६/६७ मा ६०.८ अर्ब रहेको निकासी क्रमशः बढ्दै गै आर्थिक वर्ष २०७०/७१ मा ९१.९९ अर्व पुगेकोमा त्यस पछिको दुई वर्षमा लगातार घटेको छ । यस्तै आ व २०७०/७१ को निकासी अंकको स्तरमा पुग्न पुन: ६ वर्ष लागेको अवस्था देखियो । निकासीलाई प्राथमिकतामा राख्दा पनि निकासी रकम लगातार घट्नु औद्योगिक वातावरण उपयुक्त नभएको अवस्थालाई संकेत गर्दछ । आर्थिक वर्ष २०६६/६७ कुल गार्हस्थ उत्पादन (Total GDP) मा ६.३४ प्रतिशत हिस्सा रहेको औद्योगिक क्षेत्र त्यस पछिको एक दशकमा पनि सो प्रतिशत भन्दा बढी कहिल्यै पुगेन बरु ओरालो लागेर आ. व. २०७३/७४ मा ५.४८ प्रतिशतमा झरेको थियो । त्यस पछिका वर्षहरूमा केही बढे पनि यो अझै ६ प्रतिशत भन्दा कम नै छ । उद्योग दर्तातर्फ पनि यस अवधिमा त्यति सकारात्मक अवस्था देखिएको छैन । वैदेशिक लगानीका लागि स्वीकृति पाएका उत्पादन क्षेत्रका उद्योगहरूको संख्यामा उतार चढाव देखिन्छ ।

औद्योगिक नीतिको अलावा वाणिज्य नीति, खनिज नीति लगायत उद्योग वाणिज्य क्षेत्रका सम्बन्धित नीतिहरू, ऐन, नियमावली, रणनीति, कार्यविधि, मापदण्ड लगायतले पनि संक्षेपमा उल्लेख गरिएको छ ।

तथ्यांक विभागले सन् २०१४ मा प्रकाशित गरेको "डेभलप्मेन्ट अफ म्यानुफ्याक्चरिंग इन्डस्ट्रिज इन नेपाल" (Development of Manufacturing Industries in Nepal) मा उल्लेख भएअनुसार औद्योगिक नीति २०६७ जारी हुनु अघि एघारौं योजनाले उत्पादनका क्षेत्रमा देहायका समस्याहरू रहेको जनाएको थियो:

- सीमित व्यवस्थापकीय र प्राविधिक क्षमता
- कमजोर औद्योगिक सुरक्षा
- कमजोर लगानी वातावरण
- निकासीमा विविधिकरण नहुनु
- उद्योगमैत्री श्रम कानून नहुनु
- अनियमित विद्युत आपूर्ति

यस अवधिमा देखिएका थप समस्याहरू निम्नानुसार उल्लेख गरिएको छ।

- विद्युत् महसुल उद्योगमैत्री भएन,
- कानूनले प्रत्याभूत गरेको सुविधा पनि ढिलो गरी पाइने, नपाइने र आंशिक मात्र पाइने अवस्था छ ।
- उद्योग दर्तादेखि नै समस्या शुरु हुन्छ । उद्योग बन्द गर्न अझै सहज छैन,

- पूर्वाधार लगानीमा दिइने सुविधाको नीतिमा स्पष्टता छैन,
- जग्गा प्राप्तिमा खास गरी हदबन्दीभन्दा बढी जग्गा प्राप्ति गर्ने विषयमा अझै समस्या छ,
- प्रत्येक उद्योगका लागि वातावरण मूल्यांकन नगरी उद्योग दर्ता नहुने, र त्यस बेलासम्म बाह्य लगानी कर्ताले नपर्खने र बैंकले उद्योग दर्ता नभएसम्म ऋण नदिने जस्ता चरणबद्ध समस्याको जालो छ । केही गरी सबै काम सक्दा, जग्गाको भाउ बढी सक्नाले उद्योगले प्राप्त गर्ने लाभ स्वीकृति हुने चरणसम्म आइपुग्दा अनाकर्षक हुने समस्या छ,
- औद्योगिक क्षेत्रभित्र उद्योग लैजाँदा जग्गा लिजमा लिनुपर्ने र ऋणको लागि छुट्टै जमानत खोज्नुपर्ने तर बाहिर जग्गा किनेर उद्योग स्थापना गर्दा जग्गाको मूल्य पनि बढ्ने र धितोमा पनि प्रयोग गर्न सकिने भएकोले औद्योगिक क्षेत्रमा उद्योग जान उति इच्छुक नदेखिएको,
- ढुवानी लागत महँगो छ र भरपर्दो लजिस्टिक सेवा छैन,
- उद्योग क्षेत्र बहुक्षेत्रसँग सम्बन्धित भए पनि क्षेत्रगत नीति तथा कार्यान्वयनमा कमजोर समन्वय छ,
- संघ, प्रदेश र स्थानीय तहबीच उद्योग प्रशासन सम्बन्धमा औद्योगिक ऐन आएपछिको क्षेत्राधिकारको टुंगो लगाउन बाँकी रहेको ।

अतः औद्योगिक नीति, २०६७ को सफल पक्षलाई निरन्तरता दिंदै नया नीति ल्याउनु पर्ने अवस्था देखिएको छ । प्रस्तावित नयाँ औद्योगिक नीतिको उद्देश्य देहाय बमोजिम प्रस्ताव गरिएको छ:

(क) प्रतिस्पर्धात्मक औद्योगिक वस्तुको उत्पादन बढाई कुल गार्हस्थ उत्पादनमा औद्योगिक क्षेत्रको योगदान वृद्धि गर्नु

(ख) स्वदेशी सीप, कच्चा पदार्थमा आधारित निर्यातजन्य वस्तुको प्रवर्धन गर्दै दिगो निकासी व्यापार अभिवृद्धि गर्नु

(ग) प्रतिस्पर्धात्मक औद्योगिक वातावरण सिर्जना गरी स्वदेशी र प्रत्यक्ष वैदेशिक लगानी बढाउनु ।

(घ) औधोगिक वातावरण, प्रविधि र सीपयुक्त जनशक्ति विकास गरी उत्पादकत्व वृद्धि गर्नु ।

(ङ) औद्योगिक बौद्धिक सम्पत्तिको संरक्षण गर्नु ।

प्रस्तावित औद्योगिक नीतिको लागि नीति प्रस्ताव गर्दा नेपालको संविधानमा उल्लेख भएको नीतिलाई नै उद्धृत गरिएको छ र रणनीतितर्फ पन्ध्रौं योजनाका रणनीतिलाई नै आधार मानिएको छ ।

उद्देश्य, नीति र रणनीति कार्यान्वयन गर्न केही प्राथमिक कार्ययोजनाहरू प्रस्ताव गरिएको छ जसको संरचना यस प्रकार रहनेछ:

प्राथमिकताका क्षेत्र: यस अघिका नीतिहरू, निर्यात सम्भावना, स्वदेशी बजार र आन्तरिक कच्चा पदार्थ तथा उपलब्ध जनशक्ति, उद्योग तथा व्यवसायीहरूको विचार र प्रदेशको संरचना समेतका आधारमा नेपाल सरकारले प्राथमिकतामा राख्नु पर्ने वस्तुहरूको सुझाव गरिएको छ ।

साना, घरेलु तथा मध्यम स्तरीय उद्योग प्रवर्तन: साना, लघु तथा मध्यम स्तरीय उद्योगलाई स्थानीय उत्पादन र रोजगारीको प्रमुख माध्यमको रुपमा विकास गर्न कार्यक्रमहरू प्रस्तुत गरिएको छ ।

औद्योगिक पूर्वाधार: औद्योगिक क्षेत्र, विशेष क्षेत्र, औद्योगिक करिडोर तथा औद्योगिक ग्रामहरूको विकास र सञ्चालन, त्यस्ता क्षेत्रहरूमा पानी, विद्युत, संचार, बाटो, प्रसोधन केन्द्र, कामदार आवास, बैंक, बिमा, उपज संकलन केन्द्र, तालिम केन्द्र, प्रयोगशाला जस्ता सुविधाहरू उपलव्ध हुने गरी स्तरोन्नति, विकास, सञ्चालन र सम्भार गर्ने सम्वन्धमा कार्यक्रमहरू प्रस्ताव गरिएको छ ।

खानीजन्य उद्योग र निकासीजन्य उद्योगका लागि गर्नु पर्ने कार्यहरू निम्नानुसार सुझाव गरिएको छ ।

व्यावसाय गर्न सहज वातावारणका लागि एकद्वार प्रणालीलगायत अन्य सुविधाहरू समेत प्रस्ताव गरिएको छ ।

उद्योग तथा व्यवसायले पाउने छुट सहुलियत तथा सुविधाहरू सहज रुपमा पाउने गरी संयन्त्र, कानूनी आधार र प्रवन्ध गर्नु पर्ने विषयहरू सुझाइएको छ ।

यस्तै रुग्ण उद्योग पुनर्स्थापनाका लागि स्थायी संयन्त्र गठन गर्न प्रस्ताव गरिएको छ ।

उद्योगमा सहुलियतपूर्ण लगानी, जनशक्ति विकास तथा गरिएका प्रबन्धहरूको मूल्यांकन, अनुगमन गर्न तथा नीतिको निरन्तर मूल्यांकन गर्न समेत सुझाव गरिएको छ ।

निस्कर्षमा औद्योगिक नीति, २०६७ ले कानून तथा संस्थागत प्रबन्धमा सुधार गरेको छ । पूर्वाधार तर्फ यस अवधिमा भैरहवामा विशेष आर्थिक क्षेत्र निर्माण सम्पन्न भएको छ तथा विशेष आर्थिक क्षेत्र प्राधिकरण समेत गठन भएको छ । तर समग्र उद्योग क्षेत्रको कुल गार्हस्थ उत्पादनमा यस अवधिमा खासै योगदान बढ्न सकेको देखिएन । यस क्षेत्रको कुल मूल्य वृद्धि पनि औसत ३.८ प्रतिशतको सीमान्त दरले वृद्धि भएको छ ।

नीति घोषणा वा कानूनी सुधारले मात्र औद्योगिक वातावरण सृजना हुन नसक्ने सिकाई रह्यो । उद्योगको समग्र अवयवहरू (विध्द्युत, पानी, सडक, यातायात, लजिस्टिक सेवा) को विकास र खास गरी दैनिक प्रशासनिक निर्णय कार्यान्वयन वातावरणमा प्रभावकारी हस्तक्षेप नभए सम्म नीतिले परिलक्षित गरेको परिणाम हासिल हुने देखिएन ।

यस्तै नीति तर्जुमा हुँदा कुनै लक्ष्य नतोकिएको र नीतिमा तोकिएको सुविधा प्राप्त हुने सुनिश्चितता नहुने, नीतिले सरकारी क्षेत्रबाट कति बजेट लगानी गर्नु पर्छ भनी उल्लेख समेत नहुने अवस्थामा सुधार हुनु पर्ने देखियो ।

औद्योगिक नीति २०६७ को अध्ययन

खण्ड - एक
परिचय

१.१ पृष्ठभूमिः

सरकारले आफ्नो कामलाई व्यवस्थित र परिणाममुखी बनाउन योजनाबद्ध रूपमा कार्ययोजनाहरू बनाउने गर्दछ। अलि दूरदृस्टी राखेर निश्चित लक्ष्य, उद्देश्य र परिणाम हासिल गर्ने गरी व्यवस्थित गर्ने कार्यलाई अर्को अर्थमा नीति पनि भन्ने गर्दछौ । नीतिलाई सरकार वा सार्वजनिक निकायले गर्न खोजेको चाहना वा आकांक्षा पनि भन्न सकिन्छ जसलाई केही पद्धति वा कार्ययोजनाहरूका माध्यमबाट हासिल गरिन्छ । त्यसैले सार्वजनिक नीति उपर सबैको चासो रहने गर्दछ । नीतिको माध्यमबाट नै सरकारले के विषय कसरी गर्दैछ वा कुनै विषयमा नियन्त्रण, रोक लगाउने वा प्रतिबन्ध लगाउने बाटो तय गरेको छ भन्ने आंकलन गर्न सकिन्छ । त्यसैले उद्यम गर्ने वा नगर्ने सबैले सरकारको नीति के कस्तो छ भनि सार्वजनिक नीतिको माध्यमबाट मूल्यांकन गर्दछन र अधिकांश अवस्थामा सरकारको दृष्टिकोण वा लोकप्रियता नीतिकै माध्यमबाट गर्ने गर्दछन् ।

नेपालको संविधान सार्वजनिक नीतिको प्रमुख श्रोतको रूपमा रहेको छ । राज्यका निर्देशक सिद्धान्तहरू र धारा ५१ मा भएका नीति सम्बन्धी विषयहरू नीतिका श्रोतहरू हुन् । सरकारले तर्जुमा गर्ने नीतिहरू यिनै संवैधानिक व्यवस्थाहरू हासिल गर्ने तर्फ केन्द्रित हुनुपर्दछ । धारा ५१ को खण्ड (घ) मा अर्थ, उद्योग र वाणिज्य सम्बन्धी नीतिहरूको व्यवस्था गरिएको छ । जुन यस प्रकार छः

(१) तुलनात्मक लाभका क्षेत्र पहिचान गरी उद्योगको विकास र विस्तारद्वारा निर्यात प्रवर्द्धन गर्दै वस्तु तथा सेवाको बजार विविधिकरण र विस्तार गर्ने ।

(२) कालाबजारी, एकाधिकार, कृत्रिम अभाव सिर्जना गर्ने र प्रतिस्पर्धा नियन्त्रण जस्ता कार्यको अन्त्य गर्दै राष्ट्रिय अर्थतन्त्रलाई व्यापारिक स्वच्छता र अनुशासन कायम गरी उपभोक्ताको हित संरक्षण गर्ने ।

(३) राष्ट्रिय अर्थतन्त्र विकासको लागि राष्ट्रिय उद्योग धन्दा र साधन स्रोतको संरक्षण र प्रवर्धन गरी नेपाली श्रम, सीप र कच्चा पदार्थमा आधारित स्वदेशी लगानीलाई प्राथमिकता दिने ।

(४) राष्ट्रिय अर्थतन्त्र विकासको लागि स्वदेशी लगानीलाई प्राथमिकता दिने ।

(५) राष्ट्रिय हित अनुकूल आयात प्रतिस्थापन, निर्यात प्रवर्द्धनका क्षेत्रमा वैदेशिक पूंजी तथा प्रविधिको लगानीलाई आकर्षित गर्दै पूर्वाधार विकासमा प्रोत्साहित एवं परिचालित गर्ने ।

(६) औद्योगिक करिडोर, विशेष आर्थिक क्षेत्र, राष्ट्रिय परियोजना, विदेशी लगानीका परियोजनाका सम्बन्धमा अन्तर प्रदेश तथा प्रदेश र संघबीच समन्वय स्थापित गराई आर्थिक विकासलाई गतिशीलता प्रदान गर्ने ।

नेपालको संविधान जारी हुनुभन्दा अघि नै औद्योगिक नीति, २०६७ जारी भएको देखिन्छ । करिब एक दशकको अवधि व्यतित गरेको यस नीतिको अहिले कार्यान्वयनको मूल्यांकन जरूरी भएको छ । वि सं २०७२ साल बैशाखमा गएको भूकम्प तथा २०७२ साल असोजमा जारी भएको संविधान पश्चात देशले व्यहोर्नु परेको नाकाबन्दीले पनि औद्योगिक वातावरणमा प्रभाव परेको छ । संविधान जारीपछि भएको निर्वाचन पश्चात तीन तहको सरकारले कार्य गरिरहेको छ । सात प्रदेश सरकार र ७५३ स्थानीय तहले पनि उद्योग प्रवर्द्धनमा काम गर्नसक्ने गरी कार्य विभाजनसमेत भएको अवस्थामा नीति मूल्यांकनको कार्य अझ सान्दर्भिक भएको छ ।

कोभिड-१९ को महामारीबाट उद्योग लगायतका क्षेत्रमा पनि प्रभाव परेको छ । सो प्रभावका असर कम गर्न पनि हालको औद्योगिक नीतिको समीक्षा जरूरी भएको छ । यसकासाथै यसबीचमा भएका राष्ट्रिय र अन्तरराष्ट्रिय परिघटनाले पनि औद्योगिक नीतिको मूल्यांकनको आवश्यकता देखिएको छ ।

१.२ अध्ययनको उद्देश्य

अध्ययनका लागि उपलब्ध कार्यादेशमा उल्लेख भए अनुसार यस अध्ययनको उद्देश्यहरू देहायमा बमोजिम रहेको छ :

- औद्योगिक नीति, २०६७ को पुनरावलोकन गर्ने,
- 'समृद्ध नेपाल, सुखी नेपाली' को राष्ट्रिय आकांक्षा पूरा गर्न अख्तियार गर्नुपर्ने साना उद्यम व्यवसाय सम्बन्धी नीति, कार्यक्रम तथा कार्ययोजनाहरूको पहिचान गर्ने,
- नेपालको संविधान, पन्ध्रौं योजना तथा दिगो विकास लक्ष्यमा भएका नयाँ व्यवस्था अनुकूल हुने गरी उद्योग सम्बन्धी नीति, रणनीति वा कार्यनीतिमा गर्नुपर्ने सुधारको लागि सुझाव प्रस्तुत गर्ने,
- साना उद्यम सम्बन्धी विश्वव्यापी प्रवृत्तिहरू, क्षेत्रीय प्रवृत्तिहरू र राष्ट्रियस्तरमा विद्यमान अवस्था र सुधारका वावजूद विद्यमान जोखिमहरू विश्लेषण गरी यस सम्बन्धी नीतिगत सिद्धान्त र व्यवहार, अभ्यास र चलनबीच रहेका असामन्जस्य र अन्तरविरोधहरूको समाधान गर्ने उपायहरूको खोजी गर्ने,
- नीति पुनरावलोकनका क्रममा फरक आयामबाट नवीन सोच/सुझावहरू पहिचान गर्दा श्रृजना हुने विवाद, बहस/ जोखिम व्यवस्थापन गर्ने तर्क, तथ्य र सिध्दान्तको पहिचान गर्ने, र

- संविधान, कानून र नीतिहरूमा मौजुदा साना उद्यम व्यवसायलगायतका समग्र उद्योग सम्बन्धी नीतिगत व्यवस्था, कार्यक्रम र अभ्यासहरूको परिक्षण, मूल्यांकन, विश्लेषण र पुनरावलोकन गरी परिमार्जन गर्न आवश्यक सुझावहरू प्रदान गर्ने र सो को प्रस्तुतीकरण गर्ने ।

१.३ मुख्य कार्य तथा क्षेत्र:

अध्ययनको मुख्य कार्य तथा क्षेत्र देहाय बमोजिम रहेको छ (विस्तृत कार्य क्षेत्र अनुसूची १ मा दिइएको छ):-

- औद्योगिक नीति, २०६७ को लक्ष्य, उद्देश्य, नीति, रणनीति कार्यनीति, संरचनागत व्यवस्थाहरू आदिको कार्यान्वयनबाट प्राप्त उपलब्धिहरूको लेखाजोखा गरी कोभिड-१९ पछिको बदलिँदो परिप्रेक्ष्यमा ती नीतिहरूको उपयुक्तता, सान्दर्भिकता र प्रभावकारिताको आधारमा पुनरावलोकन गर्ने,
- राष्ट्रिय वा अन्तरराष्ट्रियस्तरमा प्रचलित नीति पुनवरालोकनको अवधारणा, ढाँचा, विधि, पद्दति, मापदण्ड, कार्यविधि र कार्य प्रवाह ढाँचा अनुरूप यस सम्बन्धी विषयविज्ञ, सरोकारवाला निकायका प्रमुख तथा पूर्व प्रमुखहरू र अन्य प्रमुख जिम्मेवार सूचनादाताहरूसँग तथ्य, तथ्यांक संकलन गरी सो को विश्लेषण गरी साना उद्यम व्यवसाय क्षेत्रले भावी दिनमा अख्तियार गर्नुपर्ने नीति, रणनीति, कार्यनीति तथा कार्यक्रमहरू बारे सुझाव प्रस्तुत गर्ने.
- नीति पुनरावलोकनका क्रममा कार्यक्षेत्रमा उल्लिखित नीति, ऐन, नियमावली निर्देशिका र गुरुयोजनाहरूलाई औद्योगिक क्षेत्रको उपक्षेत्र मानी अध्ययन, समीक्षा र विश्लेषण गर्नुपर्ने छ ।

१.४ अध्ययन विधि:

यस अध्ययनको विधि मूलत: विश्लेषणात्मक रहेको छ। उपलव्ध भएसम्मका विवरण र विश्लेषण दुवै विधि अपनाइएको छ। कायदिशमा उल्लेख भएका नीतिहरू, ऐन, नियमावली, निर्देशिका, कार्यविधिहरू समेतको अध्ययन तथा संक्षिप्त विश्लेषण गरिएको छ । बाह्रौ, तेह्रौ, चौधौ र पन्ध्रौ योजनामा उल्लेख भएका रणनीतिहरूको समीक्षा गरिएको छ । विश्व बैंक, वर्ल्ड इकोनोमिक आउटलुकलगायत केही अन्तरराष्ट्रियस्तर संस्थाको प्रतिवेदन, छिमेकी देशहरू र भारतको उत्तर प्रदेश, हिमान्चल, कर्नाटक र राजस्थानको उद्योग सम्बन्धी नीतिहरूलाई पनि अध्ययनको श्रोत सामग्रीको रूपमा लिईएको छ। उद्योग तथा वाणिज्य संगठनका पदाधिकारी, उद्योग विभाग, उद्योग बाणिज्य तथा आपूर्ति मन्त्रालयको पदाधिकारीहरू र पूर्व सचिव तथा महानिर्देशकहरूको राय तथा विचार लिएको छ। राष्ट्रिय योजना आयोगको माननीय उपाध्यक्ष, सचिव तथा सहसचिवहरूको सुझाव र निर्देशलाई प्रतिवेदनको मुख्य आधारका रूपमा लिईएको छ। यस्तै यसमा उल्लेख गरिएका तथ्यांकहरू द्वितीय स्रोतबाट लिईएको छ । कार्यदिशमा उल्लेख भएका विधिहरू अपनाईएको छ|

१.५ प्रमुख उपलब्धिहरू(Deliverables):

औद्योगिक नीति, २०६७ को पुनरावलोकनसहितको अध्ययन प्रतिवेदन तयार हुनेछ ।

१.६ प्रतिवेदनको ढाँचा:

प्रतिवेदनलाई मुख्य रूपमा चार भागमा प्रस्तुत गरिएको छ। पहिलो भागमा परिचय खण्ड रहेको छ। यसमा मुख्यतया पृष्ठभूमि, अध्ययनको उद्देश्य, मुख्य कार्य तथा क्षेत्र, अध्ययन विधि, अध्ययनको सीमा उल्लेख गरिएको छ। दोश्रो खण्डमा नीति पुनरावलोकनको आवश्यकताबारे उल्लेख गरिएको छ। यस खण्डमा नीति पुनरावलोकनको आवश्यकता, औद्योगिक नीति पुनरावलोकनको सन्दर्भ, नीति अन्तर विश्लेषणका आधार उल्लेख छ। खण्ड तीनमा औद्योगिक नीतिको अवस्था र मूल्यांकनबारे चर्चा गरिएको छ। खण्ड चारमा प्रस्तावित नीतिको उद्देश्य, मुख्य मुख्य नीतिहरू, सिफारिस र निस्कर्ष उल्लेख गरिएको छ।

१.७ अध्ययनको सीमा:

अध्ययनको लागि दोश्रो श्रोतका (secondery source) सूचनाहरूको प्रयोग गरिएको छ। अध्ययनलाई दिइएको समय सीमा र बजेट संरचनाका कारण स्थलगत अध्ययन गर्न सकिएन। नीतिले प्रस्ताव गरेको औद्योगिक क्षेत्र, औद्योगिक करिडोर, विशेष आर्थिक क्षेत्र जस्ता विषयमा स्थलगत अवलोकन गरी वास्तविक स्थिति उल्लेख गर्न सकिएन। यस्तै द्वितीय श्रोतबाट प्राप्त सूचनामा पनि अध्ययनका लागि उपयोगी सूचनाहरूको कमी रह्यो।

खण्ड - दुई
नीति पुनरावलोकन

२.१ नीति पुनरावलोकनको आवश्यकता:

कुनै पनि नीति लामो समयसम्म उत्तिकै उपयोगी नरहन सक्छ । प्रविधि, प्रतिस्पर्धा, नवीनतम आविष्कार, संगठन, संस्कृति, मानवीय मूल्यमान्यता आदिका कारण नीति कार्यान्वयनमा विभिन्न चुनौतीहरू आउने गुन्जायस रहन्छ । तसर्थ, नीतिको समय समयमा पुनरावलोकन हुन जरूरी छ । नीति पुनरावलोकनको आवश्यकता मुख्यतया चार कारणले हुने गर्छ भनिएको छ । पहिलो कारण, कार्यन्वयनमा रहेको नीतिको आवश्यकता अझै छ वा नीति ठीक छ ? दोस्रो, नीति कुनै अरू नीति सँग गाभ्न वा खारेज गर्नुपर्ने अवस्थामा हो ? तेश्रो, नीति र प्रचलित ऐन, कानूनबीच तादम्यता कायम छ वा नीतिमा संशोधन जरूरी छ ? र चौथो कारण भनेको नीतिको कार्यन्वयनमा प्रभावकारिता ल्याउन आवश्यक छ, छैन ? यी प्रमुख कारणबाट नीतिको समय समयमा पुनरावलोकन गरिन्छ । नीतिको पुनरावलोकन कति अवधिमा गर्ने भन्ने एकिन समय निर्धारण भएको छैन तर सार्वजनिक नीति सामान्यतया पाँच वर्षको अवधिभित्र पुनरावलोकन गर्दा यसले नीतिलाई उपयोगी बनाउन मद्दत पुग्दछ ।

२.२ औद्योगिक नीति, २०६७ पुनरावलोकनको सन्दर्भ:

औद्योगिक नीति, २०६७ जारी भएको करिब एक दशक व्यतित भएको छ । यस अवधिमा संविधानसभाको दोश्रो चुनाव भै नेपालको संविधान जारी भएको छ भने मुलुक एकात्मक राज्य प्रणालीबाट संघीय शासन प्रणालीमा गएको छ । नेपालको संविधानको धारा ५१ को खण्ड (घ) मा भएको नीतिगत व्यवस्था र औद्योगिक नीति २०६७ बीचको सामन्जस्यता पनि हेर्न पर्ने भएको छ ।

नीति जारी भएपछि बाह्रौ, तेह्रौ र चौधौ त्रिवर्षीय योजना र पन्ध्रौ पाँच वर्षीय योजना जारी भै त्यस अन्तर्गत विभिन्न रणनीतिहरू जारी भएका कारण औद्योगिक नीतिमा पनि समयानुकूल परिवर्तन आवश्यक देखिएको छ ।

यस अवधिमा मुलुकमा तीन ठूला घटना भएका छन् । पहिलो करिब ८२ वर्षको अन्तरालमा पुन: महाविनाशकारी भूकम्पको प्रलय नेपालले व्यहोर्नु पर्यो । दोस्रो, नेपालको संविधान जारी भएपछि सो उपर भएको असन्तुष्टिको विरोध गर्ने क्रममा मुलुकले करिब चार महिना लामो अघोषित नाकाबन्दीको सामना गर्नुपर्यो। तेस्रो, यी दुई घटनाबाट मुलुकले कोल्टे फेर्न नपाउदै पुन: २०१९ को डिसेम्बेर महिनामा चीनको वुहानमा देखिएको कोरोना प्रजातिको भाइरसको प्रभाव क्रमश: विश्वव्यापी रूपमा पर्न गइ नेपालमा पनि एक वर्ष लामो सीमा आवतजावतमा प्रतिबन्ध, हवाई सेवालगायत सार्वजनिक यातायात सञ्चालनमा रोक र मानिसहरूको आवागमनमा गरिएको

नियन्त्रण तथा उद्योग, व्यवसायमा गरिएको बन्दाबंदीले अर्थतन्त्रमा ल्याएको शिथिलता अर्को चुनौतीको रूपमा आइ पर्यो ।

यस्तै सन् २०३० सम्म हासिल गर्ने दिगो विकासको लक्ष्यमध्ये लक्ष्य ८ र १३ हासिल गर्ने सम्बन्धमा मूल्यांकन हुनुपर्ने देखिन्छ। यी सबै कारणहरूबाट औद्योगिक नीति, २०६७ को व्यवस्था अझै सान्दर्भिक छ वा यसमा पुनरावलोकनको जरूरी छ भनी हेर्न आवश्यक भएको छ । राष्ट्रिय योजना आयोगबाट यस नीति पुनरावलोकनको लागि भएको प्रयास सान्दर्भिक देखिएको छ ।

२.३ नतिजामा आधारित नीति पुनरावलोकन:

सार्वजनिक नीति पुनरावलोकन नतिजामा आधारित मूल्यांकन पद्धतिकै रूपमा लिने गरेको पाइन्छ । सार्वजनिक विज्ञानमा प्राकृतिक विज्ञानमा जस्तो नीति कार्यान्वयन र प्राप्त उपलब्धीबीच कारण र प्रभाव स्थापना गर्न गाह्रो हुन्छ । औद्योगिक नीतिका कतिपय विषयहरूको कार्यान्वयनमा अन्य निकायको पनि महत्वपूर्ण भूमिका हुने भएकोले झट्ट हेर्दा यो विषय उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयसँग सम्बन्धित देखिए पनि अन्तर सम्बन्धित विषय हो । यसका साथै नीति नै नभएको अवस्थामा पनि कतिपय लक्ष्य वा उद्देश्यहरू हासिल भएको हुनसक्ने र नेपालको सन्दर्भमा नीति तर्जुमा गर्दा तत्कालीन अवस्थाको आधार तथ्यांक र परिमाणात्मक लक्ष्य नतोकिने हुँदा नीति ल्याएको कारणबाट के कति उपलब्धि हासिल भयो भनी यकिन गर्न नसकिने भएकोले यसको मूल्यांकनमा मूलत: विश्लेषणात्मक पद्दति अपनाईएको छ ।

२.४ नीति अन्तर विश्लेषण:

लेखक मोइरा अलेक्जान्दर (Moira Alexander) ले नीति अन्तर विश्लेषण भन्नाले कुनै संस्थाले अहिले भैरहेको अवस्था र जान चाहेको अवस्था बीचको फरक पत्ता लगाई संस्थाले हासिल गर्ने उद्देश्यका लागि सहयोग गर्नु हो भन्नु भएको छ । उहाले नीति अन्तर विश्लेषण गर्न ६ वटा मुख्य प्रक्रिया(स्टेप) हुन्छ भनेका छन् ती हुन:

- नीति विश्लेषणका लागि आवश्यक सूचनाहरू संकलन,
- हालको अवस्थाको पहिचान,
- संगठनले राखेको लक्ष्य,
- हासिल गर्न खोजेको लक्ष्य र हालको अवस्थाबीचको अन्तर पत्ता लगाउने,
- अब संगठनले हासिल गर्ने लक्ष्य र उद्देश्यहरू प्रस्ताव, र
- प्रस्तावित उद्देश्यका आधारमा अन्तर घटाउन रणनीति र क्रियाकलापहरूको सिफारिस ।

यस्तै पिएरे लोकंते (Pierre Leconte)ले पनि नीति अन्तर विश्लेषणलाई संगठनले हासिल गर्न चाहेको लक्ष्यमा हाल कुन अवस्थामा छ भनी नीतिको परिक्षण र जांच गर्नु हो भनेका छन् । उनका अनुसार नीति अन्तर विश्लेषण गर्दा ४ वटा काम गर्नुपर्ने उल्लेख छ:

- अहिलेको अवस्थाको पहिचान गर्ने,
- संगठनले हासिल गर्न चाहेको लक्ष्य पहिचान गर्ने,
- अन्तर पत्ता लगाउने, र
- अन्तर कम गर्न उपयुक्त उपाय सिफारिस गर्ने वा पहिल्याउने ।

तसर्थ यस औद्योगिक नीतिको पुनरावलोकन गर्दा सकभर उपर्युक्त विधि अपनाइने छ ।

खण्ड ३

औद्योगिक नीतिको अवस्था र मूल्यांकन

३.१ नेपालको औद्योगिक नीतिको संक्षिप्त इतिहास:

औद्योगिक नीति, २०६७ अघि औद्योगिक नीति, २०४९ जारी भएको थियो । औद्योगिक नीति, २०४९ अगाडि मुलुकले स्वदेशी उद्योगलाई संरक्षण गर्ने नीति राखेको पाइन्छ । सो अवधिमा स्पष्ट रूपमा नीति जारी भएको प्रमाण उपलब्ध भएको देखिएन । वि. सं २०४७ सालपछि खुला अर्थतन्त्रको नीति लिएसँगै वि. सं. २०४९ सालमा औद्योगिक नीति, २०४९ र व्यापार नीति, २०४९ एकै पटक आएको देखिन्छ । औद्योगिक नीति, २०४९ ले तीन वटा विषयलाई प्राथमिकतामा राखेको र सोही आधारमा औद्योगिक व्यवसाय ऐन, विदेशी लगानी तथा प्रविधि हस्तानतरण ऐन र एकद्वार नीतिलाई समेटेको थियो । औद्योगिक नीति, २०४९ लाई औद्योगिक नीति, २०६७ ले विस्थापन गरे पनि वाणिज्य नीति, २०४९ भने वि. सं. २०७२ सालमा मात्र परिवर्तन भयो । यस अघि दुवै नीति एकै पटक संशोधन भएकोमा उद्योग र वाणिज्य मन्त्रालय अलग अलग भएपछि भने यसले निरन्तरता पाएन ।

औद्योगिक नीति, २०४९ जारी भएको करिब दुई दशकपछि मात्र औद्योगिक नीति, २०६७ जारी भएको छ । करिव दुई दशक पछि आएको नीति भने २०६२/६३ को जनाआन्दोलन पश्चात र मुलुक राजतन्त्रात्मक व्यवस्थाबाट गणतन्त्रमा प्रवेश गरेको समयको सन्दर्भमा आएको थियो । लामो समय पश्चात आएको उक्त नीति बदलिँदो समय अनुरूप औद्योगिक नीति तय गर्ने प्रमुख ध्येयका साथ जारी भएको देखिन्छ । यस नीतिको दीर्घकालिन लक्ष्य यस प्रकार रहेको थियो:

"सार्वजनिक, निजी र सहकारी क्षेत्रको प्रभावकारी, समन्वयात्मक र सामन्जस्यपूर्ण सहकार्यमा दिगो एवं बृहत आधारसहितको औद्योगिक विकासको माध्यमबाट राष्ट्रिय अर्थतन्त्रमा उल्लेख्य योगदान पुर्याई गरिवी निवारणमा सघाउ पुर्याउने ।"

यस्तै उक्त नीतिले देहायका उद्देश्यहरू राखेको थियो:

- गुणस्तरीय तथा प्रतिस्पर्धात्मक औद्योगिक उत्पादन एवं उत्पादकत्व अभिवृद्धि बाट राष्ट्रिय आय र रोजगारीमा बढोत्तरीसहित औद्योगिक वस्तुको निर्यात बढाउने ।
- स्थानीय श्रोत, कच्चा पदार्थ, सीप र साधनको परिचालन गरी सन्तुलित राष्ट्रिय तथा क्षेत्रीय विकासमा उद्योग क्षेत्रको योगदान बढाउने ।
- नवीनतम प्रविधि एवं वातावरणमैत्री उत्पादन प्रकृयालाई प्रयोग गरी उद्योग व्यवसायलाई दिगो एवं भरपर्दो क्षेत्रको रूपमा स्थापित गर्ने ।
- औद्योगिक विकासका लागि आवश्यक उत्पादनशील जनशक्ति तथा व्यवस्थापकीय क्षमताको विकास गर्दै सबल लगानीको आधार खडा गरी नेपाललाई दक्षिण एसिया क्षेत्र तथा विश्वकै आकर्षक लगानीस्थलको रूपमा स्थापित गर्ने ।

- औद्योगिक बौद्धिक सम्पत्ति अधिकारको संरक्षण गर्ने

३.२ औद्योगिक नीति, २०६७:

औद्योगिक नीति, २०६७ ले लिएका माथि उल्लिखित पाँच उद्देश्य अन्तर्गत उद्देश्य १ सँग सम्वन्धित पाँच वटा नीति, उद्देश्य २ सँग सम्वन्धित तीन वटा नीति, उद्देश्य ३ सँग सम्वन्धित २ वटा नीति, उद्देश्य ४ सँग सम्बन्धित ७ वटा नीति र उद्देश्य ५ सँग सम्वन्धित २ वटा नीति गरी १९ वटा नीतिहरू प्रस्तावित गरिएका छन् भने बुँदा ९ अन्तर्गत पुनः लघु उद्यम, घरेलु तथा साना उद्योग सम्बन्धी विशेष नीतिगत व्यवस्था अन्तर्गत १० वटा विशेष नीतिहरू प्रस्ताव भएको छ । यस्तै नीति हासिल गर्ने सम्बन्धमा नीतिलाई कार्यान्वियन गर्ने रणनीतिको सट्टा उद्देश्य नै हासिल गर्ने गरी रणनीतिहरू प्रस्ताव गरिएको छ । यस अन्तर्गत उद्देश्य १ हासिल गर्न ९ वटा रणनीति, उद्देश्य २ हासिल गर्न ७ वटा रणनीति, उद्देश्य ३ हासिल गर्न १ वटा रणनीति, उद्देश्य ४ हासिल गर्न २० वटा रणनीति र उद्देश्य ५ हासिल गर्न ३ वटा रणनीति गरी ४० वटा रणनीतिहरू उल्लेख गरिएको छ । लघु उद्यम, घरेलु तथा साना उद्योग सम्बन्धी २५ वटा विशेष रणनीति तय गरिएको देखिएको छ ।

३.३ नीति कार्यान्वयनको अवस्था:

औद्योगिक नीति कार्यन्वयनको अवस्था बारे तल चर्चा गरिएको छ :

(क) उद्योगको वर्गीकरण

नीतिले औद्योगिक व्यवसायलाई कुनै व्यक्ति, फर्म वा कम्पनीले आय आर्जन गर्ने उद्देश्य लिई वस्तु उत्पादन वा सेवा प्रदान गर्ने आर्थिक क्रियाकलापलाई मानेको छ भने औद्योगिक व्यवसाय ऐन, २०६३ ले भने त्यस्तो कुनै परिभाषा राखेको पाइदैन । नीति जारी भए पछि आएको ऐनमा औधोगिक व्यवसायको परिभाषा नसमेटिनु शायद शब्द आफै प्रस्ट छ भन्ने विधायिकी मनसाय भएर होला भन्ने अनुमान गर्न सकिन्छ । नीति र ऐन बीचको कार्यान्वयनको अवस्था विश्लेषण गर्दा औद्योगिक ऐन, २०७६ ले औद्योगिक नीतिले प्रस्ताव गरेको भन्दा बढी नै विषयहरूलाई समेटेको देखिन्छ । ऐनले लघु उद्यम लगायत सबै प्रकारका उद्योगको पुँजी सीमामा नीतिले प्रस्ताव गरे भन्दा बढी नै रकम प्रस्ताव गरेको देखिन्छ भने नीतिले प्रस्ताव गरेको पाँच प्रकारको उद्योगमध्ये परम्परागत तथा अन्य घरेलु उद्योगको वर्गीकरणको सट्टा घरेलु उद्योग उल्लेख गरी सो भित्र परम्परागत सीप र प्रविधिलाई पनि समेटी पाँच प्रकारका उद्योग प्रस्ताव गरेको पाइन्छ । यसलाई तल तालिका १ मा तुलनात्मक रूपमा राखिएको छ ।

३.३.१ तालिका १: औद्योगिक नीति तथा औद्योगिक व्यवसाय ऐन, २०७३ तथा २०७६ को नीतिमा उल्लेख भएका विषय र ऐनमा समावेश भएका विषयको तुलना

उद्योगको प्रकार	औद्योगिक नीति, २०६७	औद्योगिक व्यवसाय ऐन, २०७३	औद्योगिक व्यवसाय ऐन, २०७६
लघु उद्यम घर जग्गा बाहेक (रु लाखमा)	२	५	२०
परम्परागत तथा अन्य घरेलु उद्योग	उल्लेख नभएको	-	-
घरेलु उद्योग	-	पुँजी उल्लेख नभएको	पुँजी उल्लेख नभएको
साना उद्योग (रु करोड)	५	५ देखि १०	१५ करोड सम्म
मझौला उद्योग(रु करोड)	१५	१० देखि २५	५० करोड सम्म
ठुला उद्योग(रु करोड)	१५ भन्दा माथि	२५ भन्दा माथि	५० करोड माथि

उपरोक्त आधारबाट हेर्दा उद्योगहरूको सीमा नीतिले प्रस्ताव गरे भन्दा ३०० गुणाले बढेको पाइन्छ । उपभोक्ता मूल्य सूचीका आधारबाट हेर्ने हो भने उक्त अवधिमा उपभोक्ता मूल्य सूचीमा ३०० गुणाले परिवर्तन भएको छैन ।

(ख) उद्योगको प्रकार

नीतिले उद्योगको उत्पादन तथा सेवाको आधारमा उद्योगलाई ९ प्रकारमा वर्गीकरण गर्न प्रस्ताव गरेकोमा निकासी उद्योगमा वर्गीकरण गर्ने विषयलाई ऐनले समेटेको छैन । तर औद्योगिक ऐन २०७६ मा ४० प्रतिशत उत्पादन निकासी गर्ने उद्योगलाइ निकासी उद्योग भनेको छ । प्राथमिकता प्राप्त उद्योग भनी नीतिले अनुसूची ७ मा उल्लेख भएका १० प्रकारका उद्योगहरूलाई समेटेकोमा नीतिको क्रमसंख्या ८ अन्तर्गतको सार्वजनिक परिवहन व्यवसाय, शीतभण्डार निर्माण लगायतलाई प्राथमिकताका सूचीमा समावेश गरेको पाइएन ।

(ग) छुट, सुविधा वा सहुलियत

औद्योगिक व्यावसाय ऐन, २०७३ ले परिच्छेद ५ मा उद्योगलाई प्रदान गरिने छुट, सुविधा वा सहुलियतअन्तर्गत आयकर, मूल्य अभिवृद्धि कर, भन्सार महसुल सम्वन्धि छुट, सुविधा सहुलियतलाई उल्लेख गरेकोमा सो व्यवस्थालाई औद्योगिक व्यावसाय ऐन, २०७६ ले पनि समेटेको छ । यस्तै आयकर ऐन, मूल्य अभिवृद्धि कर ऐन, भन्सार ऐनमा पनि कर सहुलियतको विषय समेटिएको छ जसमध्ये आयकर ऐनमा समावेश भएको विषयलाई तल तालिका २ मा उल्लेख गरिएको छ:

३.३.२ तालिका २ : औद्योगिक नीति तथा आयकर ऐनमा भएका कर सम्बन्धि प्रावधान

औद्योगिक नीति २०६७	**आयकर ऐन - २०५८**
	करका दरहरू **अनुसूची - १** **निकायको सम्बन्धमा :** (१) यस दफाको उपदफा (२), (३), (५) र (७) को अधिनमा रही कुनै आय वर्षमा कुनै निकायको करयोग्य आयमा २५% ले कर लाग्नेछ । (२) कुनै आय वर्षमा कुनै बैङ्क वित्तीय संस्था, सामान्य बीमा व्यवसाय वा दुरसञ्चार र इन्टरनेट सेवा, मुद्रा हस्तान्तरण (Money Transfer), पुँजी बजार व्यवसाय, धितोपत्र व्यवसाय, Merchant Banking व्यवसाय, Commodity Future Market, धितोपत्र र कमोडिटी दलाल व्यवसाय, चुरोट, बिंडी, सिगार, खानेसुर्ती, खैनी, गुट्खा, पानमसला, मदिरा, बियरको कारोबार गर्ने वा नेपाल पेट्रोलियम ऐन, २०४० बमोजिम पेट्रोलियम कार्य गर्ने निकायको कर योग्य आयमा ३०% का दरले कर लाग्नेछ । **स्पष्टीकरण** :-पेट्रोलियम कार्यको हकमा "कर योग्य आय" भन्नाले पेट्रोलियम सम्झौतामा उल्लिखित कार्यविधि तथा यो ऐन तथा अन्तर्गत बनेको नियम बमोजिम निर्धारण भएको कर योग्य आय सम्झनु पर्छ । (३) **सहकारी ऐन, २०७४** बमोजिम दर्ता भएको सहकारी संस्थाले कर छुट हुने कारोबार बाहेकको कारोबार गरेमा देहाय बमोजिमका दरले कर लाग्नेछ :-
१०.२५ **सहकारी** संस्थाले स्थापना गर्ने उद्योगहरूलाई कर सहुलियतको माध्यमबाट प्रोत्साहन गरिनेछ । १७.१९ सहकारीको रूपमा स्थापना गरिने तोकिएका उद्योगहरूको	(क) नगरपालिका क्षेत्रभित्र सञ्चालन भएको ५% (ख) उपमहानगरपालिका क्षेत्रभित्र सञ्चालन भएको ७%

आयमा लाग्ने आयकरको दर सामान्य आयकरको दरभन्दा ५०% कम हुने व्यवस्था गरिने छ।	(ग) महानगरपालिका क्षेत्रभित्र सञ्चालन भएको १०% (३ ख) सार्वजनिक गुठी अन्तर्गत दर्ता भई सञ्चालित विद्यालय, महाविद्यालयको करयोग्य आयमा २०% को दरले कर लाग्नेछ। (५) कुनै आय वर्षमा कुनै मृत बासिन्दा व्यक्तिको सम्पत्ति प्राप्त गर्ने वा रेखदेख गर्ने वा असक्त बासिन्दा प्राकृतिक व्यक्तिको ट्रष्टको करयोग्य आयमा त्यस्तो सम्पत्ति प्राप्त गर्ने वा रेखदेख गर्ने वा त्यस्तो ट्रष्टलाई बासिन्दा प्राकृतिक व्यक्ति सरह मानी यस अनुसूचीको दफा १ को उपदफा (१) र उपदफा (४) बमोजिम कर लाग्नेछ। (६) कुनै आय वर्षमा कुनै गैर बासिन्दा व्यक्तिको नेपालस्थित विदेशी स्थायी संस्थापनले विदेश पठाएको आयमा ५% का दरले कर लाग्नेछ। (७) कुनै आय वर्षमा ऐनको दफा ७० मा उल्लिखित आयको सम्बन्धमा कुनै गैर बासिन्दा व्यक्तिको करयोग्य आयमा ५% का दरले कर लाग्नेछ। तर नेपालबाट अर्को विदेशी मुलुकमा पुग्नेगरी प्रस्थान नहुने जल यातायात, हवाई यातायात वा दुरसञ्चार सेवा उपलब्ध गराउने गैर बासिन्दा व्यक्तिको हकमा २% का दरले कर लाग्नेछ। ११.२) **सहकारी** ऐन २०७४ बमोजिम दर्ता भई सञ्चालन भएको कृषि वा वन पैदावारमा आधारित रेशम खेती तथा रेशम उत्पादन, फलफूल खेती, उत्पादन तथा फलफूल प्रशोधन, पशुपालन, डेरी उद्योग, कुखुरापालन, मत्स्यपालन, चिया खेती तथा प्रशोधन, कफी खेती तथा प्रशोधन, जडिबुटी खेती तथा प्रशोधन, तरकारीका बीउबिजन उत्पादन, मौरीपालन, मह उत्पादन, रबर खेती, कबुलियत वन एग्रोफरेष्ट्रि आदि व्यावसायिक वनसम्बन्धी व्यवसायहरू जस्ता कृषि तथा वनजन्य उद्योगहरू, तरकारी भण्डारणका लागि स्थापित शीतभण्डार, कृषिसम्बन्धी बीउविजन, पशुआहार, दाना, कीटनाशक औषधि, मल तथा कृषि औजार (यान्त्रिक शक्तिबाट चल्ने बाहेक)को कारोबार गर्ने सहकारी संस्था तथा गाउँपालिकाको क्षेत्रमा सञ्चालित वित्तीय कारोबार गर्ने सहकारी संस्था वा संघको आयमा कर लाग्ने छैन। यस्तो संस्था वा संघले वितरण गरेको लाभांशमा समेत कर लाग्ने छैन। (२ क) गाउँपालिकाको क्षेत्रमा सञ्चालित लघुवित्तसंस्था, ग्रामिण विकास बैंक, हुलाक बचत बैंक र उपदफा (२) बमोजिमका सहकारीमा जम्मा गरेको निक्षेपबाट आर्जित वार्षिक २५,०००/- सम्मको व्याज आयमा कर लाग्ने छैन।
१७.१ सबै प्रकारका सूर्ती र मदिराजन्य पदार्थ उत्पादन गर्ने उद्योग र कत्था उद्योगबाहेक अन्य **विशेष उद्योगबाट** आर्जित आयमा लाग्ने करको कर्पोरेट दरमा ५% बिन्दुले कम हुनेछ।	(क) "कृषि व्यवसाय" भन्नाले सार्वजनिक वा निजी जमिनबाट बालीनाली उत्पादन गर्ने वा जमिन प्रयोग गर्ने मोहीबाट कूत वा बाली प्राप्त गर्ने व्यवसाय सम्झनु पर्छ ग) **"विशेष उद्योग"** भन्नाले चुरोट, बिंडी, सिगार, खाने सूर्ती, खैनी, गुटका, पान मसला, मुख्य कच्चा पदार्थ सूर्ती भएको सोही प्रकृतिका अन्य उत्पादनहरू, मदिरा, बियर तथा यस्तै प्रकारका वस्तु उत्पादन गर्ने उद्योगबाहेक औद्योगिक व्यवसाय ऐन, २०७६ को दफा १७ को **उपदफा (२) मा वर्गीकरण गरिएका उत्पादनमूलक कृषि तथा वन पैदावारमा आधारित उद्योग र खनिज उद्योग सम्झनु पर्छ।** ११.२(ख)कुनै आय वर्षमा वर्षभरि पूर्णरूपले सञ्चालनमा रहेको **विशेष उद्योगबाट** भएको आयमा लाग्ने करमा

१७.८ अनुसूची ४ मा **उल्लेख भएका सूचना तथा सञ्चार प्रविधि उद्योग** सूचना प्रविधि पार्कभित्र स्थापना गरेमा लाग्ने आयकरको ५०% छुट हुनेछ । १७.९ कुनै साना उद्योगले न्यूनतम ६ महिनाभन्दा बढी १०० जनाभन्दा बढी नियमित स्वदेशी कामदार, मझौला उद्योगले २०० जना र ठूला उद्योगले ५०० जनाभन्दा बढी व्यक्तिलाई प्रत्यक्ष रोजगारी दिएमा त्यस्ता उद्योगले त्यस वर्ष लाग्ने आयकरमा थप २५% छुट पाउनेछ । साथै त्यस्ता उद्योगले प्रत्यक्ष रोजगारी दिने संख्याको ५०% स्वदेशी महिला वा दलित वा अपाङ्गता भएका व्यक्ति कामदारहरूलाई प्रत्यक्ष रोजगारी दिएमा त्यस्ता उद्योगले त्यस वर्षमा लाग्ने आयकरमा ४०% छुट पाउनेछ ।	देहायबमोजिम छुट हुनेछ :- (क) बासिन्दा प्राकृतिक व्यक्तिको आयमा ३०% का दरले कर लागेको रहेछ भने सो करमा एक तिहाईले, (ख) निकायको आयमा लाग्ने करमा २०% ले, (ग) खण्ड (क) वा (ख) बमोजिमको सुविधा पाएका व्यक्तिले यस दफा बमोजिम अर्को कुनै कर छुट सुविधा पाउने रहेछ भने सो कर छुट सुविधा समेत पाउनेछ । (११.३ढ) स्वदेशी चिया उत्पादन र प्रशोधन, दुग्ध पदार्थको कारोबार गर्ने डेरी उद्योग र कपडा उत्पादन गर्ने उद्योगले आफ्नो उत्पादन बिक्री गरी प्राप्त गरेको आयमा लाग्ने आयकरको दरमा २५% ले छुट हुनेछ । ११.३ कुनै व्यक्तिलाई कुनै आय वर्षमा **विशेष उद्योग र सूचना प्रविधि उद्योगबाट** भएको आयमा देहाय बमोजिम कर लगाइनेछ :- (क) १०० वा सोभन्दा बढी नेपाली नागरिकलाई वर्षभरि नै प्रत्यक्ष रोजगारी दिएमा सो वर्षको आयमा लाग्ने करको ९०%, ३०० वा सोभन्दा बढी नेपाली नागरिकलाई वर्षभरि नै प्रत्यक्ष रोजगारी दिएमा सो वर्षको आयमा लाग्ने करको ८०%, ५०० वा सोभन्दा बढी नेपाली नागरिकलाई वर्षभरि नै प्रत्यक्ष रोजगारी दिएमा सो वर्षको आयमा लाग्ने करको ७५%, १००० वा सोभन्दा बढी नेपाली नागरिकलाई वर्षभरि नै प्रत्यक्ष रोजगारी दिएमा सो वर्षको आयमा लाग्ने करको ७०%, तर महिला, दलित वा अपाङ्गहरूमध्ये कम्तीमा ३३% लाई समेत समावेश गरी १०० जनाभन्दा बढी नेपाली नागरिकलाई वर्षभरि प्रत्यक्ष रोजगारी दिएमा तिर्नुपर्ने कर रकममा थप १०% छुट हुने,
१७.२ सबै प्रकारका सूर्ती र मदिराजन्य पदार्थ उत्पादन गर्ने उद्योग र कत्था उद्योगबाहेक **अनुसूची ९ मा उल्लेखित अति अविकसित क्षेत्रमा स्थापित उद्योगले** कारोबार सुरु गरेको मितिले १० वर्षसम्म लाग्ने आयकर ९०% छुट पाउनेछ । १७.३ सबै प्रकारका सूर्ती र मदिराजन्य पदार्थ उत्पादन गर्ने उद्योग र कत्था उद्योगबाहेक **अनुसूची १० मा उल्लेखित भएका अविकसित क्षेत्रमा स्थापित उद्योगलाई** कारोबार सुरु गरेको मितिले १० वर्षसम्म ८०% आयकर छुट हुनेछ । १७.४ सबै प्रकारका सूर्ती र मदिराजन्य पदार्थ उत्पादन गर्ने उद्योग र कत्था उद्योगबाहेक अन्य **अनुसूची ११ मा उल्लेख भएका कम विकसित क्षेत्रमा स्थापित उद्योगलाई** कारोबार सुरु गरेको मितिले १० वर्षसम्म ७०% आयकर छुट हुनेछ । १७.५ **अनुसूची ९ मा उल्लेख भएका जिल्लामा स्थापित फलफूलमा आधारित बढीमा १२% सम्म अल्कोहल कन्टेन्ट भएका सइडर एवम् वाइन उत्पादन** गर्ने उद्योगलाई समेत कारोबार सुरु गरेको मितिले १० वर्षसम्म ४०% आयकर छुट हुनेछ । १७.३७ अति विकसित क्षेत्रमा उद्योग स्थापना गर्न सहकारी **र लघुउद्यम** तथा घरेलु तथा साना उद्योगलाई बीऊ पुँजीको (Seed Capital) रूपमा अनुदान उपलब्ध गराउने व्यवस्था गरिनेछ । १९.३.१(घ) अनुसूची ९ मा उल्लेख भएका अति अविकसित क्षेत्रभित्र स्थापित विशेष आर्थिक क्षेत्रका उद्योगले कारोबार सुरु गरेको मितिले १० वर्षसम्म १००% आयकर छुट पाउनेछ, साथै त्यसपछिका १० वर्षसम्म त्यस्ता उद्योगले तिर्नुपर्ने आयकरमा ५०% छुट हुनेछ ।	(ख) **"अति अविकसित", "अविकसित" र "कम विकसित क्षेत्र" भन्नाले** औद्योगिक व्यवसाय ऐन, २०७६ को अनुसूची- १० मा उल्लेखित क्षेत्र सम्झनु पर्छ । ११.३(ख) **अति अविकसित, अविकसित, कम विकसित, क्षेत्रहरूमा विशेष उद्योग** सञ्चालन भएको भए त्यस्तो उद्योगले व्यावसायिक उत्पादन वा कारोबार सुरु गरेको मितिले १० वर्षसम्म उक्त वर्षहरूको आयमा लाग्ने करको क्रमशः १०, २० र ३०%, (ग) १ अर्बभन्दा बढीको पुँजी लगानीमा स्थापना हुने र ५०० भन्दा बढीलाई वर्षभरि नै प्रत्यक्ष रोजगारी प्रदान गर्ने विशेष उद्योग र पर्यटन उद्योग (क्यासिनो बाहेक)लाई कारोबार सुरु गरेको मितिले ५ वर्षसम्म पूर्णरूपमा आयकर छुट दिई त्यसपछिको ३ वर्षसम्म लाग्ने करको ५०%, तर हाल सञ्चालनमा रहेका त्यस उद्योगले कम्तीमा २५% जडित क्षमता वृद्धि गरी २ अर्ब रुपैयाँ पुँजी पुर्‍याई ३०० भन्दा बढीलाई वर्षभरि नै प्रत्यक्ष रोजगारी प्रदान गरेमा त्यसरी क्षमता वृद्धिबाट प्राप्त भएको आयमा ५ वर्षसम्म पूर्णरूपमा आयकर छुट दिई त्यसपछिको ३ वर्षसम्म लाग्ने करको ५०% । ११.३ (ज) **अति अविकसित क्षेत्र र अविकसित क्षेत्रमा स्थापित फलफूलमा आधारित ब्राण्डी, साइडर एवं वाइन उत्पादन गर्ने उद्योगलाई कारोबार सुरु** गरेको मितिले १० वर्षसम्म क्रमशः ४० र २५% आयकर छुट हुनेछ ।
१७.६ सबै प्रकारका सूर्ती र मदिराजन्य पदार्थ उत्पादन गर्ने उद्योग र कत्था उद्योगबाहेक **अनुसूची ७ मा उल्लेख भएका प्राथमिकता**	**(३ ख) खनिज, पेट्रोलियम पदार्थ, प्राकृतिक ग्याँस तथा इन्धन अन्वेषण तथा उत्खनन गर्ने कारोबार** गर्ने व्यक्तिले सम्बत्

प्राप्त उद्योगमध्ये जलविद्युत उत्पादन तथा वितरण, खनिज उत्खनन्, स्थानीय कच्चा पदार्थ प्रयोग गरी क्लिङ्कर वा क्लिङ्कर बनाई सिमेन्ट उत्पादन गर्ने (सिमेन्ट उद्योग) पेट्रोलियम तथा प्राकृतिक ग्याँस अन्वेषण तथा उत्खनन् उद्योगलाई कारोबार सुरु गरेको मितिले ७ वर्षसम्म आयकरमा ९०% छुट दिइनेछ । १७.३३ कुनै प्राथमिकता प्राप्त उद्योग वा नेपालमा स्वीकृत पेटेन्टको प्रविधि प्रयोग गरी सो अनुरूप स्थापना भएका उद्योगहरूलाई औद्योगिक प्रवर्द्धन बोर्डको सिफारिसमा नेपाल सरकारको निर्णयले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी थप सुविधा दिन सकिनेछ । १७.३२ उद्योगले आफ्नै प्रयोजनको लागि उत्पादन गरेको विद्युतमा रोयल्टी लाग्ने छैन । साथै उद्योगले विद्युत शक्ति बिक्री गर्न चाहेमा बजारमा प्रचलित दरमा राष्ट्रिय ग्रीडमा जोड्न दिने व्यवस्था गरिनेछ । १७.४५ खनिज जन्य उद्योगको विकास र प्रवर्द्धनका लागि उद्योग र खानी क्षेत्रसम्मको पहुँच सडक निर्माण एवं विद्युत प्रसारण लाइन विस्तार तथा विद्युत सेवाका लागि भौतिक पूर्वाधार निर्माण गर्न विशेष कार्यक्रम तथा बजेटको व्यवस्था सरकारले गर्नेछ ।	२०८० साल चैत्र महिनासम्म व्यापारिक रूपमा कारोबार सञ्चालन गरेमा कारोबार सञ्चालन गरेको मितिले ७ वर्षसम्म पुरै आयकर छुट पाउनेछ र त्यसपछिको ३ वर्षसम्म ५०% आयकर छुट पाउनेछ । (३ ग) नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेको प्राणीशास्त्रसम्बन्धी(जुलोजिकल) भूशास्त्र सम्बन्धी (जियोलोजिकल), जीवप्रविधि सम्बन्धी (बायोटेक) पार्क सञ्चालन, प्रविधि पार्क र सूचना प्रविधि पार्कभित्र स्थापित Software विकास, तथ्याङ्क प्रशोधन, साइबर क्याफे, डिजिटल म्यापिङ्गसम्बन्धी उद्योगको आयमा लाग्ने करको ५०% छुट हुनेछ । (३घ) सम्बत् २०८० साल चैत्र महिनासम्म जलविद्युत को व्यापारिक रूपमा उत्पादन,प्रशारण, वा वितरण सुरु गर्ने अनुमति प्राप्त व्यक्ति वा निकायले जलविद्युत को व्यापारिक उत्पादन सुरु गरेको मितिले पहिलो १० वर्षसम्म पुरै आयकर छुट पाउनेछ र त्यसपछिको ५ वर्षसम्म ५०% आयकर छुट पाउनेछ । त्यस्तो सुविधा सौर्य, वायु तथा जैविक पदार्थबट उत्पादन हुने विद्युतले समेत पाउनेछ । तर यो उपदफा प्रारम्भ भएका बखत व्यापारिक उत्पादन प्रारम्भ गरिसकेका अनुमतिपत्र प्राप्त व्यक्तिको हकमा अनुमतिपत्र प्राप्त गर्दाको बखतको व्यवस्था कायम रहनेछ । (३ च) कुनै निकायले देहायबमोजिम कार्य गरी सोबाट प्राप्त आयमा व्यापारिक कारोबार सञ्चालन गरेको मितिले १० वर्षसम्म लाग्ने करमा देहायबमोजिम छुट हुनेछ :- (क) ट्राम वा ट्रलिबस सञ्चालन गरेमा ४०%, (ख) रोपवे, केवलकार, आकासे पुल निर्माण गरी संचालन गरेमा ४०%, (ग) सडक, पुल, सुरुङ्ग मार्ग, टनेल, रेल्वे, विमानस्थल निर्माण गरी सञ्चालन गरेमा ५०% । (३ छ) धितोपत्र बजारमा सूचीकृत भएका उत्पादनमूलक, पर्यटन सेवा, जलविद्युत उत्पादन, वितरण तथा ट्रान्समिसन गर्ने र दफा ११ को उपदफा (३ ग) मा उल्लेख भएका निकायहरूलाई लाग्ने करमा १५% लेछुट हुनेछ । (३थ) कुनै आय वर्षमा कुनै निकायले सार्वजनिक पूर्वाधार संरचनाको निर्माण तथा सञ्चालन गरी नेपाल सरकारलाई हस्तान्तरण गर्ने जस्ता आयोजनाहरू र विद्युत गृह निर्माण, उत्पादन र प्रसारण गरेमा त्यस्तो निकायलाई सो निकायको कर योग्य आयमा लाग्ने करमा २०% ले छुट हुनेछ । (३ ट) २ अर्ब रुपैयाँभन्दा बढीको पुँजी लगानीमा स्थापना हुने पर्यटन क्षेत्रसँग सम्बन्धित उद्योग वा अन्तर्राष्ट्रिय उडान सञ्चालन गर्ने हवाई कम्पनीलाई कारोबार सुरु गरेको मितिले ५ वर्षसम्म पूर्णरूपमा र त्यसपछिको ३ वर्षसम्म लाग्ने आयकरको दरमा ५०% छुट हुनेछ । (३ ठ) विशेष उद्योग र पर्यटन क्षेत्रसँग सम्बन्धित उद्योगले आफ्नो सञ्चित मुनाफालाई सोही उद्योगको क्षमता विस्तारको लागि शेयरमा पुँजीकरण गरेका अवस्थामा त्यस्तो पुँजीकरणमा लाभांश वितरण स्वरूप लाग्ने लाभांश करमा १००% छुट हुनेछ । **(११ क) पूर्वाधार संरचनाको निर्माण तथा सञ्चालनमा लाग्ने कर :** पूर्वाधार संरचनाको निर्माण तथा सञ्चालन गर्नका लागि नेपाल सरकार र कुनै व्यक्तिका बीच कुनै सम्झौता भएमा

	त्यस्तो सम्झौता गर्दाका बखत कायम रहेको ऐनले व्यवस्था गरेको करका सुविधाहरू त्यस्तो पूर्वाधार निर्माण तथा सञ्चालन गर्ने व्यक्तिले सम्झौता अवधिभर उपभोग गर्न पाउने छ ।
१९ विशेष आर्थिक क्षेत्रसम्बन्धी विशेष व्यवस्था १९.२ पूर्वाधारसहितको औद्योगिक क्रियाकलाप बढाउन तथा सोको माध्यमबाट लगानी प्रवर्द्धन, उत्पादन वृद्धि, निर्यात प्रवर्द्धन र रोजगारी सृजनामा सघाउ पुऱ्याउन विशेष आर्थिक क्षेत्रको स्थापना, पूर्वाधार संरचनाको विकास, व्यवस्थापन र सञ्चालन पूर्ण सरकारी स्तरमा, सार्वजनिक निजी सहकार्यमा र पूर्णरूपमा निजी क्षेत्रले समेत गर्न सक्ने गरी कानुनी तथा संस्थागत व्यवस्था गरिनेछ । **१९.३ विशेष आर्थिक क्षेत्रमा स्थापित उद्योगले देहायका सुविधा तथा सहुलियतहरू पाउने छन् :** **१९.३.१ आयकर छुट** : (क) पूर्वाधार संरचनामा लगानी गर्ने लगानीकर्ताले पूर्वाधार संरचना सञ्चालन गरेको वा इजाजतपत्र वालाले उत्पादनको व्यापारिक कारोबार सुरु गरेको मितिबाट प्रचलित कानुन बमोजिम लाग्ने आयकरमा पहिलो ७ वर्षसम्म १००% र त्यसपछिका ५ वर्षसम्म ५०% छुट पाउने छ।ख) हिमाली जिल्ला वा नेपाल सरकारले तोकेको पहाडी जिल्लामा रहेको विशेष आ र्थक क्षेत्रमा स्थापित उत्पादनमूलक उद्योगले आफ्नो उत्पादनको व्यापारिक कारोबार सुरु गरेको मितिबाट प्रचलित कानुनबमोजिम लाग्ने आयकरमा पहिलो १० वर्षसम्म १००% र त्यसपछिका ५ वर्षसम्म ५०% छुट पाउनेछ । (ग) विदेशी लगानीकर्ताले विदेशी प्रविधि, बौद्धिक सम्पत्ति वा व्यवस्थापन सेवा शुल्क तथा रोयल्टीबाट आर्जन हुने आयमा लाग्ने आयकर ५०% छुट दिइनेछ । १९.३.६ **विशेष आर्थिक क्षेत्रमा** स्थापित उद्योगलाई वण्डेड ware house को सुविधा अझ सरल बनाई उपलब्ध गराइने छ । यस्तो सुविधा निवेदन परेको मितिले ४५ दिनभित्र उपलब्ध गराइनेछ ।	११.३क) **विशेष आर्थिक क्षेत्रमा स्थापित उद्योगको** आयमा लाग्ने आयकर र त्यस्ता उद्योगले वितरण गर्ने लाभांशमा लाग्ने करमा देहायबमोजिम छुट हुनेछ :- (क) हिमाली जिल्ला र नेपाल सरकारले तोकेको पहाडी जिल्लामा रहेको विशेष आर्थिक क्षेत्रमा स्थापित उद्योगले कारोबार सुरु गरेको मितिले १० वर्षसम्म लाग्ने आयकरको १००% र त्यसपछिका आय वर्षमा लाग्ने आयकरको ५०%, (ख) खण्ड (क) मा उल्लेखित क्षेत्र बाहेकको अन्य क्षेत्रमा रहेको विशेष आर्थिक स्थापित उद्योगले कारोबार सुरु गरेको मितिले ५ वर्षसम्म लाग्ने आयकरको १००% र त्यसपछिका आय वर्षमा लाग्ने आयकरको ५०%, (ग) **विशेष आर्थिक क्षेत्रमा** स्थापित उद्योगले वितरण गरेको लाभांशमा लाग्ने करको कारोबार सुरु गरेको मितिले ५ वर्षसम्म १००% र त्यसपछिको ३ वर्षसम्म ५०%, (घ) **विशेष आर्थिक क्षेत्रमा** स्थापित उद्योगका विदेशी लगानीकर्ताले विदेशी प्रविधि वा व्यवस्थापन सेवा शुल्क तथा रोयल्टीबाट आर्जन गरेको आयमा लाग्ने आयकरको ५०%, (३द) औद्योगिक क्षेत्र वा औद्योगिक ग्राममा स्थापना भई सञ्चालन भएका विशेष उद्योगलाई कारोबार सुरु गरेको मितिले ५ वर्षसम्म लाग्ने आयकरमा २५% छुट हुनेछ ।
१७.२१ मुलुकभित्र उत्पादित वस्तु **विदेश निकासी** गरेमा अन्तःशुल्क र मूल्य अभिवृद्धि कर लाग्ने छैन । १७.२२ निर्यातमूलक उद्योग, निर्यात प्रवर्द्धन गृह र विशेष आर्थिक क्षेत्रमा उद्योगको अरू कुनै उद्योगसँग करार (Sub-Contracting)गरी निकासीका लागि वस्तु उत्पादन गराउन पाउने छन् । यसरी उत्पादन गराएको वस्तुमा प्रयोग हुने कच्चा पदार्थ, सहायक कच्चा पदार्थ तथा प्याकेजिङ्ग सामाग्रीमा लागेको भन्सार महसुल, अन्तशुल्क तथा मूल्य अभिवृद्धि कर निर्यात भएको परिमाणको आधारमा निकासीकर्ताले तोकिएबमोजिम फिर्ता पाउनेछ । १७.२३ निकासी गरेबापत पाउने Duty Drawback सुविधा लाई सरल बनाउन उस्तै प्रकृतिका उद्योगहरूको हकमा कच्चा पदार्थ खपतको आधारमा समदर निर्धारण गरिनेछ । यस्तो रकम निकासी कारोबार गरेको बैंकबाट फिर्ता पाउने व्यवस्था गरिनेछ । समदर निर्धारण हुन नसकेका उद्योगहरूको हकमा हाल प्रचलनमा रहेको नियमित प्रक्रियालाई पनि निरन्तरता दिइनेछ । १७.२४ उद्योगले पाउने Duty Drawback को सुविधा निकासी परिमाणको आधारमा निवेदन परेको ४५ दिनभित्र निकासीकर्ता लाई अनिवार्य रूपमा उपलब्ध गराइनेछ । १७.२५ उद्योगले अन्तर्राष्ट्रिय बोलपत्रमा सहभागी भई मुलुक-भित्र विदेशी मुद्रा आर्जन हुने गरी बिक्री गरेको आफ्नो उत्पादन	११.३ ङ) नेपालको श्रोतबाट कुनै आय वर्षमा **निकासीबाट** भएको आयमा देहाय अनुसारका कर छुट हुनेछ :- (क) बासिन्दा प्राकृतिक व्यक्तिको आयमा २०% को दरले कर लाग्ने रहेछ भने सो करमा २५% र ३०% को दरले लाग्ने रहेछ भने सो करमा ५०%, (ख) निकायको आयमा लाग्ने करमा २०%, (ग) उत्पादनमूलक उद्योगले उत्पादन ग रेको वस्तु निर्यात गरी प्राप्त भएको आयमा खण्ड (क) वा (ख) बमोजिमको छुटपछि कायम हुने करमा थप २५% ।

वा सेवालाई Deemed Export सरह निर्यातमा पाउने Duty Drawback को सुविधा उपलब्ध गराइनेछ । यस्तो सुविधा निवेदन परेको मितिले ४५ दिनभित्र उपलब्ध गराइनेछ । १७.२६ विदेशी मुद्रा आर्जन हुने गरी स्वदेशभित्रै आफ्नो उत्पादन बिक्री गरेमा त्यस्तो उत्पादनमा लागेको शुल्क, महसुल र प्रयोग भएको कच्चा पदार्थ, सहायक कच्चा पदार्थ तथा Packaging Materials मा लागेको भन्सार महसुल, अन्तशुल्क, मूल्य अभिवृद्धि कर उत्पादनमा लागेको परिमाणको आधारमा निर्यात सरह (Deemed Export) मानी फिर्ता दिइनेछ । यस्तो सुविधा निवेदन परेको मितिले ४५ दिनभित्र उपलब्ध गराइने छ । **१९.३.३ भन्सार महसुल छुट :** (क) निकासी हुने मालवस्तु उत्पादन गर्न आवश्यक पर्ने कच्चा पदार्थ सहायक कच्चा पदार्थ, Packaging सामाग्री एवं उत्पादनमा प्रयोग हुने अन्य पदार्थको लागि बैङ्क जमानतको आधारमा भन्सार महसुल छुट हुनेछ । (ख) उद्योगको लागि आवश्यक पर्ने Plant, Machinery, यन्त्र, उपकरण औजार तथा पार्टपुर्जा मा भन्सार महसुल छुट हुनेछ । (ग) इजाजतपत्रवालाले नेपालको आन्तरिक बजारमा बिक्री गर्न पाउने वस्तु वा सेवामा लाग्ने भन्सार महसुल तथा अन्य कर बुझाएपछि त्यस्तो वस्तु वा सेवा विशेष आर्थिक क्षेत्रबाहिर लैजान पाइनेछ । (घ) कुनै पैठारि कर्ताले कुनै मालवस्तु, विशेष आर्थिक क्षेत्रभित्रको उद्योगलाई बिक्री गरेमा त्यस्तो माल वस्तुमा लागेको भन्सार महसुल भन्सार कार्यालयले सम्बन्धित पैठारीकर्तालाई फिर्ता गर्नुपर्नेछ । (ङ) इजाजतपत्रवालाले भन्सार छुटमा पैठारी गरेको मालवस्तुको स्वामित्व हस्तान्तरण गर्दा नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकिदिएको प्रक्रिया अवलम्बन गर्नुपर्नेछ । **१९.३.५ निकासी सरहको सुविधा पाउने :** प्रचलित कानुनबमोजिम स्थापना भएको कुनै फर्म, कम्पनी, वा उद्योगले विशेष आर्थिक क्षेत्रमा स्थापना भएको उद्योगलाई आफ्नो कच्चा पदार्थ वा कुनै उत्पादन बिक्री गरेमा त्यस्तो बिक्रीलाई निकासी सरहको मानी निकासी गरेबापत प्रचलित कानुन बमोजिम कुनै सुविधा पाउने भए त्यस्तो फर्म, कम्पनी वा उद्योगले पनि सो सुविधा पाउनेछ ।	
१७.१७ उद्योगले नेपालमा दर्ता भएको **बौद्धिक सम्पत्ति** अन्तर्गतको औद्योगिक सम्पत्तिको संरक्षण गर्दा लागेको खर्च आयकर प्रयोजनको लागि खर्च लेख्न पाउनेछ । बौद्धिक सम्पत्तिको निर्यातबाट प्राप्त हुने आयमा निर्यात सरहको छुट दिइनेछ । बौद्धिक सम्पत्ति संरक्षणका लागि विदेशमा दर्ता गर्दा लागेको शुल्कको ५०% सरकारले व्यहोर्नेछ । त्यस्तै बौद्धिक सम्पत्तिको विक्रीबाट प्राप्त आयलाई लाभांशमा लाग्ने दरको आयकर मात्र लगाइनेछ ।	(११.३ झ) कुनै व्यक्तिले **बौद्धिक सम्पत्ति** निर्यात बापत प्राप्त रोयल्टी आयमा लाग्ने आयकरको दरमा २५% ले छुट पाउनेछ । (११.३ञ) कुनै व्यक्तिले बौद्धिक सम्पत्तिको हस्तान्तरणद्वारा बिक्री गरी प्राप्त गरको आयमा लाग्ने आयकरको दरमा २५% ले छुट हुनेछ ।
१८ लघु, घरेलु तथा साना उद्योगका लागि विशेष सुविधा एवं सहुलियत दफा १७ मा उल्लेखित सुविधा तथा सहुलियतका अतिरिक्त लघु उद्यम घरेलु तथा साना उधोगहरूले देहाय बमोजिम थप सुविधा तथा सहुलियत पाउनेछन् । १८.१ **लघु उद्यम** व्यवसायलाई अन्तःशुल्क तथा आयकर, मूल्य अभिवृद्धि करलगायत कुनै पनि किसिमका करहरू लाग्ने छैन । १८.२ अनुसूची- ९, १० र ११ मा उल्लेख भएका अति अविकसित, अविकसित तथा कम विकसित क्षेत्रहरूमा स्थापित घरेलु उद्योगहरूलाई लाग्ने अन्तःशुल्क र आयकर क्रमशः १२ वर्ष, ७ वर्ष	घ) **"लघु उद्यम"** भन्नाले औद्योगिक व्यवसाय ऐन, २०७६ को दफा १७ को उपदफा (१) को खण्ड (क) मा वर्गीकरण गरिएको "लघु उद्यम" सम्झनु पर्छ ११.३ त) **लघु उद्यमलाई** व्यवसाय वा कारोबार सुरु गरेको मितिले ७ वर्षसम्म लाग्ने आयकर पूर्णरूपमा छुट हुने छ । यस्तो लघु उद्यम महिला उद्यमीबाट सञ्चालन भएमा थप ३ वर्ष लाग्ने आयकर पूर्णरूपमा छुट हुने छ ।

र ५ वर्ष छुट दिइने छ। आयकर लाग्ने रकममा त्यस पछिका वर्षहरूमा क्रमशः ७५%, ६०% र ५०% आयकर छुट दिइनेछ। यसका अतिरिक्त नेपाल सरकारले समय समयमा तोक्ने राष्ट्रिय प्राथमिकता प्राप्त वस्तुमा ५ वर्ष र प्राथमिकता प्राप्त क्षेत्रमा स्थापित उद्योगहरूलाई १० वर्षसम्म अन्तःशुल्क तथा आयकर लाग्ने छैन। १८.३ अनुसूची- ६ मा उल्लेखित सबै प्रकारका परम्परागत तथा घरेलु उद्योगलाई आयकरमा ५०% छुट दिइनेछ। १८.७ लघु उद्यम, घरेलु तथा साना उद्योगहरूलाई वित्तीय पहुँच पुऱ्याउन विधमान वित्तीयसंस्था ऐनमा व्यवस्था भए अनुरूपको विपन्न वर्गको ऋण सुविधा लगायत ऋण लगानीका लागि विशेष वातावरण तयार गरिनेछ। यसका लागि वित्तीय संस्थाहरूलाई प्रोत्साहित गरिने छ। १८.८ लघु उद्यम, घरेलु तथा साना उद्योगग्राम र साझा सुविधा केन्द्रका स्थानीय उद्योगलाई सहकारीमा आबद्ध गराई वित्तीय पहुँचको व्यवस्था गरिनेछ। १८.९ वित्तीय सेवा उपलब्ध हुन नसक्ने जिल्ला तथागा.वि.स.हरूमा लघु उद्यमीहरूलाई सहकारीमा आबद्ध गराई समूह धितोमा ऋण उपलब्ध गराउन लघु उद्यम, घरेलु तथा साना उद्योग प्रवर्द्धन बोर्ड अन्तर्गत एक कोष खडा गरी थोक ऋण उपलब्ध गराइने छ।	
१७.२० घरेलु तथा साना उद्योगले ठूला तथा मझौला उद्योगहरूसँग लिखित सम्झौता गरी त्यस्ता उद्योगलाई आवश्यक हुने **सहायक वस्तुहरू उत्पादन** गर्न सक्नेछन्। यसरी सम्झौता गरेका सहायक वस्तु उत्पादन गर्ने उद्योगले पनि अन्य उद्योगलाई सह-उत्पादनका लागि उप-सम्झौता गरी वस्तु आपूर्ति गर्न सक्नेछन्। यसरी सहायक वस्तुको उत्पादन गराएमा त्यस्ता सहायक वस्तुको प्रयोगबाट तयार गरिएको वस्तुको विक्रीबाट हुने खुद आम्दानीको ५०% अंशमा आयकर छुट हुनेछ	
१७.१८ प्राकृतिक प्रकोप उद्धार, सामाजिक क्षेत्रमा दिएको तोकिए बमोजिमको रकमको **चन्दा र सहयोग** आय कर प्रयोजनको लागि छुट हुनेछ।	**१२ कर छुट पाएका संस्थाहरूलाई दिइएको चन्दा उपहारः-** (१)कुनै व्यक्तिले कुनै आय वर्षमा आफ्नो कर योग्य आय गणना गर्दा यस दफाको प्रयोजनको लागि विभागबाट स्वीकृति प्राप्त कर छुट पाउने संस्थालाई **चन्दा उपहार दिएको रकम** घटाउने दावी गर्न सक्ने छ। २) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि उक्त उपदफा बमोजिम कुनै आय वर्षमा घटाउन पाउने खर्च १ लाख रुपैयाँ वा त्यस्तो व्यक्तिको उक्त वर्षको समायोजित कर योग्य आयका ५% मध्ये जुन घटी हुन्छ त्योभन्दा बढी हुनेछैन। **१२ (क) सम्पदा संरक्षण र खेलकूदको विकासमा गरेको खर्च**: कुनै कम्पनीले कुनै आय वर्षमा विभागको पूर्व स्वीकृति लिई नेपालभित्र रहेका प्राचीन धार्मिक तथा सांस्कृतिक सम्पदाको संरक्षण तथा सम्बर्द्धन गर्ने वा खेलकूदको सार्वजनिक भौतिक पूर्वाधार निर्माण गर्ने कार्यमा गरेको खर्च मध्ये १० लाख रुपैयाँसम्मको रकम वा निर्धारण योग्य आयको १०% ले हुने रकममध्ये जुन घटी हुन्छ त्यस्तो रकम आफ्नो उक्त वर्षको कर योग्य आय गणना गर्दा घटाउन दावी गर्न सक्नेछ। १२ (ख) प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोष र नेपाल सरकारले स्थापना गरेको पुनर्निर्माण कोषमा योगदान गरेको खर्च :- कुनै व्यक्तिले कुनै आय वर्षमा प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोष र नेपाल सरकारले स्थापना गरेको पुनःनिर्माण कोषमा योगदान गरेको रकम उक्त वर्षको कर योग्य आयमा गणना गर्दा घटाउन सक्ने छ।

१७ (ग) थप सुविधा, सहुलियत एवं सुनिश्चितता : १७.३० यस नीतिमा उल्लेख भएका उद्योगले पाउने सुविधा सहुलियतलाई कानुनद्वारा सुनिश्चित गरिनेछ। नीतिमा उल्लेख भएका वर्गीकरण, अति अविकसित, अविकसित र कम विकसित क्षेत्रको सुविधा सहुलियतसम्बन्धी सूची र व्यवस्थामा हेरफेर वा थपघट भएमा यस नीति कार्यान्वयनको लागि बनेको कानुनले तोकेको अवधिसम्मका लागि बिना अवरोध त्यस्ता सुविधा उपभोग गर्न पाउने सुनिश्चितता प्रदान गरिनेछ। कुनै उद्योगले एकै समयमा एकभन्दा बढी प्रकारको छुट पाउन सक्ने अवस्था भएमा उद्योगले रोजेको बढी छुट पाउनेछ। १७.३१ यस नीति अन्तर्गत प्राप्त हुने सुविधा तथा सहुलियतहरू तोकिएको अवधिसम्मको लागि परिवर्तन गरिने छैन। १८.१० सरकारले घोषणा गरेका विभिन्न नीति तथा कानुनी व्यवस्था अन्तर्गत उपलब्ध गराइने सेवा सुविधाहरूको लागि आवश्यक हुने प्रक्रिया र कागजातहरूघरेलु तथासाना उद्योग विकास समितिका जिल्ला स्थित कार्यालयहरूबाटै तयारगराई उद्योगहरूलाई प्रदान गरिने व्यवस्था मिलाइने छ।	(४) कुनै व्यक्तिले यस दफा बमोजिम बेग्ला बेग्लै कर छुट सुविधा पाउने कारोबार गरेको रहेछ भने त्यस्तो सुविधा लिन आयको गणना गर्दा छुट्टाछुट्टै व्यक्तिले सो आय प्राप्त गरेको सरह मानी आय गणना गर्नुपर्ने छ। (५) एउटै आयको सम्बन्धमा यस दफा बमोजिम एकभन्दा बढी छुट पाउन सक्ने अवस्था भएको व्यक्तिले आफूले रोजेको कुनै एउटा छुट मात्र पाउनेछ।
१७.११ कुनै उद्योगले ऊर्जा खपत घटाउन सघाउ पुऱ्याउने यन्त्र उपकरणमा लगानी गरेको खर्च, **प्रदुषण नियन्त्रण** र वातावरणमा कम असर पार्ने पद्दतिको जडानमा भएको पुँजीगत खर्च, प्रविधि र प्रक्रियामा भएको खर्च आयकर प्रयोजनको लागि खर्च कट्टा गर्न पाइनेछ। यस्तो सुविधा एकैपटक वा ५ वर्षभित्र उपयोग गरी सक्नुपर्नेछ।	१६.**मर्मत तथा सुधार खर्च** :- (१) कुनै व्यक्तिले कुनै आय वर्षमा कुनै व्यवसाय वा लगानीको आय गणना गर्दा सो व्यवसाय वा लगानीबाट आय आर्जन गर्न सो वर्षमा स्वामित्व भएको र प्रयोग गरिएको ह्रासयोग्य सम्पत्तिको मर्मत वा सुधार गर्दा भएको सबै **खर्चहरू कट्टी गर्न पाउनेछ।** (२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि सो उपदफा बमोजिम गर्न पाउने खर्च कट्टी गर्दा उक्त आय वर्षको अन्त्यमा रहेको सम्पत्तिको समूहको ह्रास आधार रकमको ७% भन्दा बढी हुनेछैन। तर हवाई यातायात सेवा उपलब्ध गराउने व्यक्तिले नेपाल नागरिक उड्डयन प्राधिकरणले निर्धारण गरेको मापदण्ड बमोजिम हवाईजहाजको परीक्षण गर्दा लागेको मर्मत सम्भार खर्चमा यो सीमा लागु हुने छैन। (३) उपदफा (२) बमोजिमको सीमाको परिणाम स्वरूप कट्टी गर्न नपाउने मर्मत तथा सुधार बापत कुनै अधिक खर्च वा त्यसको भाग आगामी आय वर्षको सुरुमा सम्बन्धित सम्पत्तिको ह्रास आधार रकममा जोड्न पाउनेछ। १७. **प्रदुषण नियन्त्रण खर्च** :- (१) कुनै व्यक्तिले कुनै आय वर्षमा कुनै व्यवसायबाट भएको आय गणना गर्ने प्रयोजनको लागि सो वर्षमा सो व्यवसाय सञ्चालन गर्ने कार्यमा खर्च गरेको हदसम्मको प्रदुषण नियन्त्रण खर्च कट्टी गर्न पाउनेछ। (२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै आय वर्षमा सो उपदफा बमोजिम कट्टा गर्न पाउने खर्चको सीमा गणना गर्दा त्यस्तो व्यक्तिबाट सञ्चालित सबै व्यवसायको समायोजित करयोग्य आयका ५०% भन्दा बढी हुनेछैन। (३) उपदफा (२) मा उल्लिखित सीमाभन्दा बढी कट्टी गर्न नपाइने अधिक खर्च वा सोको भागलाई आगामी आय वर्षको सुरुमा पुँजीकरण गरी अनुसूची - २ बमोजिम ह्रास कट्टी गर्न सक्नेछ। **स्पष्टीकरण :** यस दफाको प्रयोजनको लागि "प्रदुषण नियन्त्रण खर्च" भन्नाले प्रदुषण नियन्त्रण गर्ने वा अन्य रूपमा वातावरण संरक्षण गर्ने वा जोगाई राख्ने उद्देश्यको

	लागि कुनै प्रक्रियासँग सम्बन्धित कुनै व्यक्तिबाट गरिएको खर्च सम्झनु पर्छ ।
	१८. **अनुसन्धान र विकास खर्च** :- (१) कुनै व्यक्तिले कुनै आय वर्षमा कुनै व्यवसायबाट भएको आय गणना गर्ने प्रयोजनको लागि सो वर्षमा सो व्यवसाय सञ्चालन गर्ने कार्यमा खर्च गरेको हदसम्मको अनुसन्धान र विकास खर्च कट्टी गर्न पाउनेछ ।
१७.२९ उद्योगले आफ्नो प्रयोजनको लागि आयात गर्ने मेशिनरी, ट्रान्सफर्मर, जेनेरेटर, औद्योगिक उपकरण तथा औजारमा १% मात्र भन्सार महसुल लाग्नेछ । साथै गुणस्तर मापन प्रयोगशालाहरूले आयात गर्ने मेशिनरी, वैज्ञानिक उपकरण र उद्योग विस्तारको लागि थप मेशिनरी तथा उपकरण लगायत **अनुसन्धान तथा विकास (R & D)**को लागि ल्याउने मेशिनरी तथा उपकरणमा समेत १% भन्सार महसुल लाग्नेछ र मूल्य अभिवृद्धि कर तथा अन्तःशुल्क लाग्ने छैन ।	(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै आय वर्षमा सो उपदफा बमोजिम कट्टा गर्न पाउने खर्चको सीमा गणना गर्दा त्यस्तो व्यक्तिबाट सञ्चालित सबै व्यवसायको समायोजित करयोग्य आयका ५०% भन्दा बढी हुनेछैन । (३) उपदफा (२) मा उल्लिखित सीमाभन्दा बढी कट्टी गर्न नपाइने कुनै अधिक खर्च वा सोको कुनै भागलाई आगामी आय वर्षको सुरुमा पुँजीकरण गरी अनुसूची - २ बमोजिम ह्रास कट्टी गर्न सक्नेछ । **स्पष्टीकरण :** यस दफाको प्रयोजनको लागि "अनुसन्धान र विकास खर्च" भन्नाले कुनै व्यक्तिबाट निजको व्यवसायको विकास गर्ने र व्यापारिक उत्पादन वा प्रक्रियाको सुधार गर्ने उद्देश्यबाट गरिएको खर्च सम्झनु पर्छ ।**ह्रासकट्टी खर्च** :- (१) कुनै व्यक्तिले कुनै आय वर्षमा कुनै व्यवसाय लगानीबाट भएको आय गणना गर्ने प्रयोजनको लागि सो व्यवसाय वा लगानीबाट सो व्यक्तिको आय आर्जन गर्न सो वर्षमा आफ्नो स्वामित्वमा रही प्रयोग गरेको ह्रासयोग्य सम्पत्तिको ह्रास भएबापत अनुसूची- २ बमोजिम ह्रासखर्च कट्टी गर्न पाउनेछ ।
१७.१५ राष्ट्रियता प्राथमिकता प्राप्त उद्योगले स्थिर जेथाको **ह्रास कट्टी** गर्दा प्रचलित आयकर ऐनमा उल्लेखित दरमा सोही दरको एकतिहाई थप गरी कट्टा गर्न पाउनेछ ।	(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै निकायले सार्वजनिक पूर्वाधार संरचनाको निर्माण तथा सञ्चालन गरी नेपाल सरकारलाई हस्तान्तरण गर्ने आयोजनाहरू र विद्युत गृह निर्माण, उत्पादन र प्रसारण गर्ने आयोजनाहरूमा जडान भएका संयन्त्रहरू, उपकरणहरू र अन्य मेसिनरीहरूको ह्रासकट्टी सम्बन्धमा निम्नानुसार हुनेछ :- (क) साबिकमा जडान भइरहेका संयन्त्रहरू, उपकरणहरू र अन्य मेसिनरीहरू पुरानो वा जीर्ण भई काम नलाग्ने सम्पत्तिको लागतबाट सो आय वर्षसम्मको ह्रासकट्टी घटाउँदा बाँकी हुने मूल्य खर्चको रूपमा कट्टी गर्न पाउनेछ । (ख) खण्ड (क) बमोजिम फेरिएका पुराना सम्पत्ति बाहेकका अन्य सम्पत्तिहरूका सम्बन्धमा सो निकायले त्यस्ता आयोजना नेपाल सरकारलाई हस्तान्तरण गर्ने समयमा सो सम्पत्तिको लागतबाट हस्तान्तरण हुने आय वर्षसम्मको ह्रासकट्टी घटाउँदा मूल्य बाँकी रहन आएमा त्यस्तो बाँकी मूल्य खर्चको रूपमा कट्टी गर्न पाउनेछ । (ख) ती रकमहरूको गणनासँग सम्बन्धित खर्चहरू सो बाँकी करयोग्य आय गणना गर्दा कट्टी गर्न पाइने छैन र (ग) ती रकमहरूका सम्बन्धमा यस दफा बमोजिम सो व्यक्तिबाट दाखिला गर्नुपर्ने कर रकमबाट सो व्यक्तिले कुनै पनि कर मिलान गर्ने सुविधा पाउने छैन । **स्पष्टीकरण** :- यस दफाको प्रयोजनको लागि "गैर बासिन्दा व्यक्ति" भन्नाले नेपाल बाहिर मुख्य कार्यालय रहेको सम्बद्ध निकायहरूको समूहभित्र रहेको बासिन्दा निकाय सम्झनुपर्छ ।

१७.१० उद्योगले आफ्नो श्रमिक तथा कर्मचारुको दीर्घकालीन हित एवं भलाईको लागि गरेका खर्चहरू जस्तै आवास व्यवस्था, जीवन बीमा, स्वास्थ्य सुविधा, शिक्षा तथा तालिम, शिशु स्याहार केन्द्र र शारीरिक तन्दुरुस्तीका लागि खेलकूद/व्यायाममा गरेको खर्च आयकर प्रयोजनको लागि खर्च कट्टी गर्न पाउनेछ। साथै उद्योगले होचापुड्का लगायत अपाङ्गता भएका व्यक्तिहरूलाई रोजगारी प्रदान गरेमा त्यस्ता कामदारहरूलाई भुक्तानी दिएको तलब आदि खर्च आयकर प्रयोजनका लागि कट्टा गर्न पाउनेछ।	
१७.१२ आयकर निर्धारण प्रयोगको लागि उद्योगको कूल बिक्री आयको ५% सम्म रकम उत्पादकत्व अभिवृद्धिको लागि उद्यमशीलता अभिवृद्धि र सीप विकास तालिम अनुसन्धान तथा विकास र नयाँ प्रविधि प्राप्त गर्न खर्च गर्न पाइनेछ। १७.१३ आयकर प्रयोजनको लागि बजार प्रवर्द्धन सर्वेक्षण र विज्ञापन आदिको लागि कूल बिक्री आयको १०% सम्म खर्च गर्न पाइनेछ। १७.१४ उद्योगको भौतिक सम्पतिको सुरक्षाको लागि गरेको खर्च रकम र यसको बीमा बापत तिरेको प्रिमियम कर योग्य आयबाट घटाउन पाइनेछ।	
१७.१६ उद्योगले सोही उद्योगमा वा अरू कुनै उद्योगमा पुनः लगानी गरी उद्योगको विविधिकरण वा २५% वा सोभन्दा बढी जडित क्षमता विस्तार गरेमा, प्रविधिको आधुनिकीकरण गरेमा वा सहायक उद्योगको विकास गरेमा यस्तो पुनः लगानीबाट सृजित थप स्थिर जेथाको ४०% कर प्रयोजनको लागि कट्टी गर्न पाउनेछ। यस्तो छुट रकम एकमुष्ट एकै वर्षमा वा ५ वर्षभित्र कट्टी गर्न पाउनेछ।	
१७.२७ अर्ध प्रशोधित वा अर्ध तयारी माध्यमिक वस्तु उत्पादन गर्ने उद्योगले आफ्ना उत्पादन अर्को मूल वस्तु तयार गर्ने उद्योगलाई बिक्री गरेमा त्यस्तो वस्तुमा लागेको अन्तःशुल्क एवं मूल्य अभिवृद्धि कर मूल वस्तु उत्पादनगर्ने उद्योगले प्रयोग गरेको परिमाणको आधारमा करको हिसाब समायोजन गर्न पाउनेछ। तर यो सुविधा उपभोग गर्न ती उद्योग मूल्य अभिवृद्धि कर वा अन्तःशुल्क प्रयोजनको लागि दर्ता भएको हुनुपर्नेछ। १७.२८ उद्योगको आफ्नो उत्पादनका लागि आवश्यक पर्ने कच्चा पदार्थ, सहायक कच्चा पदार्थ, Packaging सामाग्रीमा लाग्ने भन्सार महसुल त्यस्तो कच्चा पदार्थबाट उत्पादन हुने तयारी वस्तुको आयातमा लाग्ने भन्सार दरभन्दा सामान्यतया एक तह (Slab) कम गर्न सकिनेछ। न्यूनतम १% भन्दा कम भन्सार दर रहेको वस्तुको आयातको हकमा न्यूनतम २५% कम हुने गरी भन्सार दर कायम गरिनेछ।	

(घ) संस्थागत व्यवस्था:

नीतिले परिकल्पना गरे बमोजिम नै लगानी बोर्ड गठन भएको छ र बोर्डको काम, कर्तव्य र अधिकारबारे लगानी बोर्ड ऐन, २०६८ बाट व्यवस्थित गरिएको छ। यस्तै औद्योगिक व्यवसाय ऐन, २०७३ को दफा १८ ले औद्योगिक प्रवर्द्धन बोर्डको गठन र काम, कर्तव्य र अधिकार सम्बन्धी व्यवस्था गरेको छ। सो अनुरूप हालसम्म औद्योगिक प्रवर्द्धन बोर्डको २३३ वटा बैठक बसिसकेको छ तर ऐनमा भएको व्यवस्था वमोजिम वोर्डले काम गर्न सकेको देखिदैन।

नीतिले उल्लेख गरेबमोजिम औद्योगिक क्षेत्र व्यवस्थापन प्राधिकरण भने अहिले सम्म गठन हुन सकेको छैन । तर कम्पनी ऐन अन्तर्गत गठन भै २०४५ सालदेखि नै काम गर्दै आएको औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेड कार्यरत रहेको छ । यस्तै राष्ट्रिय उत्पादकत्व परिषद पनि गठन हुन सकेको देखिएन । घरेलु तथा साना उद्योग विभाग र उद्योग विभाग गाभ्ने विषय भने कार्यान्वयन भएको छ । उद्योग विभागलाई औद्योगिक प्रवर्धन बोर्डको सचिवालयको जिम्मेवारी पनि दिईएको छ । नीतिमा उल्लेख नभएको विशेष आर्थिक क्षेत्र प्राधिकरण भने गठन भएको छ ।

उद्योग विभागमा एकल बिन्दु सेवा दिने कार्य २०७७ जेठ १ गते बाट सुरु भएको छ भने बौद्धिक सम्पत्ति संरक्षण कार्यालय भने स्थापना हुन सकेको छैन । यस कामको जिम्मेवारी उद्योग विभागलाई नै दिईएको छ । कम्पनी रजिस्ट्रारको कार्यालयलाई क्षेत्र जिल्लासम्म विस्तार गर्ने भनेकोमा २०७६ सालमा इटहरी र बुटवलमा कार्यालय स्थापना भएको छ । तर पर्याप्त रूपमा अधिकार दिएको छैन । अहिले पनि उद्योग नवीकरणको लागि केन्द्रीय कार्यालयको अनुमति लिनुपर्ने अवस्था विद्यमान छ ।

राष्ट्रिय लघु उद्यम, घरेलु तथा साना उद्योग प्रवर्द्धन बोर्ड र घरेलु तथा साना उद्योग विकास समितिलाई गाभी लघु उद्यम, घरेलु तथा साना उद्योग प्रवर्द्धन बोर्ड गठनको काम पनि हुन सकेन । संघीयता कार्यान्वयन भएपछि लघु उद्यम, घरेलु तथा साना उद्योग, स्थानीय तह तथा प्रदेश सरकारको कार्य क्षेत्रभित्र परेको छ र तदनुरूप नै संगठनहरू कार्य जिम्मेवारीसहित हस्तान्तरण भएको छ । संघमा भने २०७६/१०/२० को निर्णयानुसार लघु, घरेलु तथा साना उद्योग प्रवर्द्धन केन्द्रको स्थापना भएको छ । यस केन्द्रको उद्देश्यहरू देहायबमोजिम रहेको छ:

१. लघु उद्यम, घरेलु तथा साना उद्योगको विकास एवं प्रवर्द्धन सम्बन्धी नीतिगत सहजीकरण गर्ने ।
२. लघु उद्यम, घरेलु तथा साना उद्योगको विकास एवं प्रवर्द्धन सम्बन्धी प्रदेशहरूसँग समन्वय र अभिलेख अद्यावधिक गर्ने।
३. लघु उद्यम, घरेलु तथा साना उद्योग सम्बन्धी कोषहरूको परिचालन गर्ने ।
४. लघु उद्यम, घरेलु तथा साना उद्योग सम्बन्धी राष्ट्रियस्तरमा कार्यक्रम सञ्चालन, उत्पादित वस्तुहरूको मूल्य श्रृंखला कायम गर्ने ।
५. दातृ निकायहरूको सहायता र कार्यक्रमहरूको समन्वय गर्ने ।

३.४ तथ्यांकमा उद्योग क्षेत्र:

यस्तै औद्योगिक नीति जारी भएपछिको एक दशकमा औद्योगिक क्षेत्रसँग भएका उपलव्धीहरूतर्फ चर्चा गर्नु उपयुक्त हुन्छ । औद्योगिक नीतिको प्रमुख उद्देश्यमध्ये औद्योगिक वस्तुको निकासी बढाउने पनि उल्लेख थियो । आर्थिक वर्ष २०६६/६७ मा ६०.८ अर्ब रहेको निकासी क्रमशः बढ्दै गई आर्थिक वर्ष २०७०/७१ मा ९१.९९ अर्व पुगेकोमा त्यस पछिको दुइ वर्षमा लगातार घटेको छ । यस्तै आ व २०७०/७१ को निकासी अंकको स्तरमा पुग्न पुन: थप ६ वर्ष लागेको देखियो । निकासीलाई प्राथमिकतामा राख्दा पनि निकासी रकम लगातार घट्नु औद्योगिक वातावरण उपयुक्त नभएको अवस्था समेतलाई संकेत गर्दछ । यस अवधिमा दोश्रो जनआन्दोलन पश्चात राजनैतिक

परिवर्तन भएर मुलुकमा लगानी योग्य वातावरण कायम भएको भनिए पनि निकासीको तथ्यांकले त्यस्तो अवस्थालाई प्रमाणित गरेन । आर्थिक वर्ष २०६६/६७ मा कुल गार्हस्थ उत्पादन (Total GDP) ६.३४ प्रतिशत हिस्सा रहेको औद्योगिक क्षेत्र त्यस पछिको एक दशकमा पनि सो प्रतिशत भन्दा बढी कहिल्यै पुगेन बरु ओरालो लागेर आ. व २०७३/७४ मा ५.४८ प्रतिशतमा झरेको थियो । त्यस पछिका वर्षहरूमा केही बढे पनि यो अझै ६ प्रतिशतभन्दा कम नै छ । उद्योग दर्तातर्फ पनि यस अवधिमा त्यति सकारात्मक अवस्था देखिएको छैन । वैदेशिक लगानीका लागि स्वीकृति पाएका उत्पादन क्षेत्रका उद्योगहरूको संख्यामा उतार चढाव देखिन्छ ।

३.४.१ तालिका ३: विगत पाँच आर्थिक वर्षको अवधिमा उद्योग क्षेत्रको समग्र वस्तुस्थिति

विवरण	आ.व. २०७२/७३	आ.व. २०७३/७४	आ.व. २०७४/७५	आ.व. २०७५/७६	आ.व. २०७६/७७*
औद्योगिक उत्पादन(रु. करोडमा)	१२०९७	१३३८६	१५१९२	१७२९३	१७०४४
उद्योगमा कर्जा लगानी (रु. करोडमा)		३२९८०	३९७८५.३५	४७८५६.१	५३२८५
उद्योगमा विदेशी लगानी (रु. करोडमा)	२१	१७.१२	६१.३५	३१.८६	५०.९४
स्वीकृत प्राप्त उद्योगमा लगानी (रु.अरबमा)	१२१	१६३	३४९	२८३	१५२
नयाँ उद्योग दर्ता (कुल सङ्ख्या)	४०९	५१०	४९६	४३९	२४२
उत्पादनमुलक उद्योग (कुल सङ्ख्या)	१३५	१२५	१३०	१२१	७०
उत्पादनमुलक उद्योगमा कुल लगानी (रु.अरबमा)	५९	४४	७७	५१	२०
कुल दर्ता भएका उद्योगमा उत्पादनमुलक उद्योगको प्रतिशत	३३.१	२४.६	२६.२	२७.६	२५.३
कुल लगानीमा उत्पादनमुलक उद्योगको अंश (प्रतिशतमा)	४८.५	२६.९	२२.१	१८.१	१२.९६
कम्पनी दर्ता	१४८१८	१८६६३	२२२७८	२५४८६	१६९४५*

स्रोत: आर्थिक सर्वेक्षण २०७७, अर्थ मन्त्रालय ।

* दोस्रो चौमासिक सम्मको प्रगति विवरणमा आधारित ।

३.५ उद्योगसँग सम्वन्धित अन्य कानूनहरू: उद्योग क्षेत्रलाई सञ्चालन, प्रवर्द्धन तथा सहजीकरण गर्न केही प्रत्यक्ष र केही सहयोगी ऐन, नियम, नीति, कार्यविधि, निर्देशिका र आचार संहिता जारी भएका छन् । ती नीति, ऐन, नियम, कार्यविधि, निर्देशिका, आचार संहितामा गरिएका विषयहरू र उपलब्ध भएसम्म सो को उपलब्धिहरू चर्चा गरिएको छ:

३.५.१ नीतिहरू:

(क) वाणिज्य नीति २०७२: वाणिज्य नीति, २०७२ जारी गर्नु अघि प्रचलनमा रहेको वाणिज्य नीति,२०६५ को प्रावधानहरू कार्यान्वयनकै क्रममा भए पनि नीतिका कतिपय आवश्यक र महत्वपूर्ण प्रावधानहरू कार्यान्वयन हुन नसक्नु, अन्तरराष्ट्रिय व्यापारमा नयां विषयहरू आउनु र व्यापार घाटा निरन्तर वृद्धि हुनु जस्ता कारण दिई नीति पुनरावलोकन गर्नुपर्ने उल्लेख गरी वाणिज्य नीति, २०७२ ल्याएको देखिन्छ । उक्त नीतिमा ९ वटा प्रमुख रणनीति तय गरिएको छ र सो अन्तर्गत नीति तथा कार्यनीति भनी रणनीति १ को १९ वटा नीति तथा कार्यनीति, रणनीति २ को १६ वटा नीति तथा कार्यनीति, रणनीति ३ को १९ वटा नीति तथा कार्यनीति, रणनीति ४ को १२ वटा नीति तथा कार्यनीति, रणनीति ५ को २२ वटा नीति तथा कार्यनीति, रणनीति ६ को १३ वटा नीति तथा कार्यनीति, रणनीति ७ को २२ वटा नीति तथा कार्यनीति, रणनीति ८ को १० वटा नीति तथा कार्यनीति र रणनीति ९ को ७ वटा नीति तथा कार्यनीति तय गरिएको थियो । उक्त वाणिज्य नीतिले माननीय मन्त्रीको अध्यक्षतामा २७ सदस्यीय बोर्ड अफ ट्रेडको व्यवस्था गरेको थियो। यस्तै व्यापार प्रवर्द्धन प्रतिष्ठान गठन गर्ने भने पनि यो हुन सकेन। एन्टी डम्पिङ, काउन्टरभेलिंग र सेफ गार्ड सम्बन्धी ऐन तथा नियमावली संवत २०७६ सालमा जारी भएको छ । यस्तै निकासी प्रवर्द्धन गर्न निर्यातमा नगद अनुदान दिने कार्यविधि, २०७५ (संशोधन सहित) को अनुसूची १ मा उल्लेख भएका १५ वटा वस्तुमा ५ प्रतिशत र अनुसूची २ मा उल्लेख भएका १२ वटा वस्तुमा ३ प्रतिशत नगद अनुदान दिने व्यवस्था लागु भएको छ ।

(ख) खनिज नीति २०७४: खनिज सम्पदाको भौगर्भिक सर्भेक्षण, पहिचान,अन्वेषण, उत्खनन, उत्पादन, बजारीकरण र उपयोग कार्यलाई उच्चतम प्राथमिकतामा राखी नवीनतम प्रविधिको निरन्तर प्रयोग गर्दै निजी क्षेत्रको समेत सहभागितामा प्रतिस्पर्धात्मक लगानी एवम् वातावरणीय सन्तुलन कायम गरी राष्ट्रको हित कायम गर्ने लक्ष्यका साथ खनिज नीति, २०७४ जारी भएको थियो । खनिज नीतिमा ३ वटा नीतिभित्र ११ बुंदामा नीति व्याख्या गरिएको छ भने ११ वटा रणनीतिहरू जारी भएका छन् । यस्तै रणनीतिलाई थप ८१ बुंदामा विस्तार गरिएको छ । सुन, फलाम, तामा, सिसा जस्ता धातु पहिचान भएको स्थानमा विद्युत र पहुँच मार्ग दिने, खनिजजन्य वस्तु उत्पादन गर्ने उद्योगलाई विशेष सहुलियत दिने व्यवस्था गरिएको छ। नीतिमा प्रस्ताव गरिएको निर्देशक समिति भने ऐनमा समेटिएको छैन ।

(ग) आपूर्ति नीति २०६९: देशमा अत्यावश्यक वस्तु तथा सेवा सहज सुलभ र नियमित रूपमा उचित गुणस्तर र मूल्यमा आपूर्ति हुने व्यवस्था मिलाई उपभोक्ताको हक हितको संरक्षण गर्ने लक्ष्यका साथ आपूर्ति नीति जारी भएको छ । नीतिले सात प्रमुख उद्देश्य लिएको छ भने आपूर्ति, उपभोक्ता, अनुगमन, खाध्य सुरक्षा, संस्थागत सुधार र बजार सम्बन्धी ६ वटा नीति स्तम्भमा २८ वटा नीति तय गरेको छ। यस्तै छ स्तम्भअन्तर्गत नै ३९ वटा रणनीति र ५२ वटा कार्यनीति तय गरेको देखिन्छ । यस्तै केही सहुलियतको व्यवस्था उल्लेख गरेको छ भने सचिवको नेतृत्वमा एक केन्द्रीय आपूर्ति समितिको व्यवस्था गरिएको छ ।

(घ) राष्ट्रिय बौद्धिक सम्पत्ति नीति २०७३: बौद्धिक सम्पत्तिको संरक्षण, प्रवर्धन र उपयोगद्वारा नेपाली समाजको आर्थिक, सामाजिक र सांस्कृतिक समुन्नति हासिल गर्ने लक्ष्यका साथ राष्ट्रिय बौद्धिक सम्पत्ति नीति, २०७३ ल्याइएको छ। नीतिका पाँच प्रमुख उद्देश्य र ६७ वटा नीतिहरू र ४१ वटा कार्यनीतिहरू रहेका छन्। यस्तै संस्थागत व्यवस्थातर्फ बौद्धिक सम्पत्ति परिषद, बौद्धिक सम्पत्ति कार्यालय र बौद्धिक सम्पत्ति न्यायाधिकरण र बौद्धिक सम्पत्ति इजलासको अवधारणा ल्याइएको छ। यस सम्बन्धी ऐन जारी हुन सकेको छैन भने बौद्धिक सम्पत्ति कार्यालय गठन हुन सकेको छैन।

(ङ) विदेशी लगानी नीति २०७१: राष्ट्रिय प्राथमिकताका क्षेत्रमा विदेशी प्रविधि, पुँजी, सीप र ज्ञान आकर्षित गर्दै आयात प्रतिस्थापन र निर्यात प्रवर्द्धनको माध्यमबाट व्यापार सन्तुलन कायम गरी राष्ट्रिय अर्थतन्त्रलाई प्रतिस्पर्धात्मक र गतिशील बनाउने लक्ष्यका साथ विदेशी लगानी नीति ल्याइएको हो। यस नीतिका ५ प्रमुख उद्देश्य, प्रत्येक उद्देश्यअन्तर्गत नीतिहरू गरी १९ नीतिहरू र सो अन्तर्गत ३६ वटा कार्यनीतिहरू प्रस्ताव गरिएको छ। विदेशी लगानीअन्तर्गत ५ प्रकारबाट, प्रविधि हस्तान्तरणअन्तर्गत तीन वटा विषय समेटिएको छ। लगानीकर्तालाई संस्थागत, व्यक्तिगत र गैरआवासीय नेपाली गरी तीन वर्गमा छुट्ट्याइएको छ। संस्थागत प्रबन्धअन्तर्गत भैरहेका संगठनलाई सुदृढिकरण गर्ने उल्लेख गरिएको छ। एकल बिन्दु सेवा स्थापना गर्ने उल्लेख छ। छुट सहुलियतको प्रस्तावमा औद्योगिक व्यवसायअन्तर्गतका सबै सुबिधा पाउने र थप सहुलियत पनि प्रस्ताव गरिएको छ। वैदेशिक लगानी तथा प्रविधि हस्तान्तरण ऐन, २०७५ मा विदेशी लगानीमा ९ प्रकारका लगानी समावेश हुने गरी नीतिले प्रस्ताव गरे भन्दा बढी स्पष्ट गरेको छ। नीतिले राष्ट्रिय प्राथमिकताका पाँच क्षेत्रलाई प्राथमिकतामा राखे पनि ऐनले भने यसलाई समेटेन।

३.५.२ ऐनहरू:

(क) विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन २०७५: औद्योगिक नीति, २०६७ जारी भए पछिको करिब ८ वर्ष पछि विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन, २०४९ लाई विस्थापन गरी यो ऐन जारी भएको छ। यस ऐनले विदेशी लगानी खुला नगरिएको उद्योग र व्यवसायबाहेक मुख्य रूपमा ९ वटा क्षेत्रहरूमा सबैमा लगानी खुला राखेको छ। ऐनले मुख्य रूपमा तीन उद्देश्य राखेको देखिन्छ। पहिलो, विदेशी लगानीलाई आकर्षित गर्ने, दोश्रो लगानीको अलावा नया प्रविधिलाई पनि लगानीकै आधारमा ल्याउन सक्ने र तेस्रो नेपालले सक्षमता हासिल गरेका वा गर्न सक्ने र प्रतिस्पर्धा गर्न नसक्ने साना उद्यमको संरक्षण गर्ने। ऐनले प्रविधि हस्तान्तरणको परिभाषालाई पनि अध्यावधिक गरेको छ भने विदेशी लगानीलाई पनि साविकको तीन प्रकारको सट्टा नौ प्रकारबाट गरेको लगानीलाई विदेशी लगानीको रूपमा परिभाषित गरी दायरा बढाएको छ। ऐनको अनुसूची १ मा भएका उद्योगमा प्रविधि हस्तान्तरणका लागि खुला गरेको छ। लगानीको अधिकतम सीमा तोकिएको छैन। लगानी गर्ने विदेशी लगानीकर्ताले नेपालमा गरेको आफ्नो लगानी सम्बन्धी कामको लागि आफ्नो साझेदार लगानीकर्ता वा अर्को विदेशी लगानीकर्ता र नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त कुनै वाणिज्य बैंक वा पूर्वाधार विकाससँग त्रिपक्षीय सम्झौता(स्क्रो

अग्रिमेंट) गर्न सक्ने व्यवस्था गरेको छ । छ अर्ब रुपैया सम्मको विदेशी लगानी उद्योग विभागले र सो भन्दा बढी रकम लगानी बोर्डले स्वीकृत गर्ने गरी कार्य जिम्मेवारी स्पस्ट गरिएको छ । यस ऐनको मुख्य आकर्षण भनेको विदेशी लगानीलाई एकल बिन्दु केन्द्रमार्फत सेवाबाट दिने कानूनी प्रबन्ध नै हो जुन लामो समयदेखिको माग र औद्योगिक नीति, २०६७ मा उल्लेख भएको प्रमुख विषय पनि थियो । यस्तै ऐनअन्तर्गत आउने उद्योगले यस ऐनले दिएको सुविधाको अलावा र अरू ऐनले नेपाली उद्योगलाई दिएको सुविधा पाउने गरी समान व्यवहारको सिद्धान्तको अवलम्बन गरेको छ । यस्तै दफा ३२ ले विदेशी लगानीका उद्योगलाई नेपालमा लगानी भित्र्याई सकेपछि नेपालमा लगानी रहुन्जेलसम्म नेपाली व्यक्तिले गरेको लगानीको व्यवस्थापन, सम्भार, प्रयोग, हस्तान्तरण र बिक्रीमा पाए सरहको राष्ट्रिय व्यवहार केही शर्तसहित पाउने सुनिश्चितता गरेको छ । यस्तै विदेशी लगानी भएको उद्योगलाई राष्ट्रियकरण नगरिने प्रत्याभूत गरेको छ । यस्ता उद्योगले आफ्नो मुख्य उत्पादन बाहेक सहायक उत्पादनलाई अन्य नेपाली उद्योगबाट करार गरी उत्पादन गर्न पाउने छुट पनि दिएको छ । यस व्यवस्थाबाट नेपाली उद्योग पनि विदेशी लगानी भएका उद्योगको उत्पादन प्रक्रियामा सहभागी भै क्षमता वृद्धि गर्ने अवसर प्राप्त गर्न सक्नेछन ।

(ख) कम्पनी ऐन २०६३: आर्थिक उदारीकरणद्वारा उद्योग, व्यापार र व्यवसायका क्षेत्रमा लगानी प्रवर्द्धन गरी मुलुकको आर्थिक विकासमा गतिशीलता ल्याउन तथा कम्पनीको संस्थापना, सञ्चालन तथा प्रशासनलाई अझ बढी सुगम, सरल र पारदर्शी बनाउने उद्देश्यका साथ कम्पनी ऐन, २०६२ जारी भए पश्चात यसमा तीन पटक संशोधन भएको छ । औद्योगिक नीति २०६७ जारी भए पछि २०७४/१/१९ र २०७५ /११/१९ मा पनि संशोधन भएका छन् । कम्पनी ऐनमा भएको पहिलो संशोधनले कम्पनीको शाखा कार्यालय खोल्न सक्ने व्यवस्था गरेको, विद्युतीय माध्यमबाट (Online System) पनि काम कारवाही गर्न सकिने, शेयर धनीको संरचना, केही खास कारोवार गर्न पब्लिक कम्पनीमा दर्ता हुनुपर्ने प्रावधान, रजिष्ट्रारको काम कुनै कार्यालयको अधिकृतलाई प्रत्यायोजन गर्न सकिने जस्ता प्रावधान राखी र केही अमिल्दा प्रावधान हटाई संशोधन गरिएको थियो । यस्तै २०७५ सालमा नेपालको संविधान अनुकूल बनाउन केही नेपाल ऐनलाई संशोधन गर्ने गरी संशोधन भएको छ । मुलुकको समग्र उद्योग, व्यवसाय सञ्चालनको लागि एकीकृत रूपमा आएको यो ऐन कोशेढुंगाको रूपमा रहेको मानिन्छ ।

(ग) वातावरण संरक्षण ऐन २०७६: स्वच्छ र स्वस्थ वातावरणमा बाच्न पाउने प्रत्येक नेपालीको अधिकारको संरक्षण गर्न, वातावरणीय प्रदुषण र ह्रासबाट हुने क्षतिवापत पीडितलाई पीडकबाट क्षतिपूर्ति दिलाउन, वातावरण र विकासबीच सन्तुलन मिलाउन र प्रतिकूल वातावरणीय प्रभाव कम गर्ने प्रमुख उद्देश्यकासाथ वातावारण संरक्षण ऐन, २०७६ जारी भएको छ । ऐनको दफा ३ ले वातावरणीय अध्ययन गर्नुपर्ने काम र निकायको व्यवस्था गरेको छ । ऐनको दफा १० ले प्रस्तावकले वातावरणीय व्यवस्थापन योजना पेश गर्नुपर्ने व्यवस्था गरेको छ । यस्तै ऐनको दफा १५ ले प्रदुषण नियन्त्रणको मापदण्ड तोक्न सक्ने व्यवस्था गरेको छ भने वातावरणका हिसाबले जोखिमपूर्ण पदार्थको आयात निर्यातमा केही प्रतिबन्धात्मक व्यवस्थासमेत गरेको छ । औद्योगिक विकासका हिसाबले यस ऐन अनुरूपको

प्रक्रिया पूरा गर्ने सम्बन्धमा वातावरणीय अध्ययन गर्दा उद्योग/प्रतिष्ठानलाई राष्ट्रिय प्राथमिकता उद्योग सरह सुविधाको व्यवस्था हुनुपर्ने देखिन्छ ।

वातावरण संरक्षण नियमावली, २०७७ ले उद्योग क्षेत्र अन्तर्गत ५ करोडसम्मको पुँजी लाग्ने उद्योग, १० हेक्टरसम्मको औद्योगिक ग्रामलाई संक्षिप्त वातावरणीय अध्ययन गरे पुग्ने व्यवस्था गरेको छ भने ७८ प्रकारका उद्योग र सात प्रकारका खानीसँग सम्बन्धित उद्योगलाई प्रारम्भिक वातावरणीय अध्ययन र २८ वटा क्षेत्र र खानीका २ वटा क्षेत्रलाई वातावरणीय प्रभाव मूल्यांकन गर्नुपर्ने गरी तोकिएको छ ।

(घ) सेफगार्डस, एन्टी डम्पिङ्ग तथा काउण्टरभेलिङ्ग ऐन २०७६: विश्व व्यापार संगठनको सदस्य राष्ट्र भएको नाताले देशभित्रका उद्योगहरूको प्रतिस्पर्धी क्षमता बनाइ राख्न र आयात बिन्दुमा लगाईने अतिरिक्त कर वा परिमाणात्मक बन्देज जस्ता नीतिबाट स्वदेशी उद्योगलाई केही हदसम्म संरक्षण गर्न सेफगार्डस, एन्टी-डम्पिङ्ग तथा काउण्टरभेलिङ्ग ऐन, २०७६ जारी भएको हो । नेपालले सन् २००५ मा सदस्यता लिए पनि यो ऐन जारी हुन करिब १६ वर्ष लाग्यो । ऐन जारी भएको करिब एक वर्षभन्दा बढी समय लगाइ सेफगार्डस, एन्टी-डम्पिङ्ग तथा काउण्टरभेलिङ्ग नियमावली, २०७७ स्वीकृत भै २०७७ माघ १० गते राजपत्रमा प्रकाशित भएको छ । ऐन तथा नियमावली आइसकेको सन्दर्भमा आगामी दिनमा नेपाली उद्योगहरूले यस ऐन अन्तर्गतका सुविधाहरू लिन सक्ने अवस्था सिर्जना भएको छ ।

(ङ) औद्योगिक व्यवसाय ऐन २०७६: मुलुकको औद्योगिक वातावरणलाई लगानी मैत्री तथा प्रतिस्पर्धी बनाई औद्योगिक वस्तु तथा सेवाको उत्पादन र रोजगारीका अवसरमा अभिवृद्धि गर्न, मुलुकमा उपलव्ध श्रोत साधनको अधिकतम परिचालन गरी क्रमशः आयात प्रतिस्थापन र निर्यात प्रवर्द्धनमा जोड दिने मूल उद्देश्यका साथ यो ऐन जारी भएको देखिन्छ । औद्योगिक व्यवसाय ऐन,२०७३ जारी भएपछिको करिब तीन वर्षमा नै यो ऐन जारी भएको कारणले यस ऐनलाई बढी उद्योग अनुकूल भएको विश्लेषण गर्न सकिन्छ । औद्योगिक व्यवसाय ऐन २०७६ तथा २०७३मा भएका र परिवर्तन भएका केही बुंदाहरू तल तालिकामा उल्लेख गरिएको छ ।

	औद्योगिक व्यवसाय ऐन २०७६	औद्योगिक व्यवसाय ऐन २०७३
उद्योगको वर्गीकरण	लघु उद्यम • बीस लाख स्थिर पुँजी • वार्षिक कारोबार एक करोड लाख भन्दा कम	लघु उद्यम • पाँच लाख स्थिर पुँजी • वार्षिक कारोबार पचास लाख भन्दा कम
घरेलु उद्योग	बढीमा पचास किलोबाट क्षमताको विद्युतीय क्षमता	बढीमा दश किलोबाट क्षमताको विद्युतीय क्षमता
साना उद्योग	पन्ध्र करोड रुपैयासम्म स्थिर पुँजी	दश करोड रुपैयासम्म स्थिर पुँजी

मझौला उद्योग	पन्ध्र करोडभन्दा बढी र पचास करोड रुपैयासम्म स्थिर पुँजी	दश करोडभन्दा बढी र पच्चीस करोड रुपैयासम्म स्थिर पुँजी
ठूला उद्योग	पचास करोड रुपैंयाभन्दा बढी स्थिर पुँजी	पच्चीस करोड रुपैंया भन्दा बढी स्थिर पुँजी
वस्तु वा सेवाको आधारमा उद्योग	आठ प्रकार। निर्माणलाई पूर्वाधार क्षेत्र भनी परिवर्तन गरेको। केही भाषागत परिमार्जन	सोही आठ प्रकारका।
पुँजीकृत हुने खर्चमा	साविकको शीर्षकमा उद्योग सञ्चालन पूर्वको अध्ययन र अनुसन्धान खर्च शीर्षक थप भएको।	पुँजिकृत गरिने प्राविधिक तथा सुपरिवेक्षण खर्च पुर्व लगानी तथा पूर्व सञ्चालन खर्च पुंजिकृत हुने व्याज खर्च
परिभाषा खण्ड	थप भएको: • एकल बिन्दु सेवा केन्द्र • चालिस प्रतिशत निकासी गर्ने उद्योगलाई निकासी उद्योग	साठी प्रतिशत निकासी गर्ने उद्योगलाई निकासी उद्योग
उद्योग दर्ता हुने विषयमा प्रस्टता	देहायको उद्योग विभागमा दर्ता हुने: • अनुसूची १ बमोजिम दर्ता हुने • विदेशी लगानीमा सञ्चालन हुने • नेपालको संविधानको अनुसूची ५ अन्तर्गतका उद्योग • दुई वा सोभन्दा बढी प्रदेशको कार्यक्षेत्र भएको • कुटनैतिक मामिला सम्बन्धी शैक्षिक परामर्श सम्बन्धी सेवाका उद्योग	सबै प्रकारका उद्योग दर्ता हुने
वातावरणमा प्रतिकूल असर निराकरणमा स्पष्टता	दर्ता भएको उद्योगले प्रारम्भिक वातावरणीय अध्ययन वा वातावरणीय प्रभाव मूल्यांकन गरे पछि मात्र उत्पादन गर्न पाउने। उद्योगको ठाउँ सारी वा उद्देश्य परिवर्तन भएको कारणबाट प्रारम्भिक वातावरणीय अध्ययन वा वातावरणीय प्रभाव मूल्यांकन गर्नु पर्ने। प्रारम्भिक वातावरणीय अध्ययन वा वातावरणीय प्रभाव मूल्यांकन गर्नु नपर्ने उद्योगले सो को कारण स्पष्ट खोली जानकारी गराउनु पर्ने	

बोर्डको अनुमति लिनुपर्ने	• अनुसूची १ मा उल्लिखित उद्योग दर्ता गर्नु अघि बोर्डको अनुमति र अनुसूची १ को क्रम संख्या १ को लागि मन्त्रिपरिषद्को स्वीकृति लिनुपर्ने • बोर्डको अनुमति पाँच दिनभित्र जानकारी गराउनु पर्ने • उद्योग दर्ता गर्न दिएको निवेदनउपर निर्णय भएको मितिले पाँच दिनभित्र जानकारी दिने	• अनुसूची १ मा उल्लिखित उद्योग दर्ता गर्नु अघि बोर्डको अनुमति र विदेशी लगानी तथा प्रविधि हस्तान्तरण सम्बन्धी प्रचलित कानून बमोजिम बोर्डको स्वीकृति आवश्यक पर्ने उद्योग • बोर्डको अनुमति पन्ध्र दिनभित्र जानकारी गराउनु पर्ने • उद्योग दर्ता गर्न दिएको निवेदनउपर निर्णय भएको मितिले सात दिनभित्र जानकारी दिने
पुँजी वृद्धिको व्यवस्था	उद्योगको पुँजी वृद्धि, क्षमता वृद्धि, उद्देश्य थप वा परिवर्तन गर्दा स्वीकृति लिनु पर्ने	प्रस्ट उल्लेख नभएको
विवरण उपलब्ध गराउने	• विद्युतीय माध्यमबाट विवरण दिन सक्ने • उद्योगको दर्ता खारेजी वा बन्द नगरे सम्म उत्पादन नभए पनि शून्य विवरण दिनु पर्ने	यस अघि नभएको
अभिलेख व्यवस्थित गर्ने	उद्योग सम्बन्धी सूचनाहरूको अभिलेख राख्ने र शुल्क लिई सम्बन्धितलै उपलब्ध दायित्व उद्योग दर्ता गर्ने निकायको हुने गरी नयां व्यवस्था थप	
कर छुट सम्बन्धी	थप प्रावधानहरू: • एक करोडसम्म स्थिर पुँजी भएका साना र घरेलु उद्योगलाई लाग्ने करमा ५० प्रतिशत छुट • लघु उद्यमलाई दर्ता गर्न शुल्क नलाग्ने र आयकरमा शतप्रतिशत छुट • निर्यात हुने औधोगिक वस्तुमा प्रयोग गरिने माध्यमिक वस्तु उत्पादन गर्ने उद्योगले उत्पादन सामग्रीमा तिरेको भन्सार महसुल निर्यात भएको परिमाणको आधारमा माध्यमिक वस्तु उत्पादन गर्ने उद्योगलाई फिर्ता दिने गरी प्रस्ट गरेको।	• लघु उद्यमलाई कुनै शुल्क नलाग्ने र व्यवसाय वा कारोवार गरेको न्यूनतम पाँच वर्षसम्म आयकर नलाग्ने • मुलुकभित्रको उत्पादित वस्तुमा निकासीको परिमाणको आधारमा मूल्य अभिवृद्धि कर फिर्ता दिने व्यवस्था
औद्योगिक क्षेत्रभित्र	औद्योगिक क्षेत्र, औद्योगिक क्लस्टर, औद्योगिक	• औद्योगिक क्षेत्रभित्र सञ्चालनमा

संचालित उद्योगका सम्बन्धमा	करिडोर र औद्योगिक ग्राम भित्र सञ्चालनमा आएका उद्योगलाई नेपाल सरकारले छुट, सहुलियत सम्बन्धी विशेष व्यवस्था गर्न सक्ने	आएका उद्योगमा स्थानीयस्तर मा लाग्ने एकीकृत सम्पत्ति कर लगायतका स्थानीय कर नलाग्ने
विद्युतीय माध्यमको प्रयोग	यस ऐन बमोजिम गरिने काम कारवाहीमा विद्युतीय माध्यम प्रयोग गर्न सकिने	प्रस्ट उल्लेख नभएको
स्वचालित स्वीकृति प्रक्रिया	यस ऐन बमोजिम उद्योग दर्तादेखि खारेजी सम्मका प्रक्रियामा नेपाल सरकारले स्वचालित प्रक्रिया सञ्चालन गर्न सक्नेछ ।	प्रस्ट उल्लेख नभएको

(च) निकासी पैठारी नियन्त्रण ऐन २०१३: निकासी पैठारी मनाही वा नियन्त्रण गर्ने अधिकार व्यवस्थित गरी शान्ति र व्यवस्था कायम राख्न यो ऐन जारी भएको देखिन्छ । यस ऐनमा करिब १८ वटा क्षेत्रमा निकासी वा पैठारी मनाही गर्न वा नियन्त्रण गर्न नेपाल सरकारले आदेश जारी गर्नसक्ने व्यवस्था गरेको छ । यस ऐन अन्तर्गत १० वटासम्म नियमहरू बनाउन सक्ने अधिकार नेपाल सरकारलाई छ । नेपाल सरकारले २०७६ असार २ गते सूचित आदेश जारी गरी निकासी पैठारीमा मनाही वा नियन्त्रणको व्यवस्था गरेको छ ।

(छ) पेटेन्ट डिजाईन र ट्रेडमार्क ऐन २०२२: (क) "पेटेन्ट" भन्नाले कुनै पदार्थ वा पदार्थ समूहको बनावट, सञ्चालन वा प्रसारको नयाँ उपाय वा तरीका सम्बन्धी वा कुनै नयाँ सिद्धान्त वा फर्मुलाद्वारा पत्ता लगाईएको कुनै अविष्कार सम्झनु पर्छ । (ख) "डिजाईन" भन्नाले कुनै प्रकारले तयार गरी बनाईएको वस्तुको छाँट रूप वा आकार सम्झनु पर्छ । (ग) "ट्रेडमार्क" भन्नाले कुनै फर्म, कम्पनी वा व्यक्तिले आफ्नो उत्पादित मालसामान वा आफूले प्रदान गर्ने सेवालाई अरुको मालसामान वा सेवाबाट फरक देखाउन प्रयोग गरिने शब्द, चिन्ह वा चित्र वा शब्द चिन्ह र चित्र तिनै कुराको संयोग सम्झनु पर्छ । यी उद्देश्यका साथ जारी भएको यो ऐन धैरै पुरानो भैसक्दा पनि समयानुकुलका परिवर्तन र चुनौतिलाई सम्बोधन हुने गरी संशोधन हुन सकेको छैन ।

३.५.३ नियमावलीहरू:

(क) स्टाण्डर्ड नाप र तौल (मोहरबन्द प्याकेज) नियमावली २०७६: मोहरबन्द प्याकेज गरी बेचिने वस्तुहरूको तौल, साइज, आकार, विवरण लगायतका उपभोक्ताका लागि महत्वपूर्ण सूचनासहितको लेवल राखी वस्तुको विक्री तथा वितरण गर्ने उद्देश्यले यो नियमावली आएको देखिन्छ । यसले कुनै पनि उत्पादक वा वितरक वा विक्रेताले लेवल नराखी मोहरबन्द प्याकेज तयार गर्न वा विक्री गर्न नपाउने व्यवस्था गरेको छ । यस नियमावलीको नियम ५ ले लेवलमा खुलाउनु पर्ने विषयमा प्रस्ट पारेको छ भने नियम ६ ले लेवलको आकार र क्षेत्रफल तथा अक्षर तथा अंकको आकार तोक्ने प्रावधान रहेको छ । यस्तै नियमावलीको नियम ८ र ९ ले घोषणा वा जानकारी उल्लेख गर्ने तरिका र भाषाबारे प्रस्ट गरेको छ भने नियम १० ले मोहरबन्द प्याकेजमा परिमाण उल्लेख गर्ने र नियम ११ मा त्यस्तो परिमाण उल्लेख गर्ने तरिका उल्लेख छ । नियम १२ र १३ ले नाप तौलको आयाम तथा परिमाण उल्लेख गर्ने

तथा नियम १५ ले अनुसूचीमा उल्लेख भएका वस्तुहरू के कति मात्रामा घटी वा बढी हुन सक्छन् भन्ने उल्लेख छ। यस्तै नियमावलीमा मोहरबन्द प्याकेजका सन्दर्भमा जांच गर्ने तरिका, वस्तुको खुद परिमाण पत्ता लगाउने तरिका र के कस्ता काम कारवाही नियम विपरित हुने व्यवस्था गरेको छ। उपभोक्ता अधिकारको दृष्टिकोणबाट यो नियमावली वस्तुको विक्री वितरणमा एक प्रमुख नियमनकारी माध्यम बनेको छ।

(ख) औद्योगिक व्यवसाय नियमावली २०७६: औद्योगिक व्यवसाय नियमावली, २०७६ ऐन जारी भएको करिब तीन बर्षपछि आएको देखिन्छ। नियमावलीले उद्योग दर्ता, स्वीकृति, सञ्चालन, स्थानान्तरण लगायतका विषयमा कार्य प्रक्रियासहितको व्यवस्था गरी नियमावली जारी गरेको देखिन्छ। नियमावलीले उत्पादन प्रारम्भ गरे देखि र तत्पश्चात आवधिक रूपमा उत्पादनको विवरण उपलब्ध गराउनु पर्ने प्रबन्ध गरेको छ। नियमावलीले उद्योगको पुँजी वा क्षमता परिवर्तन गर्दा अपनाउनु पर्ने प्रक्रिया, उद्योग बन्दको जानकारी गराउनु पर्ने विषय तथा दर्ता खारेजी सम्बन्धी व्यवस्था पनि गरेको छ। नियमावलीको नियम १४, १५, १६, १७, १८ ले उद्योगले पाउने सुविधाको बारेमा उल्लेख गरेको छ भने नियम १९ ले जग्गा प्राप्तिमा सघाउ पुर्याउने, नियम २० ले सरकारी जग्गा लिजमा उपलव्ध गराउने व्यवस्था गरेको छ। नियमावलीको परिच्छेद ५ मा रुग्ण उद्योगका सम्वन्धमा विशेष व्यवस्था गरेको छ। यसमा ऋणको साँवा ब्याज तिर्न नसकेको, पुँजीको अनुपातमा ऋणको मात्रा अत्यधिक भएको, नेपाल धितोपत्र बोर्डमा दर्ता भएको कम्पनीको अंकित मूल्यभन्दा बजार मूल्य कम भएको, पछिल्लो तीन वर्ष पारबिन्दु (Break even) भन्दा तल्लो अवस्थामा उत्पादन भएको, प्राकृतिक प्रकोप वा काबु बाहिरको परिस्थितिले उद्योग बन्द हुने अवस्थामा पुगेको र अन्तररास्ट्रिय औद्योगिक वा वाणिज्य नीतिमा परिवर्तन आई उद्योगको उत्पादनले अन्तरराष्ट्रियस्तरमा प्रतिस्पर्धा गर्न नसकेको अवस्थामा उद्योग रुग्ण हुन सक्ने भनी अवस्था पहिचान गरेको छ। रुग्ण उद्योगको पहिचान र वर्गीकरण गरी त्यस्ता उद्योगले पाउने छुट, सहुलियत वा सुविधाका सम्बन्धमा नेपाल सरकारले निर्णय गर्ने वा सिफारिस गर्ने व्यवस्थासमेत रहेको छ। यस प्रयोजनका लागि पूर्व सचिव श्री दिपक सुबेदीको अध्यक्षतामा रुग्ण उद्योग पहिचान कार्यदल बनी उक्त कार्यदलले २०७७ फागुन महिनामा प्रतिवेदन दिएको अवस्था रहेको छ। ऐनको दफा ४७ बमोजिम गठन हुने ६ प्रकारको कोष सञ्चालन गर्न एक समिति रहने र कोषको प्रयोग र लेखा तथा लेखा परिक्षणको समेत व्यवस्था गरेको छ। समग्रतामा यो नियमावलीले औद्योगिक व्यवसाय ऐनको प्रभावकारी कार्यान्वयन गरी देशमा औद्योगिक वातावरण सिर्जना गर्न सहायक हुने उदेश्य राखेको देखिन्छ।

(ग) प्राइभेट फर्म रजिष्ट्रेशन (बाह्रौ संशोधन) नियमावली २०७६: प्राइभेट फर्म रजिस्ट्रेसन नियमावली मुख्यतया प्राइभेट फर्म दर्ता, नवीकरण, विवरण बुझाउने, जस्ता विषयलाई व्यवस्थित गर्न ल्याइएको नियमावली हो। यस नियमावलीमा बाह्रौ पटक संशोधन भएको छ। बाह्रौ संशोधनमा मुख्यत: दस्तुरहरूमा हेरफेर, म्यादभित्र दर्ता हुन नसकेका फर्मलाई नवीकरण गर्ने म्याद थप र प्रदेश सरकारले पनि प्राइभेट फर्म दर्ता तथा नविकरण गर्न सक्ने व्यवस्थामा संशोधन भएको छ। एघारौं संशोधनले महिला, दलित र विपन्न वर्गले दर्ता गर्ने रु एक करोडसम्मको

पुँजी भएको फर्मको दर्ता गर्दा रु एक सय दस्तुर शुल्क र एक करोडदेखि पाँच करोड पुँजी भएको फर्मको दर्ता दस्तुरमा ५० प्रतिशत छुट दिने व्यवस्था गरेको थियो भने दशौ संशोधनले म्याद नाघेका फर्मलाई नवीकरण गर्न विशेष म्यादको व्यवस्था गरेको थियो ।

(घ) प्रतिलिपि अधिकार नियम २०६१: रचयिता वा सर्जकको सिर्जना र सो को प्रयोगलाई व्यवस्थित गर्न प्रतिलिपि अधिकार ऐन, २०५९ को कार्यान्वयन निमित्त प्रतिलिपि अधिकार नियम, २०६१ जारी भएको छ । यसले मूलतः कुनै सर्जकले सिर्जना गरेको रचना वा श्रव्यदृश्य रचना, फोटोजन्य रचना जस्ता रचनाको प्रतिलिपि अधिकार रहने र सो को प्रयोग ऐन तथा नियममा भएबमोजिम गर्ने प्रमुख उद्देश्य राखेको देखिन्छ । यो नियमावली उद्योगका लागि आवश्यक बौद्धिक सम्पत्तिको अधिकार सम्बन्धमा भने त्यति उपयोगी हुने देखिदैन । नियमावलीले रचनाको पहिलो आर्थिक अधिकार रचियाताको हुने व्यवस्था गरेको छ भने रचना दर्ता हुनलाई स्वेच्छिक गरेको छ। यस्तै नियमावलीले रचयिता, प्रस्तोता, ध्वनि अंकन तथा प्रसारण संस्था जस्ता फरक फरक कार्यमा संलग्न रहने निकायको अधिकार र आर्थिक विषयलाई समेत समेटी यस क्षेत्रमा देखिएको अप्ठेरो समाधान गर्ने प्रयत्न गरेको छ । यसका लागि रोयल्टी उठाउने र बाँडफाँड गर्ने विषय पनि सम्बोधन गरेको छ । तथापि रोयल्टी लगाउने, उठाउने र बाँटफाँट गर्ने विषयमा भने सर्जक र प्रसारण संस्थाहरूबीचको विवाद कायमै छ ।

(ङ) उपभोक्ता संरक्षण नियमावली २०७६: गुणस्तरीय वस्तु तथा सेवा प्राप्त गर्ने उपभोक्ताको संवैधानिक अधिकार संरक्षण तथा संवर्द्धन गर्न, उपभोक्तालाई प्राप्त अधिकारको न्यायिक उपचार गर्न र उपभोक्तालाई हुने हानी नोक्सानी वापत क्षतिपूर्ति उपलब्ध गराउने उद्देश्यकासाथ उपभोक्ता संरक्षण ऐन, २०७५ लाई प्रभावकारी कार्यन्वयनमा सघाउ पुर्याउन उपभोक्ता संरक्षण नियमावली, २०७६ जारी भएको छ । नियमावलीले मुख्य रूपमा पैठारीकर्ता, ढुवानीकर्ता, संचयकर्ता, बिक्रेता, सेवा प्रदायकको दायित्वका बारेमा व्यवस्था गरेको छ । यसका साथै नियमावलीले वस्तु तथा सेवाको गुणस्तर निर्धारणको मापदण्ड निर्धारण, मूल्यको मापदण्ड र मूल्यसुची राख्नुपर्ने जस्ता विषयमा समेत उपभोक्ताको हितलाई केन्द्र बिन्दुमा राखी थप व्यवस्था गरेको छ । नियमावलीले मुख्य रुपमा निरीक्षण अधिकृतको योग्यता, नियुक्ति र निरीक्षण अधिकृतले निरीक्षण, खानतलासी वा जाँचबुझ गर्दा अपनाउनुपर्ने प्रक्रियाहरू बारे व्यवस्था गरेको छ । यस्तै उजुरी गर्ने व्यवस्था, उजुरीउपर अनुसन्धान र तत्काल जरिवाना गर्दा अपनाउनुपर्ने कार्यविधिबारे पनि उल्लेख छ । यसले उत्पादित वस्तु श्रृङ्खलामा संलग्न सबै तहहरू उपभोक्तालाई वस्तु तथा सेवा विक्री गर्दा जिम्मेवार हुनु पर्ने अवस्था देखिएको छ ।

(च) सूचनाको हक सम्बन्धी नियमावली २०६५: सूचनाको हक कार्यान्वयनको निमित जारी भएको सूचनाको हक सम्बन्धी नियमावली, २०६५ ले, सार्वजनिक निकायले सूचना सार्वजनिक गर्न अनिवार्य गरेको छ। त्यसरी सार्वजनिक हुने सूचनामा सार्वजनिक निकायले गरेको कामको प्रगति, वेबसाइट, प्राप्त गरेको ऋण वा सहायता, संरक्षण गरेको सूचना र समयावधि जस्ता विषयहरू समेटेको छ । यस्तै मौखिक रूपमा पनि सूचना माग गर्न सक्ने, सूचनाको लागि दस्तुर तोकेको र तोकिएको आकारको १० पृष्ठसम्मको सूचनाको लागि शुल्क नलाग्ने व्यवस्था गरेको

छ । यस्तै सूचना उपलब्ध नगराउने निकाय र पदाधिकारीउपर उजुरी दिन सक्ने व्यवस्था, तत्सम्वन्धमा आयोगको वैठक बसी निर्णय गर्ने प्रवन्ध समेत उल्लेख छ । सूचनाको हक सम्बन्धी नियमावलीको व्यवस्थाले सार्वजनिक निकायलाई आफ्ना काम कारवाहीमा बढी जिम्मेवार रहन र काम कारवाहीमा पारदर्शिता कायम गर्न सघाउ पुर्याएको छ । यसले उद्योग र व्यवसायमा लागेका व्यक्तिहरूलाई महत्वपूर्ण सूचनाहरू प्राप्त भै उद्योग सुरु गर्नु अघिका जोखिमहरूबारे मूल्यांकन गर्न सघाउ पुग्ने र उद्योग दर्ता, सञ्चालनकै प्रक्रियामा पनि सार्वजनिक निकायबाट भै रहेका ढिलासुस्तीका बारे जानकारी लिन सक्ने भएकोले यो व्यवस्थाले सघाउ पुर्याएको छ । तर सार्वजनिक हुने सूचनालाई गुणस्तर बनाउनुका साथै व्यावसायिक गोपनियताको सुरक्षाको जोखिमलाई पनि ध्यान दिनुपर्ने हुन्छ ।

(छ) अध्यागमन नियमावली २०५१: नेपालभित्र विदेशीहरूको प्रवेश, उपस्थिति र प्रस्थानलाई नियमित र नियन्त्रण गर्न ल्याईएको अध्यागमन ऐन, २०४९ को कार्यान्वियनको लागि यो नियमावली जारी भएको हो । औद्योगिक नीतिले विदेशी लगानीमा आउने कम्पनीका लागि चाहिने दक्ष जनशक्तिहरूको लागि भिसा सम्बन्धमा लिएको नीतिलाई सहयोग पुग्ने गरी ऐन तथा नियमावलीले व्यवस्था गर्नुपर्ने हुन्छ । ऐनले यस सम्बन्धमा स्पष्ट रूपमा कुनै कुरा नभनेकोले नियमावलीमा भएको प्रबन्धबाट विदेशी कामदारको भिसा नियमन गर्नुपर्ने हुन्छ । अध्यागमन नियमावली २०५१ को नियम ९ ले व्यावसायिक भिसा पाउने सम्बन्धमा देहाय बमोजिमको प्रबन्ध गरेको छ:

- नेपालभित्र व्यापारिक वा औद्योगिक व्यवसायमा लगानी गर्ने इजाजत प्राप्त विदेशीहरू वा त्यस्ता लगानी गर्ने कम्पनीका अधिकृत प्रतिनिधिहरू,
- नेपालबाट निकासी व्यापार गर्न इजाजत प्राप्त विदेशीहरू, र
- तेस्रो मुलुकबाट नेपालमा आई नेपालमा उत्पादित मालसामान खरिद गरी निकासी गर्ने वा निकासीको लागि खरिद आदेश दिने विदेशीहरू ।

उपरोक्त प्रबन्धअन्तर्गत आउने विदेशीलाई एक पटकमा बढीमा ९० दिन बस्न पाउने गरी पाँच वर्षे बहु प्रवेशी भिसा दिने गरिएको छ। यस्तै एकै पटक औद्योगिक व्यवसायमा नेपालमा एक लाख अमेरिकी डलर लगानी गर्ने विदेशीलाई आवासीय भिसा दिने व्यवस्थासमेत रहेको छ । नियम ८ को खण्ड (ग) र (ज) ले गैर पर्यटक भिसामा एक वर्षसम्म बस्न पाउने गरी विदेशी कामदारलाई काममा लगाउन सक्ने प्रबन्ध पनि गरेको छ । तर यस नियमावली बमोजिम आउने विदेशीले परिवार ल्याउन पाउने वा नपाउने विषयमा स्पष्ट उल्लेख गरेको छैन ।

३.५.४ रणनीति

(क) नेपाल एकीकृत व्यापार रणनीति २०१६: नेपालको निकासी सम्भावना भएका वस्तु तथा सेवालाई बढी जोड दिदै निकासी प्रवर्द्धन गर्ने उद्देश्यले नेपाल एकीकृत व्यापार रणनीति, २०१६ जारी भएको हो । यसले कृषि तर्फ अदुवा, अलैंची, चिया, औषधिजन्य बनस्पति र सुगन्धित तेल उत्पादनतर्फ सबै प्रकारका तेल, त्यस्तै उद्योगतर्फ गार्मेन्ट, टेक्सटायल, धागो र डोरी, छाला, जुत्ता, पश्मिना तथा गलैंचा र सेवा तर्फ सूचना प्रविधि, पर्यटन र रेमिटेन्स

आर्जन गर्ने दक्ष र अर्ध दक्ष जनशक्तिलाई प्राथमिकतामा राखेको छ । रणनीतिले पृष्ठ र अग्र सम्बन्धलाई स्थापित गर्ने जमर्को पनि गरेको छ । नीतिको उपलब्धितर्फ हेर्दा विगतदेखि नै निकासी भैरहेको प्रमुख वस्तु र सेवालाई नै यसले समेटेको हुँदा रणनीति कार्यान्वयनबाट सापेक्षिक रूपमा कति उपलब्धि हासिल भयो भनी स्पस्ट भन्ने आधार देखिएन ।रणनीतिले केही परिमाणात्मक लक्ष्य पनि उल्लेख गरेको छ जसअनुसार सन् २०२० सम्म निकासी GDP को ४ प्रतिशत, वैदेशिक लगानी प्रति वर्ष १५ प्रतिशतले बढ्ने, ८० प्रतिशत सुझाव कार्यन्वयन भएको हुने, र लजिस्टिक कार्य सम्पादन इन्डेक्स ३ पुगेको हुने भनेको छ ।

३.५.५ कार्यविधिहरू

(क) नेपाल पारबहन तथा गोदाम व्यवस्था कम्पनी लिमिटेडको महाप्रबन्धकको छनौट तथा सिफारिस सम्बन्धी कार्यविधि २०७६: नेपाल पारवहन तथा गोदाम व्यवस्था कम्पनी लिमिटेडको महाप्रबन्धक पदको छनौट तथा सिफारिस सम्बन्धी कार्यविधि, २०७६ महाप्रबन्धक पदमा खुला प्रतिस्पर्धाको माध्यमबाट योग्यतामा आधारित छनौटका लागि तय भएको कार्यविधि हो । यस कार्यविधिको प्रमुख उद्देश्य उक्त कम्पनीको नेतृत्वमा सुशासन दिइ आयात तथा निर्यात व्यापारमा सहजीकरण गर्न सक्ने नेतृत्व छनौट गर्नु रहेको छ । यसबाट औद्योगिक नीति कार्यन्वयनमा अप्रत्यक्ष सहयोग पुग्नेछ ।

(ख) नेपाल इन्टरमोडल यातायात विकास समितिको कार्यकारी निर्देशकको छनौट तथा सिफारिस सम्बन्धी कार्यविधि २०७६: नेपाल इन्टरमोडेल यातायात विकास समितिको कार्यकारी निर्देशकको छनौट तथा सिफारिश सम्बन्धी कार्यविधि २०७६ ले उक्त पदमा खुला प्रतिस्पर्धाबाट कार्यकारी निर्देशकको छनौटका लागि स्वीकृत गरेको कार्यविधि हो । यसको प्रमुख उद्देश्य भनेको व्यापार सहजीकरणका लागि यस क्षेत्रमा कामको अनुभव भएको र इन्टरमोडेलको माध्यमबाट अन्तरराष्ट्रिय व्यापारमा लागत घटाउने र प्रक्रिया सहजीकरण गर्ने कामका लागि सक्षम नेतृत्व चयन गर्नु हो । यस अर्थमा कार्यविधिले औद्योगिक नीतिको लक्ष्य हासिलमा परोक्ष रूपमा सघाउने देखिन्छ ।

(ग) निर्यातमा अनुदान प्रदान गर्ने सम्बन्धी कार्यविधि २०७५ मा संशोधन: स्वदेशी उत्पादनलाई निर्यातमुखी बनाउन तथा निर्यात प्रवर्द्धन गरी वैदेशिक व्यापारमा देखिएको असन्तुलन कम गर्न निर्यातकर्तालाई प्रोत्साहन गर्न यो निर्यातमा अनुदान प्रदान गर्ने सम्बन्धी कार्यविधि, २०७५ जारी भएको हो । कार्यविधिले निर्यात मूल्यमा अनुसूची १ मा उल्लेख भएका १५ वस्तुमा पाँच प्रतिशत र अनुसूची २ मा उल्लेख भएका ११ वस्तुमा तीन प्रतिशतले नगद अनुदान दिने व्यवस्था गरेको थियो । अनुसूची १ मा उल्लेख भएका वस्तुमा ५० प्रतिशत र अनुसूची २ मा उल्लेख भएका वस्तुमा ३० प्रतिशत मूल्य अभिवृद्धि हुनुपर्ने र कृषि, वन तथा खानीजन्य उत्पादनमा कम्तिमा एक चरण प्रशोधन गरेको हुनुपर्ने व्यवस्था समेत गरेको छ । यसमा परिवर्त्य मुद्रामा भुक्तानी गरेको हुनुपर्ने र भारत निकासीको हकमा लेटर अफ क्रेडिटमार्फत भुक्तानी भएको हुनुपर्ने व्यवस्था थियो ।

निर्यात अनुदान प्रदान गर्ने सम्बन्धी कार्यविधिमा २०७६ साल साउन ६ मा पहिलो संशोधन भएको छ । पहिलो संशोधनमा अनुसूची २ मा जुत्ता चप्पल थप भएको छ भने मूल्य अभिवृद्धि गणना गर्ने सुत्र तोकिएको छ । यस्तै संशोधनले एक तह प्रशोधन गर्नुपर्ने व्यवस्था हटाई मूल्य अभिवृद्धिलाई मात्रै आधार लिएको छ । अनुसूची १ र २ मा रहेका वस्तुको मूल्य अभिवृद्धि घटबढ भएमा जुन अनुसूची अनुरूप हुन्छ सोहीबमोजिम अनुदान पाउन सक्ने लचकता दिएको छ । यस्तै मूल्य अभिवृद्धिको सबै परिमाण परिक्षण गर्ने व्यवस्थामा सुधार गरी पाँच प्रतिशत छनौट गरी स्थलगत अनुगमन गर्ने र उद्योगको स्वघोषणालाई मुख्य आधार मान्ने व्यवस्था गरेको छ । यस्तै उद्योगले प्रत्येक वर्ष साउन महिना र माघ महिनामा मूल्य अभिवृद्धिको विवरण विभागमा उपलब्ध गराउने व्यवस्था गरेको छ । भारततर्फ हुने निकासीमा प्रतित पत्रको सट्टा बैंकिंग प्रणालीमार्फत आएको भुक्तानीलाई मान्यता दिएको छ । संशोधनले नगद अनुदान दिने कार्यविधिलाई सरल गरेको छ ।

(घ) सार्वजनिक निकायका कार्यकारी प्रमुखको छनौट तथा सिफारिस सम्बन्धी कार्यविधि २०७५: यो कार्यविधि उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयको वाणिज्य तथा आपूर्ति क्षेत्रका सार्वजनिक निकायका कार्यकारी निर्देशक वा महाप्रबन्धक जस्ता कार्यकारी प्रमुख भै काम गर्नुपर्ने पदमा नियुक्त हुने पदाधिकारीहरू खुला प्रतिस्पर्धाबाट छनौट गर्ने गरी तयार गरेको एकीकृत कार्यविधि हो । यस कार्यविधि पश्चात नेपाल इन्टरमोडल यातायात विकास समितिको कार्यकारी निर्देशकको छनौट तथा सिफारिस सम्बन्धो कार्यविधि २०७६ र नेपाल पारबहन तथा गोदाम व्यवस्था कम्पनी लिमिटेडको महाप्रबन्धकको छनौट तथा सिफारिस सम्बन्धी कार्यविधि, २०७६ आइसकेको सन्दर्भ यसको औचित्यमाथि प्रश्न उठेको छ । पछिल्लो कार्यविधिले अघिल्लो कार्यविधिलाई खारेज नगरेको सम्बन्धमा आवश्यकताका आधारमा जुनसुकै कार्यविधि प्रयोग गर्न सकिने अवस्था कायम भएको छ । एकै मन्त्रालय अन्तर्गत यो अवस्था आउनु उपयुक्त होइन । यस कार्यविधिले पनि खुला प्रतिस्पर्धाकै आधारमा योग्यता प्रणालीमा छनौट गर्ने व्यवस्थालाई प्राथमिकतामा राखेको छ । तथापि पछि नयाँ कार्यविधि आएको सन्दर्भमा योग्यतामा आधारित छनौट प्रणालीको कार्यान्वयनमा कति वस्तुपरक मूल्यांकन गर्ने गरिएको छ भन्ने विषयले पनि यसको प्रभावकारितामा असर पुग्ने गरेको देखिएको उदाहरणसमेत छन् ।

(ङ) औद्योगिक ग्राम घोषणा तथा सञ्चालन सम्बन्धी कार्यविधि २०७५: औद्योगिक ग्राम घोषणा तथा सञ्चालन सम्बन्धी कार्यविधि, २०७५ स्थानीयस्तरमा उपलब्ध श्रोत, साधन, कच्चा पदार्थ, श्रम र सीपको सदुपयोग गरी लघु, घरेलु तथा साना उद्योगमा लगानी वृद्धि गर्दै स्थानीय रोजगारीसमेत वृद्धि गरी राष्ट्रिय अर्थतन्त्रलाई योगदान पुर्याउने उद्देश्यका साथ ल्याइएको देखिन्छ । कार्यविधिले साना उद्योगहरूलाई एकै स्थानमा जग्गा उपलब्ध गराएर जग्गा तथा अन्य पूर्वाधारमा लाग्ने लागत कम गरी लघु, घरेलु तथा साना उद्योग प्रवर्द्धन गर्न खोजेको देखिन्छ । यसमा हिमालका लागि ३० रोपनी, पहाडका लागि ४० रोपनी र तराइमा ७ विगाहा जमिन हुनुपर्ने र मानव वस्तीदेखि एक किलोमिटरको दुरी र उक्त ग्रामको २०० मीटरको परिधिभित्र मानव वस्ती हुन नहुने व्यवस्था गरेको छ । यस्तै कार्यविधिले पूर्वाधार, उद्योगका प्रकृतिहरू, औद्योगिक ग्राम भित्र गर्न सकिने र नसकिने कार्यहरू, जग्गा भाडामा

दिने छुट तथा सम्भावित कर सहुलियत लगायतका विषयहरूमा विस्तृत रूपमा उल्लेख गरेको छ । यसबाट काम के कसरी गर्न सकिन्छ भन्ने स्पष्ट हुने भएपनि तीन तहका सरकारले पूर्वाधार विकासमा के कसरी लगानी गर्छन र उद्योगलाई सहज रूपमा काम गर्न सक्ने वातावरण बनाउछन् भन्ने कुरा तय गर्न सकेको देखिदैन । कार्यविधिले सहजीकरण गर्न खोजेको देखिए पनि यसका कतिपय प्रावधानहरू सहजीकरण उन्मुख छैनन् । उदाहरणको लागि जग्गाको उपयोगको बाँटफाटमध्ये कुल उद्योग रहनु पर्ने (कम्तिमा ६० प्रतिशत रहनु पर्ने शर्त) बाहेक अन्यलाई डिजाइनको अवस्थामा तय गर्ने गरी छोडी दिनु पर्ने थियो । यस्तै पूर्वाधार लगानी कसले गर्ने भनी स्पष्ट उल्लेख छैन । सबैलाई स्थान छोडेको अवस्थामा कसैले पनि नगर्ने हुन सक्छ । यस्तै एक पालिकाको औद्योगिक ग्रामको १०० मिटर दुरीमा अर्को पालिकाको औद्योगिक ग्राम आउन अर्को पालिकाको स्वीकृति व्यावहारिक छैन र समन्वय, सहकार्यको सिद्धान्त प्रतिकूल पनि छ । दुई पालिकाका नजिकै औद्योगिक ग्राम हुँदा उद्योगको वातावरणलाई अझ प्रोत्साहित गर्ने र कामदार तथा उद्योगसंगको सहायक सेवालाई बढाउन मद्दत गर्ने भएकोले यसको प्रवर्द्धनमा सहयोग पुर्याउनु पर्ने देखिन्छ । तसर्थ, यसलाई अझ परिमार्जनको आवश्यकता छ । मुलुकलाई लघु, घरेलु तथा साना उद्योगको माध्यमबाट औद्योगिकीकरण गर्ने र रोजगारी सिर्जना गर्ने दिशातर्फको यो प्रयत्नलाई अझै अगाडि बढाउनु पर्ने देखिन्छ ।

(च) नेपाल खाद्य संस्थानको महाप्रबन्धकको छनौट तथा सिफारिस सम्बन्धी कार्यविधि-२०७५: नेपाल खाद्य संस्थानको महाप्रबन्धकको छनौट तथा सिफारिस सम्बन्धी कार्यविधि-२०७५ उक्त संस्थानको महाप्रबन्धकको पदमा खुला प्रतिस्पर्धामा नियुक्त गर्न तय गरेको कार्यविधि भए पनि हाल उक्त संस्थान खाध्य तथा व्यापार कम्पनि लिमिटेडमा दर्ता भैसकेकोले यसको सान्दर्भिकता देखिदैन ।

३.५.६ मापदण्डहरू

(क) कोभिड -१९ महामारीको समयमा उद्योग, वाणिज्य तथा आपूर्ति क्षेत्रले अपनाउनुपर्ने सुरक्षा मापदण्ड (Protocol): नेपाल सरकारले २०७६ चैत्र ११ गते देखि कोभिड-१९ को संक्रामक रोग नियन्त्रणका लागि गरेको राष्ट्रव्यापी लकडाउन पश्चात सो को संयोजन गर्न र खास गरी स्वास्थ्य सुरक्षालाई केन्द्र बिन्दुमा राखी तत्सम्बन्धी अन्य व्यावसायिक गतिविधिहरूलाई समेत व्यवस्थित गर्न मन्त्रिपरिषदले नै कार्यविधि तोक्ने र त्यसअन्तर्गत अत्यावश्यक सिमित आर्थिक तथा औद्योगिक क्रियाकलाप गर्न सहज गर्ने प्रयोजनका लागि सुरक्षा मापदण्ड जारी गर्ने गरेको थियो । करिब पाँच महिनाको कडा मापदण्ड पछि आर्थिक गतिविधिलाई सामान्यीकरण गर्ने प्रयोजनका लागि मन्त्रिपरिषद्को २०७७/४/५ को निर्णयले सम्बन्धित मन्त्रालयले नै सुरक्षाअन्तर्गत निकायले पालना गर्नुपर्ने कोभिड-१९ को सुरक्षा मापदण्ड तयार गर्ने सन्दर्भमा माननीय मन्त्रीस्तरको २०७७/४/१५ को निर्णयले "कोभिड -१९ महामारीको समयमा उद्योग, वाणिज्य तथा आपूर्ति क्षेत्रले अपनाउनुपर्ने सुरक्षा मापदण्ड (Protocol)" जारी गरेको छ । यसमा मूलतः आवत/जावत, कार्यालय/ कार्यस्थल/ उद्योग परिसर प्रवेश, कार्यस्थल सरसफाई र निसंक्रमण, कार्यस्थलमा भौतिक दुरी कायम गर्ने, सवारी साधनको प्रयोग, व्यावसायिक बैठक तथा भ्रमण, उत्पादन,

प्रशोधन तथा सामग्री व्यवस्थापन, ढुवानी, बजार सञ्चालन तथा बजारीकरण, डिपार्टमेन्ट स्टोर, विक्री केन्द्र तथा खुद्र पसल, रेस्टुराँ तथा खाजा घर सञ्चालन, शंकास्पद संक्रमित व्यक्तिको उपचार, सचेतना, सम्बन्धित उद्योग संगठन, चेम्बर जस्ता छाता संगठनको भूमिका, अनुगमन जस्ता विषयमा अपनाउनु पर्ने मापदण्ड निर्धारण गरेको छ । यस्तै सोही प्रयोजनका लागि के गर्ने के नगर्ने भनि "कोभिड-१९ महामारीको समयमा उद्योग ,वाणिज्य तथा आपूर्ति क्षेत्रले अगनाउनुपर्ने सुरक्षा मापदण्ड पालनाको अनुगमन सूचकहरू (चेक लिष्ट)" समेत तयार गरेको छ । यस्तै विदेशबाट उद्योगमा काम गर्ने दक्ष जनशक्ति ल्याउने क्रममा उद्योग तथा सम्बन्धित व्यक्तिले पालना गर्नु पर्ने मापदण्डक लागि "विदेशबाट प्राविधिक नेपाल ल्याउन सहजीकरण प्रकृया" जारी गरेको छ। मिति २०७७/७/४ मा फेरी उत्पादनशील उद्योगका लागि विदेशी श्रमिक ल्याउने सम्बन्धी कार्यविधि पनि जारी भएको छ। माथि उल्लिखित यी सबै मापदण्डले कोभिड-१९ संक्रमणको कठिन परिस्थितिमा उद्योग व्यवसाय चलाउन सहजीकरण गरेको छ ।

(ख) ढुङ्गा, गिट्टी, बालुवा उत्खनन्, विक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड २०७७: ढुङ्गा, गिट्टी, बालुवा उत्खनन्, विक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७ यस अघि व्यवस्था गरिएका सम्पूर्ण मन्त्रिपरिषद्को निर्णयहरू खारेज गरी एकीकृत गरिएको कार्यविधि हो । यसले पालिकालाई ढुङ्गा, गिट्टी, बालुवा उत्खनन्, विक्री तथा व्यवस्थापनमा सर्वेक्षण,अनुमति, नियमनलगायतका सम्पूर्ण जिम्मेवारी दिएको छ भने रास्ट्रिय महत्वका परियोजनाहरूलाई त्यस्ता परियोजनाले पहिचान गरेका क्षेत्रबाट ढुङ्गा, गिट्टी, बालुवा उत्खनन् गर्न सघाउ पुर्याउने जिम्मेवारी पनि तोकेको छ । यस्तै यो व्यवसाय गर्नेहरू मूल्य अभिवृद्धि करमा अनिवार्य दर्ता गर्नु पर्नेछ । निकासीको लागि पनि यस कार्यविधिले प्रावधान राखेको छ तर अलि अपूर्ण छ । स्थानीय मागलाई पर्याप्त भै अधिक उत्पादन हुने अवस्थामा परिमाणत्मक बन्देजसहित निकासी गर्न सकिने व्यवस्था पनि आउनु पर्ने थियो । यसले स्थानीय तहलाई बढी जिम्मेवारी बनाउन खोजेको देखिए तापनि स्थानीय तहले गरेका कामको मूल्यांकन र समन्वयको लागि अर्को कुनै संयन्त्र पनि हुनुपर्ने थियो ।

३.५.७ कोभिड-१९ पूर्व तथा पश्चातको अवस्था मूल्यांकन: सन् २०१९ को डिसेम्बर महिनामा चीनको वुहानमा देखिएको कोरोनाको नयाँ प्रजातिको भाइरस देखिएपछि सो भाइरसको नियन्त्रणको लागि चीनले आवागमनमा प्रतिबन्ध लगाउन सुरु गरेपछि सो भाइरस इटाली, स्पेन हुँदै क्रमश यूरोप तथा अमेरिका हुँदै विश्वभर महामारीको रूप लिन थालेपछि सबै देशहरूले आन्तरिक तथा बाह्य आवागमनमा प्रतिबन्ध लगाएपछि नेपालले पनि ११ चैत २०७६ देखि लकडाउन गरेको थियो । तर बन्दाबंदी अगाडि अर्थात् फागुनदेखि नै आर्थिक क्रियाकलापमा कमी आएको देखिन्छ ।

(क) कोभिड पूर्वको अवस्था: विश्व बैंकका अनुसार सन् २०१९ मा विश्व अर्थतन्त्रमा विकसित मुलुकमा आर्थिक वृद्धि दर २.३ प्रतिशत रहेको थियो भने दक्षिण एसियाको औसत वृद्धि ४.४ प्रतिशत रहेको थियो । भारतको आर्थिक वृद्धि ६.१ प्रतिशत रहेको र त्यहि नेपालको वृद्धि दर ७ प्रतिशत रहेको उल्लेख छ । आर्थिक सर्भेक्षण २०७६ अनुसार भने नेपालको आर्थिक वृद्धि ६.७ प्रतिशत रहेको उल्लेख छ ।

औद्योगिक नीति आए पश्चात पनि द्वितीय क्षेत्र (उत्पादनमूलक उद्योग, विद्युत, ग्याँस र पानी) को पछिल्लो १० वर्ष (२०६६/६७ -२०७५/७६) को औसत मूल्य अभिवृद्धि ३.८ प्रतिशत रहेको छ । कुल गार्हस्थ उत्पादनमा यस क्षेत्रको हिस्सा आ व २०६६/६७ मा १४.६१ रहेकोमा आ व २०७५/७६ मा पनि १४.४१ प्रतिशत रहेको छ । तर तृतीय क्षेत्र अर्थात् सेवा क्षेत्रको हिस्सा भने ४८.४८ बाट बढेर ५७% भन्दा बढी पुगेको छ । यस हिसाबबाट हेर्दा एक दशकको अवधिमा द्वितीय क्षेत्रमा स्थिर अवस्था देखिन्छ । यहाँनेर नीतिले लगानी र वातावरणलाई कति सहज गरायो भनेर हेर्ने हो भने यो वृद्धि नीति भए पनि वा नभए पनि परिणाम हासिल हुन सक्थ्यो भनी निस्कर्ष निकाल्दा कुनै अप्ठेरो पर्दैन । आ व २०६६/६७ मा कुल विद्युत उत्पादन ५७२.७ मेगाबाट भएकोमा २०७५ फागुन सम्ममा १०८३ मेगाबाट पुगी थप ५१० मेगाबाट मात्र थप हुन सक्यो । विद्युतको अभावमा मुलुकले अठार घण्टा भन्दा बढीको लोडसेडिंग व्यहोरेको कारण आ व २०७१/७२, २०७२/७३, २०७३/७४ तिर औद्योगिक उत्पादनको वृद्धि दरमा कमि आएको देख्न सकिन्छ ।

औद्योगिक नीति जारी भएपछिको वर्षहरूमध्ये आ व २०६६/६७ देखि नै निकासीमा बढोत्तरी हुँदै गएकोमा २०७१ को वर्षमा करिब ९१.९९ अर्ब निकासी पुगेको देखिन्छ । तर त्यसपछिका दुई वर्ष निकासी व्यापारका हिसाबले नकारात्मक वर्ष रहे । २०७२ सालमा निकासी घटेर ८५ अर्बमा झरेकोमा अर्को वर्ष २०७३ मा फेरी कमि आइ ७० अर्ब रहन गयो । त्यस पछि केही उकालो लाग्ने क्रममा रहेको निकासी व्यापार पुन: २०७१ को निकासी अंक बराबर पुग्न करिब पाँच वर्ष लागेको देखिन्छ । अमेरिकी डलरको आधारमा हेर्ने हो भने यो अझ निराशाजनक छ । निकासी व्यापार घट्नुमा प्रमुख कारणमा आन्तरिकतर्फ लोडसेडिंग प्रमुख कारकको रूपमा रहेको छ । बाह्य कारणमा भारतमा हुने निकासीमा बेला बेलामा हुने आउने अड्चन वा प्रतिबन्धहरू रहेका छन् ।

(ख) कोभिड पश्चातको अवस्था: विश्वभर नै आर्थिक गतिविधिमा कमी आएको कारण सन् २०२० मा आर्थिक बृद्धिको दर न्यून आंकलन गरिएको थियो । विश्व बैंकको जनवरी २०२१ को प्रतिवेदन अनुसार दक्षिण एसियामा कोरोनको प्रकोपको कारण सन् २०२० मा ६.७ प्रतिशतले उत्पादनमा संकुचन आएको उल्लेख छ । यस क्षेत्रमा सन् २०२१ मा ३.३ प्रतिशत र सन् २०२० मा ३.८ प्रतिशतले आर्थिक वृद्धि हुने अनुमान गरेको छ । छिमेकी भारतको वृद्धि सन् २०२१ मा ५.४ प्रतिशत पुग्ने अनुमान छ भने सन् २०२२ सम्म औधोगिक उत्पादनमा २२ प्रतिशतले संकुचन आउने अनुमान छ । पर्यटनमा आधारित नेपाल, भुटान लगायतका देशको आर्थिक क्रियाकलापमा सामान्य सुधार आउने उल्लेख गरेको छ । विश्व बैंकले प्रक्षेपण गरे अनुसार सन् २०२० मा नेपालको आर्थिक वृद्धि ०.२ प्रतिशत, २०२१ मा ०.६ प्रतिशत र २०२२ मा २ प्रतिशत हुने अनुमान छ । यस्तै कोभिड १९ को असर यो दशकभरि नै रहने र सन् २०२०-२०२५ को अवधिमा हुने आर्थिक वृद्धिमा १ प्रतिशतको नकारात्मक असर रहने उल्लेख छ ।

वर्ल्ड इकोनोमिक आउटलुक २०२० (Word Economic Outlook 2020) को अक्टोबर प्रतिवेदनअनुसार विकसित देशको आर्थिक वृद्धि दर सन् २०२० मा ५.८ प्रतिशत ऋणात्मक रहने अनुमान गरिएकोमा सन् २०२१ मा ३.९ प्रतिशतले वृद्धि हुने उल्लेख गरिएको छ । यस्तै इमर्जिंग मार्केट एंड डेभेलपिंग इकोनोमीको (Emerging

Markets & developing Economy) वृद्धि दर भने सन् २०२० मा ३.३ प्रतिशतले ऋणात्मक हुने अनुमान गरिएकोमा सन् २०२१ मा ६ प्रतिशतले बढ्ने अनुमान गरिएको छ । भारतको हकमा भने १०.३ प्रतिशतले घटेको आर्थिक वृद्धि दर ८.८ प्रतिशतले बढ्ने अनुमान गरिएको छ । यस्तै न्यून आय भएका र विकासोन्मुख अर्थतन्त्र भएका देशहरूको आर्थिक वृद्धि सन् २०२० मा १.२ प्रतिशतले ऋणात्मक हुने र सन् २०२१ मा ४.९ प्रतिशतले बढ्ने प्रक्षेपण गरिएको छ ।

उत्पादनतर्फ जनवरी २०२० को इन्डेक्स १०० को आधारमा सन् २०२० को अक्टोबरमा १६ बिन्दुले कम भएको छ । सबैभन्दा बढी अप्रिल महिनामा ५० बिन्दुले कमी आएको र यो क्रमश सुधारतर्फ गए पनि २०२० जनवरीको बिन्दुमा आइपुग्न अझै केही समय लाग्ने देखिएको छ ।

आर्थिक सर्भेक्षण, २०७६ मा उल्लेख भएअनुसार आर्थिक वर्ष २०७६/७७ मा कुल गार्हस्थ उत्पादनमा उद्योग क्षेत्रको कुल मूल्य अभिवृद्धि २.२७ प्रतिशतले घट्ने अनुमान गरेको छ । कुल गार्हस्थ उत्पादनमा उद्योग क्षेत्रको योगदान भने ५.०९ प्रतिशतमा रहने अनुमान छ जुन अघिल्लो आर्थिक वर्ष २०७५/७६ को ५.६५ प्रतिशत भन्दा ०.५६ बिन्दुले कम छ । समग्र द्वितीय क्षेत्र (उद्योग, निर्माण, विद्युत, ग्यास र पानी) को उत्पादन आ व २०७५/७६ को १४.५ प्रतिशतको तुलनामा १३.७ प्रतिशतमा रहने अनुमान छ ।

३.५.८ योजनामा औद्योगिक नीति: औद्योगिक नीति, २०६७ जारी भएपछिको अवधिमा बाह्रौ, तेह्रौ, चौधौं त्रिवर्षीय योजना र पन्ध्रौँ पन्च वर्षीय योजना जारी भएको छ । ती योजनाले लिएको प्राथमिकता र उक्त योजनामा नीतिलाई के कसरी समेटिएको छ भनी तल तुलनात्मक तालिका अनुसूची २ मा प्रस्तुत गरिएको छ ।

बाह्रौं योजनामा औद्योगिक नीतिमा उल्लेख भएका १९ नीति तथा १० वटा विशेष नीतिहरूमध्ये ८ वटा विषय समावेश भएको र २१ वटा विषयमा उल्लेख नभएको पाइयो । यस्तै तेह्रौं योजनामा १३ वटा विषय समावेश भएको र १६ वटा समावेश नभएको पाइयो । चौधौं योजनामा भने ७ वटा विषयलाई मात्र समेटेको पाइयो भने पन्ध्रौँ योजनामा भने ११ वटा विषयलाई समावेश गरेको पाइयो र १८ वटा विषयमा भने केही उल्लेख भएन । यस प्रकार योजनाले पनि नीतिमा उल्लेख भएका सबै विषयलाई समेटेको पाइएन । नीतिमा उल्लेख भएका विषय र योजनामा उल्लेख भएका विषयमा के के प्रगति भयो भनि लेखाजोखा गरेको छुट्टै प्रतिवेदन उपलब्ध हुन सकेन ।

पन्ध्रौ योजनामा उद्योग क्षेत्रको योगदान कुल गार्हस्थ उत्पादनको ६.५ प्रतिशत पुग्ने र पूर्वाधार विकाससहित १५ औद्योगिक क्षेत्र, ५ विशेष क्षेत्र र ३५१ उद्योग ग्राम सञ्चालनमा आएको हुने उल्लेख छ ।

कोभिड -१९ को कारण आर्थिक वर्ष २०७६/७७ मा उद्योग क्षेत्रको वृद्धि दर ३.२ प्रतिशतले मात्र बढ्ने(पछिल्लो चार वर्षमा सबैभन्दा कम दरको वृद्धि, विश्वबैंक नेपाल डेभेलपमेंट अपडेट , जुलाई १, २०२०) र आर्थिक वर्ष २०७७/७८ को प्रथम ६ महिनामा पनि कोभिड-१९ को असर विद्यमान रहेकोले औद्योगिक उत्पादनमा सो को प्रभाव देखिन गै

उद्योग क्षेत्रको उत्पादन वृद्धि न्यून हुने प्रक्षेपण रहेको छ । यसका कारण पन्ध्रौ योजनाले लिएको लक्ष्य हासिल गर्न बाँकी अवधिमा लगानी र कार्यक्षमता बढाउनु पर्ने देखिएको छ ।

३.५.९ औद्योगिक नीति पश्चात समग्र औद्योगिक पूर्वाधारको अवस्था: औद्योगिक नीति २०६७ जारी भएको करिब पाँच वर्षसम्म यसको प्रगति देखिने गरी निती कार्यानव्यन भएको देखिदैन । त्यस पछिका अवधिमा केही सुधारका कार्यहरू पनि भएका छन् । औद्योगिक नीति २०६७ जारी भएपछिको एक दशकमा औद्योगिक व्यवसाय ऐन दुई पटक जारी भयो । पहिलो पटक जारी भएको ऐन (२०७३) लाई पुन: २०७६ सालमा परिमार्जित गरी नयाँ ऐनको रूपमा आएको छ । औद्योगिक ऐन, (२०७३, २०७६) ले औद्योगिक नीति, २०६७ ले उल्लेख गरेको मुख्य मुख्य विषयहरूलाई कानूनमा समेटेको छ । यस्तै लामो समय देखि समस्यामा रहेको श्रमिकको समस्या सम्बोधन गर्न सामाजिक सुरक्षा ऐन, २०७५ जारी भै सामाजिक सुरक्षा कोषमा समावेश हुने उद्योग तथा कम्पनीको संख्या बढी रहेको छ । कोषको वेबसाइटमा २०७७ फागुन १८ गते सम्म १३३३४ वटा रोजगार संस्था कोषमा दर्ता भएका र १९१६९४ जना कार्यक्रममा सहभागी भएका छन् ।

कर तथा भन्सारलगायतका विषयमा दिएको छुट, सहुलियतको कार्यान्वयनमा देखिएको समस्या समाधान गर्न कर ऐन तथा भन्सार ऐनमा नै उद्योगले पाउने छुटलाई व्यवस्थित गरिएको छ ।

एकल विन्दु सेवा केन्द्रतर्फ नेपाल राष्ट्र बैंकले अमेरिकी डलर १ लाख सम्मको रकम विदेश लैजान आवश्यक अधिकार प्रत्यायोजन गरेको छ भने श्रम कार्यालयले दिने स्वीकृति त्यहीबाट हुने गरेको छ । भिसा स्वीकृतिमा पनि सहज भएको छ । एक्जिम कोड दिने व्यवस्था पनि भएको छ । उद्योग दर्ता गर्दा नै स्वत: स्थायी लेखा नम्बर आउने व्यवस्था गरेको छ । सो देखाएपछि स्थायी लेखा नम्बर जारी हुने गरेको छ तर अझै पनि कम्पनी रजिस्ट्रार कार्यालयबाट हुने दर्ता, वातावरण परिक्षण र ठूलो वैदेशिक रकमको स्वीकृतिको लागि भने सम्बन्धित निकायमा फाइल नै लिएर जानु पर्ने अवस्था छ ।

व्यापार पूर्वाधारका हिसाबले भन्सार क्षेत्रभित्रबाट वस्तुहरूको आयात निर्यात गर्ने कार्यमा सहजीकरण गर्न नेपाल इन्टरमोडल यातायात विकास समितिको गठन भै यसले वीरगंज, बिराटनगर, काकरभिट्टा, भैरहवा र तातोपानी भन्सारमा सेवा दिएको छ भने काठमाडौँ र रसुवामा बन्न लागेको ड्राइपोर्टको पनि समन्वय गरेको छ । वीरगंजको अलावा बिराटनगरमा पनि एकीकृत चेकपोस्ट सञ्चालनमा आएको छ । हालसम्म पाँच वटा ड्राइपोर्ट र दुईवटा एकीकृत चेकपोष्ट सञ्चालनमा आएका छन् । यस्तै नेपालगन्जमा एकीकृत चेकपोस्ट निर्माणाधीन रहेको छ भने भैरहवाको लागि जग्गा प्राप्ति गर्ने कार्य सुरु भएको छ । यसबाट व्यापार लागत कम गर्न र आयात निर्यात व्यापारमा लाग्ने समय कम गर्न सहयोग पुगेको छ ।

औद्योगिक क्षेत्रतर्फ हाल १० वटा औद्योगिक क्षेत्र सञ्चालनमा छन् भने झापाको दमक, मकवानपुरको मयुरधाप, चितवनको शक्तिखोर, रुपन्देहीको मोतिपुर, बाँकेको नौवस्ता र कन्चनपुरको दैजी-छेला गरी पाँच वटा नयाँ औद्योगिक क्षेत्रको शिलान्यास भएको छ ।

चीन हुँदै तेश्रो मुलुकसँग वैदेशिक व्यापार गर्न नेपाल र चीनबीच व्यापार र पारवहन सम्झौता(२०१६) र प्रोटोकल(२०१९) मा हस्ताक्षर भै नेपालले चीनको चार सामुद्रिक बन्दरगाह र तीन सुख्खा बन्दरगाह प्रयोग गर्न पाउने नयाँ प्रबन्ध भएको छ। भारतसँग व्यापार र पारवहन सम्झौता पुनरावलोकन गर्न दुवै देशको सहसचिवस्तरको बैठकबाट सहमति भएको छ ।

नेपालतर्फ प्रमुख भन्सारनाका भएका बिराटनगर, वीरगंज, भैरहवा र नेपालगंजको बाटोलाई पूर्व पश्चिम राजमार्गसँग ६ लेनको बाटोले जोड्ने कार्य भएको छ भने यसका लागि व्यापारिक मार्ग विस्तार निर्देशनालयको रूपमा छुट्टै निकायले काम गरिरहेको छ । पूर्वपश्चिम राजमार्गलाई ४ लेनमा विस्तार गर्ने कार्य पनि सुरु भएको छ ।

अन्तरराष्ट्रिय व्यापारका लागि एक्जिम कोड दिने व्यवस्था छ भने २०७७ माघ २० गते "नेपाल नेशनल सिंगल विन्डो" को प्रारम्भिक सुरुवात भएको छ । यसमा अहिले खाद्य तथा गुणस्तर विभाग, पशु सेवा विभाग र प्लान्ट क्वारेन्टाइन तथा कीट व्यवस्थापन केन्द्रले सेवा दिनेछन् भने व्यापारसँग सम्बन्धित ४० वटा निकायहरू यसमा आवद्ध हुनेछन् ।

माथि उल्लेख गरे मुताविक पूर्वाधारतर्फ केही सुधारहरू भएको देखिन्छ । नीतिले प्रस्ताव गरेका कानूनी, छुट तथा सहुलियत, र संस्थागत प्रबन्धको विषय मुख्य रूपमा कार्यान्वयन भएको देखिन्छ। कानून र कर सहुलियतका प्रबन्धले व्यवसाय गर्ने वातावारणमा केही सुधार देखिए पनि समग्र उद्योगको वातावरण बनाउन भने प्रयाप्त भएको देखिएन। विश्व बैंकले सार्वजनिक गरेको "डुईंग ब्युजिनेस २०२० को प्रतिवेदन अनुसार नेपाल ९४औ स्थानमा रहेको छ भने कुल अंक ६३.२ प्रतिशत रहेको छ । मुख्य रूपमा व्यवसाय सुरु गर्ने, विद्युत आपूर्तिमा अझै पनि १३५औ स्थानमा देखाएको छ भने सम्झौता पालना गर्ने विषयमा भने १५१औ स्थान र कर तिर्ने सहजतामा सबैभन्दा बढी १७५औ स्थानमा रहेको देखाएको छ । औद्योगिक वातावरणको कुरा गर्दा यी विषयहरू प्राथमिक विषय भएकोले यसमा सुधार हुनुपर्ने देखिन्छ । यदि विश्वबैंकको प्रतिवेदनले उजागर गरेका तथ्य फरक छन् भने यो यस कारणले फरक छ भनी तथ्यगत रूपमा आफ्ना प्रमाणहरू पेश गरी प्रतिवेदनलाई सच्याउन लगाउनु पर्छ । तर आम रूपमा भने प्रतिवेदनले उठाएका विषयमा सहमति देखिन्छ ।

उक्त तथ्यलाई कुल गार्हस्थ उत्पादनमा औद्योगिक उत्पादनको हिस्साको आधारबाट हेर्दा पनि पुष्टि हुने देखिन्छ । कुल गार्हस्थ उत्पादनमा औद्योगिक उत्पादनको हिस्सा लगातार घटेबाट उद्योगमा लगानीको रुचि घट्दै गएको देखिन्छ । यसबाट कानूनी र संस्थागत सुधार हुँदैमा औद्योगिक वातावारणमा सकारात्मक परिवर्तन देखिन्छ भन्ने अवस्था प्रमाणित भएन । उद्योगका अन्य अवयव खास गरी उत्पादनसँग प्रत्यक्ष सम्वन्ध देखिएका आन्तरिक कच्चा पदार्थको प्रचुरता, विद्युत आपूर्तिको निरन्तरता, प्रतिस्पर्धी ढुवानी यातायात प्रणाली, सरल र कम व्याज दरमा ऋण

पाउने अवस्था तथा उद्योग क्षेत्रको पूर्वाधार विकास एवं लगानिकर्ताको विश्वसनियता जस्ता विषयहरू पनि संगसँगै जानु पर्ने देखिएको छ ।

वैदेशिक व्यापारमा निर्यातको हिस्सा नबढे सम्म बाह्य लगानीमा आधारित उद्योग आउने अवस्था नहुने र उत्पादन लागत प्रतिस्पर्धी नभएसम्म औद्योगिक उत्पादन नबढ्ने दुवै अवस्था हाम्रा लागि चिन्ताजनक छ । लगानी सम्मेलनका लागि औद्योगिक व्यवसाय ऐन र आयकर, भन्सार र मूल्यअभिवृद्धि कर लगायतका कानूनमा एकै पटक सुधार गरिएको हो । लगानी सम्मेलनमा प्रतिवद्धता जनाएका उद्योगहरूमध्ये हाल सम्म सञ्चालनमा आएका उद्योगको विवरण भने पाउन सकिएन ।

उद्योग विभागमा दर्ता भएका उद्योगहरू मध्ये कतिले उत्पादन गरे, कति उद्योगले सुरु नै गरेनन र सुरु नगरेकोमा के कारणले सुरु भएन भन्ने लेखाजोखा गरिएको देखिएन तथा मंत्रालय र विभागमा उद्योग सम्बन्धी पूर्णरुपको डाटाबेस (Database) उपलब्ध रहेको पाईएन ।

तथ्यांक विभागको सन् २०१४ मा प्रकाशित गरेको "डेभेलप्मेन्ट अफ म्यानुफ्याक्चरिंग इन्डस्ट्रिज इन नेपाल" मा उल्लेख भएअनुसार औद्योगिक नीति २०६७ जारी हुनु अघि एघारौ योजनाले उत्पादनका क्षेत्रमा देहायका समस्याहरू रहेको जनाएको थियो:

- सीमित व्यवस्थापकीय र प्राविधिक क्षमता,
- कमजोर औद्योगिक सुरक्षा,
- कमजोर लगानी वातावरण,
- निकासीमा विविधिकरण नहुनु,
- उद्योगमैत्री श्रम कानून नहुनु,
- अनियमित विद्युत आपूर्ति,

सो प्रतिवेदनले समस्याको प्राथमिकतामा विद्युत आपूर्ति सबै भन्दा बढी रहेको देखाएको थियो भने त्यसपछि क्रमशः श्रम सम्वन्ध, श्रम कानून, प्राविधिक जनशक्ति, वातावरण ऐन, औद्योगिक नीति/कानून, कच्चा पदार्थ, कर्जा सुविधा, न्यून ज्याला र बजारलाई समस्याका रूपमा उल्लेख गरेको थियो (पृष्ठ ८, ९) । औद्योगिक नीति, २०६७ जारी भएपछि पनि विद्युत आपूर्तिको समस्या निकै नै चुनौतीपूर्ण रह्यो । तर २०७५ जेठ देखि भने नेपाल विद्युत प्राधिकरणले नेपालभर लोडसेडिंग अन्त्य भएको घोषणा गर्यो ।

नयां औद्योगिक सर्वे प्रतिवेदन नआएकोले मूलत: के कस्ता समस्याहरू देखिएका छन् भनी उल्लेख गर्न नसकिए पनि सम्बद्ध पदाधिकारीहरू, उद्योगीहरूसँग भएको छलफलबाट सन् २०१४ मा उल्लेख भएको प्रतिवेदनमा औल्याइएका समस्याहरूमध्ये उद्योगमैत्री कानूनमा सुधारको विषय र विगत दुई वर्ष देखि विद्युत आपूर्तिमा

देखिएको सुधार बाहेक अन्य अवस्था उस्तै छन् । यस अवधिमा देखिएका थप समस्याहरू तल उल्लेख गरिएको छ:

- विद्युत् महसुल उद्योगमैत्री भएन,
- कानूनले प्रत्याभूत गरेको सुविधा ढिलो गरी पाइने, नपाइने र आंशिक मात्र पाइने अवस्था छ, भारतको कर्नाटक राज्य सरकारले नयाँ औद्योगिक नीति ल्याएको सन्दर्भमा नीति कार्यान्वयनको सुनिश्चितता गर्न भएको व्यवस्था यहाँ सन्दर्भको लागि उल्लेख गरिएको छ:

  The New Industrial Policy 2020-25 and package of incentives and concessions shall come into effect from 13.08.2020 and will be valid for a period of 5 years or till a new policy is announced. This order is issued with the concurrence of the Energy Department vide Note No. ENERGY/481/VSC/2019-EMC-Energy Secretariat, dated 20.12.2019; Labour Department vide File No. CI 199 SPI 2018 (P5); Planning Department vide Note No. PDS/46/PFR/2019, dated 20.12.2019; Infrastructure Development Department vide File No. CI 199 SPI 2018 (P4); Revenue Department vide Note No. RD 01 LRA 2020, dated 06.03.2020; Urban Development Department vide Note No. UDD 2 TTP 2020, dated 30.04.2020; Rural Development & Panchayath Raj Department vide File No. CI 199 SPI 2018 (P7); Water Resource Department vide File No. CI 199 SPI 2018 (P11); Finance Department vide Note No. FD 277 Exp-1/2019 / CI 199 SPI 2018 (P3) dated 23.06.2020 and Cabinet Note Subject No. C-317/2020 held on 23.07.2020.

  By Order and in the name of

  the Governor of Karnataka,

  (GAURAV GUPTA)

  Principal Secretary to Government, Commerce & Industries Department.

- उद्योग दर्ता देखि नै समस्या सुरु हुन्छ । उद्योग बन्द गर्न अझै सहज छैन,
- पूर्वाधार लगानीमा दिइने सुविधाको नीतिमा स्पष्टता छैन,
- जग्गा प्राप्तिमा खास गरी हदबन्दीभन्दा बढी जग्गा प्राप्ति गर्ने विषयमा अझै समस्या छ,
- प्रत्येक उद्योगका लागि वातावरण मूल्यांकन नगरी उद्योग दर्ता नहुने, त्यस बेलासम्म बाह्य लगानी कर्ताले नपर्खने र बैंकले उद्योग दर्ता नभएसम्म ऋण नदिने जस्ता चरणबद्ध समस्याको जालो छ । केही गरी सबै काम सक्दा जग्गाको भाउ अचाक्ली बढ्न गै उद्योगले प्राप्त गर्ने लाभ स्वीकृति हुने चरणसम्म आइपुग्दा अनाकर्षक हुने समस्या छ,
- औद्योगिक क्षेत्रभित्र उद्योग लैजाँदा जग्गा लिजमा लिनु पर्ने र ऋणको लागि छुट्टै जमानत खोज्नु पर्ने तर बाहिर जग्गा किनेर उद्योग शुरु गर्दा जग्गाको मूल्य पनि बढ्ने र धितोमा पनि प्रयोग गर्न सकिने भएकोले औद्योगिक क्षेत्रमा उद्योगीहरू जान उति इच्छुक नदेखिएका,
- ढुवानी लागत महँगो छ र भरपर्दो लजिस्टिक सेवा छैन,
- उद्योग क्षेत्र अन्य बहुक्षेत्रसँग सम्बन्धित भए पनि क्षेत्रगत नीति तथा कार्यान्वयनमा कमजोर समन्वय छ,

- संघ, प्रदेश र स्थानीय तहबीच उद्योग प्रशासनका सम्वन्धमा औद्योगिक ऐन आएपछिको क्षेत्राधिकारको टुंगो लगाउन बाँकी रहेको ।
- एकल विन्दु सेवाकेन्द्रको प्रभावकरिता वढन सकेको छैन

समग्रमा समय क्रमसँगै केही संरचनात्मक सुधार भए पनि उद्योग क्षेत्रमा देखिएका माथि उल्लिखित समस्याहरूको उचित सम्बोधन हुन आवश्यक छ ।

खण्ड - चार
प्रस्तावित औद्योगिक नीति तथा सिफारिस

४.१ नयाँ नीतिको आवश्यकता: नीति औद्योगिक नीति २०६७ को कार्यान्वयन र प्रभावबारे खण्ड ३ मा उल्लेख गरी सकिएको छ। औद्योगिक नीति, २०६७ को सफल पक्षलाई निरन्तरता दिंदै नया नीति ल्याउनुपर्ने अवस्था देखिएको छ । नयाँ नीति ल्याउनु पर्ने प्रमुख कारणहरूलाई देहायमा उल्लेख गरिएको छ:

- नयाँ औधोगिक ऐन का प्रावधानहरू समेटी नया नीति जारी गर्न,
- नीति आएको करिब १० वर्ष व्यतित भएकोले समयका हिसाबले नयाँ नीति ल्याउन उपयुक्त भएको,
- मुलुक संघीय संरचनामा गएको सन्दर्भमा औद्योगिक विकासमा खास गरी प्रदेश सरकारको भूमिका बढाउन आवश्यक भएको र लघु, तथा साना उद्यममा स्थानीय तहले प्रमुख भूमिका खेल्न सक्ने भएकोले सो अनुरूप नीति र जिम्मेवारी स्पष्ट हुन आवश्यक रहेको,
- औद्योगिक नीति २०६७ जारी भएपछि मुलुकले भूकम्पको प्रकोप, नाकाबन्दी र कोभिड १९ जस्ता प्राकृतिक र मानवजन्य प्रकोप व्यहोर्न परी यसबाट औद्योगिक वातावरणमा समेत परेको प्रभावलाई कम गरी आत्मनिर्भर उद्योगको वातावरण कायम गर्न,
- छिमेकी मुलुकको आर्थिक विकासको प्रभाव र विश्व बजारमा देखिएको बजार संरक्षण नीतिको कारण विश्व बजारमा आएको व्यापार रणनीतिको प्रभाव मूल्यांकन गर्न ,
- बढ्दो व्यापार घाटा नियन्त्रण गरी निकासी व्यापार वृद्धि गर्न,
- ऐन नियममामा उल्लिखित प्रावधानलाई स्पष्ट व्याख्या गरी औध्योगिक एव लगानीयोग्य वातावरण तयार गर्न,
- उत्पादन उद्योगमा देखिएको समस्या सम्बोधन गर्न, र
- नेपालको औद्योगिक वातावरणको अवस्था मूल्यांकन गर्न ।

माथि उल्लिखित कारणबाट नयाँ औद्योगिक नीति ल्याउन आवश्यक देखिएको सन्दर्भमा नीतिमा समावेश गर्ने सुधारका विषयहरूलाई तल क्रमश उल्लेख गरिएको छ ।

४.२ प्रस्तावित नीतिको उद्देश्य: पन्ध्रौ योजना तथा यस अघिका औद्योगिक नीतिहरूको उद्देश्यहरू समेतको आधारमा प्रस्तावित औद्योगिक नीतिको उद्देश्यहरू निम्न हुनेछन:

(क) प्रतिस्पर्धात्मक औद्योगिक वस्तुको उत्पादन बढाई कुल गार्हस्थ उत्पादनमा औद्योगिक क्षेत्रको योगदान वृद्धि गर्नु,

(ख) स्वदेशी सिप, कच्चा पदार्थमा आधारित निर्यातजन्य वस्तुको प्रवर्धन गर्दै दिगो निकासी व्यापार अभिवृद्धि गर्नु,

(ग) प्रतिस्पर्धात्मक औद्योगिक वातावरण सिर्जना गरी स्वदेशी र प्रत्यक्ष वैदेशिक लगानी बढाउनु,

(घ) औधोगिक वातावरण, प्रविधि र सीपयुक्त जनशक्ति विकास गरी उत्पादकत्व वृद्धि गर्नु, र

(ङ) औद्योगिक बौद्धिक सम्पत्तिको संरक्षण गर्नु ।

४.३ नीतिहरू: नेपालको संविधानले नै प्रमुख क्षेत्रगत नीतिहरू उल्लेख गरेको सन्दर्भमा अबका नीतिहरू तर्जुमा गर्दा तिनैलाई मुख्य नीति कायम गरी नपुग नीति थप गर्ने र नीतिका बुंदाहरू पर्याप्त भए कार्यनीति तयार गरेर जाँदा संविधानले मार्ग निर्देश गरेको लक्ष्य प्राप्तिमा सघाउ पुग्ने देखिन्छ । त्यसैले यहाँ नीतिका प्राथमिकता प्रस्ताव गर्दा सोही सिद्धान्तलाई अंगिकार गरिएको छ । यस्तै आवधिक योजनाले रणनीति र कार्यनीति अघि सारेको छ । संविधानले उल्लेख गरेको नीति, आवधिक योजनामा उल्लेख भएको रणनीति तथा कार्यनीति समेतका आधारमा नयाँ नीति तथा गर्नु पर्ने कार्यको प्राथमिकता देहाय अनुसार प्रस्ताव गरिएको छ ।

नीतिहरू (संविधानमा उल्लेख भए बमोजिम)

४.३.१ तुलनात्मक लाभका क्षेत्र पहिचान गरी उद्योगको विकास र विस्तारद्वारा निर्यात प्रवर्द्धन गर्दै वस्तु तथा सेवाको बजार विविधिकरण र विस्तार गर्ने ।

४.३.२ राष्ट्रिय अर्थतन्त्र विकासको लागि राष्ट्रिय उद्योग धन्दा र साधन स्रोतको संरक्षण र प्रवर्द्धन गरी नेपाली श्रम, सीप र कच्चा पदार्थमा आधारित स्वदेशी लगानीलाई प्राथमिकता दिने ।

४.३.३ राष्ट्रिय अर्थतन्त्र विकासको लागि स्वदेशी लगानीलाई प्राथमिकता दिने

४.३.४ राष्ट्रिय हित अनुकूल आयात प्रतिस्थापन, निर्यात प्रवर्द्धनका क्षेत्रमा वैदेशिक पूंजी तथा प्रविधिको लगानीलाई आकर्षित गर्दै पूर्वाधार विकासमा प्रोत्साहित एवं परिचालित गर्ने ।

४.३.५ बौद्धिक सम्पत्तिको अधिकारको प्रभावकारी संरक्षण एबम कानूनी सुधारका साथै उपयुक्त निकायको स्थापना गर्ने ।

४.४ रणनीतिहरू: पन्ध्रौं योजनाले वैदेशिक व्यापार, उद्योग, उद्यमशीलता , वैदेशिक लगानी, वाणिज्य र कृषिका सम्वन्धमा रणनीति र कार्यनीतिहरू उल्लेख गरेको छ। रणनीतिहरू पाँच वर्षकै लागि उल्लेख भएको सन्दर्भमा छुट्टै रणनीति नबनाई सोहि रणनीतिलाइ नै आधार लिईएको छ ।जसलाई तल उल्लेख गरिएको छ:

(क) वैदेशिक व्यापार

४.४.१ तुलनात्मक लाभ भएका कृषि, जडिबुटी, जलविद्युत तथा पर्यटन क्षेत्रको विकास गरी उत्पादन अभिवृद्धि गर्ने ।

४.४.२ वस्तु र सेवाको उत्पादन अभिवृद्धि र अनावश्यक आयात नियन्त्रण गरी आयात व्यवस्थापन गर्ने ।

४.४.३ वस्तुगत तथा देशगत निर्यात बजार विस्तार तथा विविधिकरण गर्ने ।

(ख) उद्योग

४.४.४ औद्योगिक क्षेत्रको विकासका लागि नीतिगत, कानुनी र संस्थागत सुधार गर्ने ।

४.४.५ लगानीमैत्री वातावारण तयार गर्न प्रविधिको प्रयोग, एकद्वार प्रणालीको विकास र औद्योगिक पूर्वाधार विकास गर्ने ।

४.४.६ उद्योग क्षेत्रलाई अन्य उत्पादनमूलक क्षेत्रको अन्तरसम्बन्धको आधारमा विकास गर्ने ।

४.४.७ खानी तथा खनिजजन्य उद्योगको लागत प्रभावी र तुलनात्मक लाभका आधारमा विकास गर्ने ।

४.४.८ प्रतिस्पर्धात्मक क्षेत्र तथा तुलनात्मक लाभ भएका स्वदेशी कच्चा पदार्थमा आधारित उद्योगमा निजी सार्वजनिक साझेदारीमा लगानी परिचालन गर्दै आयात प्रतिस्थापनमा जोड दिने ।

४.४.९ उद्योग धन्दाको विकास र विस्तारका लागि क्षमता विकास वित्तीय पहुँच र प्रवर्द्धनात्मक उपाय अवलम्वन गर्ने ।

(ग) वैदेशिक लगानी

४.४.१० प्रत्यक्ष वैदेशिक लगानी आकर्षित गर्न आवश्यक कानुनी, संरचनागत तथा प्रक्रियागत सुधार र सरलीकरण गरी लगानीमैत्री वातावरण सिर्जना गर्ने ।

४.४.११ तुलनात्मक लाभका उत्पादनमूलक तथा रोजगारमूलक क्षेत्रमा लगानी आकर्षित गर्ने ।

४.४.१२ स्थानीय श्रोत साधन र सीपको उपयोग तथा प्रादेशिक सन्तुलन कायम हुने गरी प्राथमिकताकाक्षेत्रमा वैदेशिक लगानी परिचालन गर्ने ।

४.४.१३ वैदेशिक लगानी परिचालनको लागि आर्थिक कुटनीतिलाई परिचालन गर्ने ।

४.४.१४ लगानीको प्रवेश, अनुमति, सञ्चालन, बहिर्गमन सम्मका सेवा र सुविधा सरल र सहज तरिकालेएकै स्थानबाट उपलव्ध गराउने ।

(घ) वाणिज्य

४.४.१५ खाद्यान्न तथा आधारभूत उपभोगका र तुलनात्मक लाभ र प्रतिस्पर्धी क्षमता भएका वस्तु तथा सेवाहरूको पहिचान, विकास, विविधिकरण, उत्पादन र उत्पादकत्व अभिवृद्धि गरी आयात व्यवस्थापन तथा निर्यात प्रवर्द्धन गर्ने ।

४.४.१६ व्यापारजन्य प्रविधि र पूर्वाधारको विकास र उपयोग, सूचना प्रविधिको प्रयोग एवम् विस्तार, सुशासन र प्रभावकारी नियमन, व्यापार सहजीकरण र संस्थागत सुदृढीकरण गरी आन्तरिक तथा अन्तरराष्ट्रिय व्यापार लागत कम गर्ने ।

४.४.१७ व्यापार सम्बद्ध बौद्धिक सम्पत्ति सम्बन्धी अधिकारको अन्तरराष्ट्रिय बजारमा संरक्षण र प्रवर्द्धन गर्ने ।

४.४.१८ आर्थिक कुटनीतिलाई सुदृढ तुल्याउदै व्यापार सम्बद्ध द्विपक्षीय, क्षेत्रीय र बहुपक्षीय संयन्त्रको माध्यमबाट व्यापारजन्य क्षमता बढाउँदै अन्तरराष्ट्रिय मूल्य शृंखलामा आवद्धता र सामानको बजार विस्तार गर्ने ।

(ङ) कृषि

४.४.१९ तुलनात्मक लाभ एवम उच्च मूल्यका बाली तथा वस्तुको बजारीकरण गरी निर्यात प्रवर्द्धन गर्ने ।

(च) उद्यमशीलता

४.४.२० युवा उद्यमीलाई स्वदेशमा उद्यम गर्न आकर्षित गर्न तीनै तहका सरकारमा नीतिगत, कानुनी, संस्थागत र प्रक्रियागत सुधार गर्ने ।

४.४.२१ निजी सहकारी एवम गैर सरकारी क्षेत्रसंगको सहकार्यमा स्थानीय तहका श्रोत, साधन र सीपको पहिचान र विकास गरी परिचालन गर्ने ।

४.४.२२ लघु, घरेलु तथा साना उद्योगमा उद्यमशीलता विकासका लागि वित्तीय पंहुच र लगानीको वातावरण सिर्जना गर्ने ।

४.५ नीति अवधि र यसको प्रयोग: यो नीति २०७८- २०८३ सम्म बहाल रहनेछ । यसमा उल्लेख भएका विषयहरू (सुबिधाहरू) यसै नीति अनुरूप हुनेछन् र यस नीतिको अवधिसम्म प्राप्त हुनेछन् । बीचमा कुनै अप्रत्याशित कारणबाट यस नीतिमा परिवर्तन भै सुविधामा हेरफेर भएमा यस नीतिले दिएको सुविधामा कटौती वा कमी गरिने

छैन। यस नीतिमा उल्लेख भएका विषयमा (......सुविधा दिने निकायहरू)को मिति .... को निर्णयबाट सुविधा उपलव्ध गराउने व्यवस्था भएको छ।

४.६ प्राथमिकताका क्षेत्र: यस अघिका नीतिहरू, निर्यात सम्भावना, स्वदेशी बजार र आन्तरिक कच्चा पदार्थ तथा उपलब्ध जनशक्ति, उद्योग तथा व्यवसायीहरूको विचार र प्रदेशको संरचना समेतका आधारमा नेपाल सरकारले देहायका उद्योगहरूलाई प्राथमिकतामा राख्नु पर्ने हुन्छ।

(क) प्राथमिक उत्पादनका क्षेत्र

- कृषिजन्य उत्पादन
- बन तथा जडिबुटी
- खानी तथा खानीजन्य
- गरगहना
- औषधि
- काष्ठ तथा धातु
- माटाका भाँडाकुंडा

(ख) सेवा क्षेत्रतर्फ

- पर्यटन
- प्रविधि (ICT)
- स्वास्थ्य

उपरोक्त क्षेत्रहरूअन्तर्गत वस्तुहरूको विकास र प्रवर्धनमा लिनु पर्ने प्राथमिकता, कार्यनीतिहरू, सुविधा, सहुलियत, छुट, पूर्वाधार विकास, पुँजी, बजारीकरण र ब्रान्डिङ्ग (Branding) जस्ता विषयमा उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, अर्थ मन्त्रालय, कृषि तथा पशुपंक्षी विकास मन्त्रालय, श्रम तथा रोजगार मन्त्रालय, भूमिसुधार मन्त्रालय, वन तथा वातावरण मन्त्रालय, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, संचार तथा सूचना प्रविधि मन्त्रालय, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, प्रधानमन्त्रि तथा मन्त्रिपरिषदको कार्यालयको प्रतिनिधि र प्रदेश मन्त्रालयको समेत प्रतिनिधित्व रहने गरी विषयगत कार्य समिति नै बनाएर छ महिनाभित्र विस्तृत कार्ययोजना तयार गर्नु उपयुक्त हुन्छ। यस्तो कार्यदलमा निजी तथा सहकारी क्षेत्रको समेत प्रतिनिधित्व गराउनु पर्छ। उक्त कार्यदलले यस परिच्छेदमा उल्लेख गरिएका कार्य योजनालाई समेत आधार मानी थप कार्ययोजना बनाई कार्यान्वायनमा जाँदा बढी परिणाममुखी हुने अपेक्षा गरिएको छ।

४.७ प्रमुख हस्तक्षेपहरू: औद्योगिक उत्पादन वृद्धिका लागि आवश्यक केही प्रमुख विषयहरूलाई पनि सरकारले प्रत्यक्ष वा परोक्ष रुपमा सँगै लैजानु पर्दछ । खास गरी सरकारद्वारा निर्मित वा संचालित औद्योगिक क्षेत्रभित्र र प्रमुख रूपमा उद्योग रहेका औद्योगिक करिडोरका उद्योगलाई केन्द्रित गरी यस प्रकारको सुविधालाई प्रवर्द्धन गर्न जरूरी छ । यसलाई प्रमुख हस्तक्षेप भनी उल्लेख गरिएको छ ।

४.७.१ इन्डस्ट्री ४: उद्योग ४ अवधारणा कार्यान्वयन गर्न आवश्यक सुविधा प्रदान गर्ने ।

४.७.२ प्रयोगशाला: प्रत्येक औद्योगिक क्षेत्र, र विशेष क्षेत्रमा आधुनिक प्रयोगशालाहरू स्थापना गर्ने ।

४.७.३ अनुसन्धान र विकास: औद्योगिक उत्पादकत्व वृद्धिका लागि अनुसन्धान तथा विकासमा सहयोग गर्ने ।

४.७.४ बौद्धिक सम्पत्ति अधिकार:

- बौद्धिक सम्पत्ति कानून शीघ्र जारी गर्ने ।
- बौद्धिक सम्पत्ति प्राधिकरणको स्थापना गर्ने ।
- बौद्धिक सम्पत्ति दर्ता प्रक्रियालाई सहज बनाउने ।
- बौद्धिक सम्पत्ति दर्ता प्रक्रियामा लाग्ने खर्चमा सुविधा दिने ।

४.७.५ प्रविधि स्तरोन्नति र आविष्कार: अन्वेषण कोष (Innovation fund) बाट नया औद्योगिक विचारलाई सहयोग गर्ने ।

४.८ साना, लघु तथा मध्यम स्तरीय उद्योग प्रवर्तन: साना, लघु तथा मध्यम स्तरीय उद्योगलाई स्थानीय उत्पादन र रोजगारीको प्रमुख माध्यमको रुपमा विकास गरिनेछ| यसका लागि देहायको प्रबन्ध गरिनेछ:

४.८.१ साना, लघु तथा मध्यम उद्योगको दर्ता प्रक्रिया सरल गर्ने र विद्युतीय माध्यमबाट एकत्रित सेवा दिने व्यवस्था मिलाउने ।

४.८.२ उद्योगको प्रकारका आधारमा साना, लघु तथा मध्यम स्तरीय उद्योगका लागि आवश्यक कच्चा सामग्रीको श्रोत खोजी र आपूर्ति शृंखला स्थापित गरिनेछ ।

४.८.३ यस प्रकारका निकासी गर्ने उद्योगका लागि उद्योगीले ५० प्रतिशत र सरकारका तर्फबाट ५० प्रतिशत ब्याज अनुदान व्यहोर्ने गरी चुक्ता पुँजीको ६० प्रतिशत सम्मको रकम सरल कर्जाको रुपमा उपलव्ध गराइनेछ ।

४.८.४ निकासी नगरी आन्तरिक बजारमा विक्री गर्ने उद्योगका लागि समेत कम व्याज दरमा सरल कर्जामा पहुँच बढाइनेछ ।

४.८.४ साना र लघु उद्यमका लागि रु १५ लाख सम्मको कर्जा विना धितो उपलव्ध गराउने व्यवस्था गरिनेछ । यसका लागि कर्जा सुरक्षण निगमसँग सहकार्य गरिनेछ । यस्ता व्यक्तिको लागि राष्ट्रिय परिचय पत्र अनिवार्य गरी कर्जा इतिहास समेत राख्ने व्यवस्था गरिनेछ र ऋण नतिर्नेको अभिलेख राखी उक्त रकम नतिरेसम्म पुन: अर्को वित्तीय ऋणका लागि अयोग्य हुने व्यवस्था सुनिश्चत गरिनेछ ।

४.८.५ यस प्रकारका उद्योगका लागि कर्जा उपलव्ध गराउन साना किसान तथा लघु उद्यम विकास बैंकको अवधारणामा वित्तीय संस्था स्थापना गरिनेछ ।

४.८.६ साना र लघु उद्यममा मेसिनरीका लागि प्रति उद्योग निश्चित रकम पुँजीगत अनुदान उपलव्ध गराइनेछ । यस्तो अनुदान नगरपालिका र गाउँपालिका क्षेत्रमा स्थापना हुने औद्योगिक ग्राममा स्थापना हुने उद्योगका लागि उपलव्ध हुनेछ ।

४.८.७ यस प्रकारका उद्यममा आवश्यक जनशक्तिको लागि तालिमको व्यवस्था गरिनेछ ।

४.८.८ उद्योगको बौद्धिक सम्पत्ति दर्ता र नेपाल गुणस्तरको अलावा अन्तरराष्ट्रिय स्तरको प्रमाण चिन्ह लिन लागत सहभागिता व्यहोरिनेछ ।

४.८.९ उद्योगको उत्पादन बजारीकरणमा सहयोग गरिनेछ । अन्तरराष्ट्रिय तथा राष्ट्रिय प्रदर्शनीमा भाग लिन सहयोग गरिनेछ ।

४.८.१० औद्योगिक ग्राम र औद्योगिक क्षेत्रमा प्रयोगशाला स्थापना र अनुसन्धान तथा विकासमा सहयोग गरिनेछ ।

४.८.११ परम्परागत वस्तुको डिजाइन र आन्तरिक तथा बाह्य बजार प्रवर्धनका लागि प्राविधिक र आर्थिक सहयोग गरिनेछ ।

४.८.१२ निकासीका लागि आवश्यक सूचना र बजारको सहजीकरण गरिनेछ । यस कार्यको लागि व्यापार तथा निकासी प्रवर्द्धन केन्द्र र उद्योग बाणिज्य संगठनसँग सहकार्य गरिनेछ ।

४.८.१३ लगातार तीन वर्षसम्म आफ्नो उत्पादनको ५० प्रतिशत निकासी गर्ने उद्योगका लागि प्रविधि स्तरोन्नति गर्न चाहेमा कुल चुक्ता पुँजीको ५० प्रतिशत सम्मको रकममा ५ प्रतिशत व्याज दरमा अधिकतम पाँच वर्षे ऋण पुँजी उपलव्ध गराइनेछ ।

४.८.१४ समान भौगोलिक अवस्थिति भएका र उत्पादन सम्भावना भएका पालिकाहरूबीच “दुई पालिका-एक वस्तु” अभियान सञ्चालन गरिनेछ ।

४.८.१५ साना तथा घरेलु उद्योगको प्रवर्द्धन मुख्य रूपमा पालिकाले गर्ने र मध्यम उद्योग र वैदेशिक लगानी भए बाहेकका ठूला उद्योगको प्रवर्द्धन प्रदेश सरकारले गर्ने गरी कानूनी स्पष्टता ल्याइनेछ ।

४.९ औद्योगिक पूर्वाधार: औद्योगिक क्षेत्र, विशेष औद्योगिक क्षेत्र, औद्योगिक करिडोर तथा औद्योगिक ग्रामहरूको विकास सञ्चालन तथा त्यस्ता क्षेत्रहरूमा पानी, विद्युत, संचार, बाटो, प्रशोधन केन्द्र, कामदार आवास, बैंक, बीमा, उपज संकलन केन्द्र, तालिम केन्द्र, प्रयोगशाला जस्ता सुविधाहरू उपलव्ध हुने गरी स्तरोन्नति, विकास, सञ्चालन र सम्भार गरिनेछ ।

४.९.१ सञ्चालनमा रहेका १० वटा औद्योगिक क्षेत्रहरू(सप्तरी, हेटौडा, बुटवल, बालाजु, भक्तपुर, पाटन,नेपालगंज, सुर्खेत, पोखरा,धरान) लाई सुविधायुक्त बनाई पूर्णरुपमा सञ्चालनमा ल्याईनेछ । चौबिसै घण्टा विद्युत, पानी र सुरक्षा सुनिश्चित गरिनेछ ।

४.९.२ निर्माणाधीन(दमक, हेटौडा, रुपन्देही,बाँके, कंचनपुर) र सञ्चालनमा रहेका औद्योगिक क्षेत्र तथा विशेष क्षेत्रमा एक द्वार सेवा सुनिश्चित गरिनेछ । दर्ता प्रक्रियामा सरलीकरण तथा व्यवसाय बन्द गर्ने अवस्थामा परामर्श सेवा र सहजीकरण गरिनेछ ।

४.९.३ औद्योगिक क्षेत्र विकास, सञ्चालन र सम्भारमा निजी वा सहकारी क्षेत्रले संलग्न हुन चाहेमा उपलव्ध गराइनेछ ।

४.९.४ कच्चा पदार्थको श्रोत उपलव्धताको आधारमा निजी क्षेत्र वा सहकारी क्षेत्रसंगको सहकार्यमा खास खास वस्तु उत्पादन गर्ने गरी औद्योगिक क्षेत्रको स्थापनामा लागत साझेदारी गरिनेछ । यसको सम्भाव्यता, अध्ययनमा निजी तथा सहकारी क्षेत्रलाई प्रोत्साहित गरिनेछ ।

४.९.५ औद्योगिक करिडोर तथा औद्योगिक क्षेत्रको नयाँ निर्माणमा प्रदेश सरकारलाई नेतृत्व दिईनेछ । दुई प्रदेशको सीमामा रहने र निकासीमा आधारित उद्योगहरू स्थापना हुने विशेष क्षेत्रको विकास र सञ्चालन मात्र संघले गर्ने व्यवस्था गरिनेछ ।

४.९.६ औद्योगिक ग्राम सञ्चालनमा स्थानीय तहलाई पूर्ण जिम्मेवार बनाइनेछ ।

४.९.७ औद्योगिक क्षेत्र र विशेष औद्योगिक क्षेत्रभित्र रहने उद्योगलाई अधिकतम ४५ वर्षसम्मको लिज दिइनेछ । यस्तो लिज सोही प्रकारको उद्योग गर्ने अर्को उद्योगलाई बाँकि अवधिको लागि विक्री गर्न पाउने व्यवस्था गरिनेछ ।

४.९.८ औद्योगिक क्षेत्र तथा विशेष औद्योगिक क्षेत्रभित्र स्थापना हुने उद्योगलाई स्थापनाको पहिलो पाँच वर्षसम्म परियोजना ऋणको निश्चित प्रतिशत व्याज अनुदान दिने प्रबन्ध गरिनेछ । यस्तै परियोजना

ऋणको पुनर्बीमा गर्ने व्यवस्था गरिनेछ । यसबाट अन्यत्र जग्गा किनी उद्योग खोल्ने अवस्थामा कमी आउनेछ ।

४.९.९ प्रदेश सरकारसंगको सहकार्यमा पूर्वपश्चिम राजमार्ग, हुलाकी राजमार्ग, मदन भण्डारी राजमार्ग, पुष्पलाल(मध्य पहाडी) राजमार्ग र उत्तर दक्षिण राजमार्गका रणनीतिक स्थानमा औद्योगिक करिडोरको विकास गरिनेछ । औद्योगिक करिडोर विकास गर्दा त्यस क्षेत्रका वासिन्दालाई सोही क्षेत्रमा व्यवस्थित गरिनेछ । औद्योगिक करिडोर घोषणा भएका क्षेत्रभित्रको जग्गामा कृषि वा उद्योगबाहेक अन्य कार्य गर्न नपाउने प्रबन्ध गरिनेछ । यस्ता करिडोरको २० प्रतिशत जग्गा साना तथा मझौला उद्योगका लागि छुट्टयाइनेछ । औद्योगिक करिडोर क्षेत्रभित्र प्रसारण लाइन,बाटो, पानि, संचारलगायतका पूर्वाधारमा प्रदेश सरकार र संघले संयुक्त लगानी गर्नेछन ।

४.९.१० ठूला औद्योगिक क्षेत्र, विशेष क्षेत्र तथा औद्योगिक करिडोर क्षेत्रमा अनुसन्धान र विकासका लागि "सेन्टर अफ एक्सेलेंस" खोलिनेछ ।

४.९.११ औद्योगिक क्षेत्र, विशेष क्षेत्र तथा औद्योगिक करिडोरभित्र स्थापना हुने उद्योगको प्रकृति अनुसारको क्लस्टर तयार गरी सम्पूर्ण क्षेत्र र क्लस्टरको वातावरण परिक्षण गरी सकेपछि उद्योगले पुनः वातावरण परिक्षण गर्न नपर्ने कानूनी व्यवस्था गरिनेछ । यसको सट्टा उद्योग सञ्चालनमा आउनु अघि वातावरण परिक्षणका शर्तहरू पूरा गरे नगरेको परिक्षण गर्ने व्यवस्था गरिनेछ ।

४.९.१२ औद्योगिक क्षेत्र, विशेष औद्योगिक क्षेत्र तथा औद्योगिक करिडोरभित्र जग्गा प्राप्ति गर्ने कार्यका लागि जग्गा अधिग्रहण तथा वातावरण परिक्षण, रुख काट्ने निर्णय लगायतका विषय कानूनले तोकेको समय सीमा वा परियोजनाले तय गरेको समय सीमाभित्रै सम्पन्न गर्ने प्रबन्ध सुनिश्चित गरिनेछ ।

४.९.१३ औद्योगिक व्यवसाय ऐनले ४० प्रतिशत निकासी गर्ने उद्योगलाई निकासीमूलक उद्योगमा वर्गीकरण गरेकोले विशेष औद्योगिक क्षेत्रभित्र रहने उद्योगको हकमा पनि सोही बमोजिमको व्यवस्था गरी उद्योग सञ्चालनमा ल्याउनु पर्छ ।

४.९.१४ **औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेड**: औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेडको संगठनात्मक तथा पुँजी संरचनामा परिवर्तन गरी यसलाई बढी स्वायत्त, व्यावसायिक र सक्षम बनाउने ।

४.९.१५ **राष्ट्रिय उत्पादकत्व तथा आर्थिक विकास केन्द्र लिमिटेड**लाई उद्योग क्षेत्रमा प्रविधि, प्राविधिक सहयोग र उत्पादकत्व प्रवर्द्धनमा काम गर्ने उच्चतम केन्द्रको रूपमा विकास गर्ने गरी पुनर्संरचना र लगानी बढाईनेछ ।

४.१० खानीजन्य उद्योग: खानीजन्य उद्योगका लागि पंहुच मार्ग, विद्युत प्रसारण लाइनमा लागत सहभागिताको नीतिलाई परिस्कृत गर्दै सुविधा विस्तार गरिनेछ । यस्तो लागत सहभागिता उद्योगको कुल चुक्ता पुँजीको निश्चित प्रतिशत वा प्रति उद्योग रु .... करोड(उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयले अर्थ मन्त्रालय र अन्य निकायसँग समन्वय गरी तोक्ने) भन्दा बढी हुने छैन । यस्तै पहुँच मार्ग तथा प्रसारण लाईनको अन्तिम बिन्दु सबैभन्दा छोटो दुरी कायम हुने गरी उद्योगको नजिकको सीमासम्म मात्र हुनेछ । उद्योग परिशरभित्रको पूर्वाधार विकास सम्बन्धित उद्योगीको जिम्मेवारी हुनेछ । हदबन्दीभन्दा बढी जग्गा प्राप्तिको लागि निवेदन प्राप्त भएको ... दिन(भूमि व्यवस्था तथा सहकारी मन्त्रालयसँग समन्वय गरी तोक्ने) भित्र निर्णय गरिनेछ ।

४.११ निकासी जन्य उद्योग: निकासी जन्य उद्योगलाई उच्च प्राथमिकतामा राखी सबै प्रकारले सहयोग गरिनेछ।

४.११.१ निकासीमा नगद अनुदानलाई प्रोत्साहित गर्ने र भुक्तानी प्रक्रियामा सरलीकृत गरिनेछ ।

४.११.२ स्वदेशी कच्चा पदार्थमा आधारित निकासी योग्य वस्तुलाई प्रदान गर्ने सुविधा नगद अनुदान सूचीमा थप गरिनेछ ।

४.११.३ चालिस प्रतिशतभन्दा बढी निकासी गर्ने उद्योगलाई पुँजी विस्तार वा ऋणमा व्याज अनुदान प्रदान गरिनेछ ।

४.११.४ अन्तररास्ट्रिय व्यापार प्रदर्शनी केन्द्र स्थापना गरिनेछ ।

४.११.५ प्रमुख भन्सार बिन्दु नजिक निकासीका लागि आवश्यक पूर्वाधार विकास गर्ने

४.११.६ अन्तरराष्ट्रिय बजारमा नेपालको उत्पादन प्रवर्द्धन गर्न अन्तरराष्ट्रिय व्यापार मेलामा सहभागिता वृद्धि गरिनेछ ।

४.११.७ एकीकृत रणनीतिले पहिचान गरेका १० वस्तु र २ सेवा व्यापारलाई देशगत निकासी रणनीति बनाई नेपाली कुटनैतिक नियोगलाई बजार प्रवर्द्धनमा परिचालन गर्ने

४.१२ व्यवसाय गर्न सहज वातावरण (Ease of Doing Buniness): औद्योगिक क्षेत्र, विशेष औद्योगिक क्षेत्र, औद्योगिक करिडोर, औद्योगिक ग्रामभित्र रहने र वैदेशिक लगानीका उद्योगलाई उच्च प्राथमिकताका साथ विद्युतीय माध्यमबाट एकद्वार प्रणालीमा सहज सुविधा उपलव्ध गराइनेछ । यस्ता क्षेत्रभित्र रहने उद्योगका लागि एक बिन्दुमा सबै प्रकारका कर तिर्ने सुविधा उपलव्ध गराइनेछ र सम्बन्धित संघ, प्रदेश तथा स्थानीय तहलाई एकल विन्दु सेवा केन्द्रबाटै रकम जम्मा गरिने व्यवस्था एक वर्षभित्रै प्रारम्भ गरिनेछ ।

४.१२.१ उद्योग दर्ता देखि वहिर्गमन सम्मका सम्पूर्ण कामहरू एकल विन्दुसेवा केन्द्रबाट सञ्चालन गरिनेछ

४.१२.२ जग्गा प्राप्तिमा लाग्ने समय, कर तिर्न लाग्ने समय, उद्योग दर्ता र नविकरण गर्न लाग्ने समय र कागजातहरू घटाई न्यूनतम कायम गरिनेछ । यसका लागि सम्वन्धित कानूनहरूमा एक वर्षभित्र सुधार गरिनेछ ।

४.१२.३ उद्योगहरूको नविकरण गर्ने अवधि सम्बन्धमा सम्भव भएसम्म सबै प्रकारका कानूनमा एकरुपता ल्याइनेछ ।

४.१२.४ उद्योगहरूले उपलव्ध गराउनुपर्ने विवरण र प्रतिवेदनहरू विद्‌युतीय माध्यमबाट दिन सक्ने गरी सुधार गरिनेछ ।

४.१२.५ अन्तरराष्ट्रिय व्यापारका लागि तय गरेको नेसनल सिंगल विन्डोमा सबै ४० प्रकारका निकायलाई एक वर्षभित्रै समाहित गरी विद्‌युतीय माध्यमबाट सेवा दिने व्यवस्था गरिनेछ ।

४.१२.६ एकल सेवा केन्द्रमा रहने निकायका पदाधिकारीलाई निर्णय गर्न सक्ने अधिकारसहित कार्यविधिको व्यवस्था गर्ने

४.१२.७ उद्योगसँग सम्वन्धित काममा विद्‌युतीय प्रविधिको प्रयोग गरी द्रुत सेवा सुनिश्चित गर्ने तथा कार्य प्रगति ट्र्याकिंग गर्न सक्ने पहुँच सुनिश्चित गर्ने ।

४.१३ सहुलियत तथा सुविधा: उद्योगको प्रकृति, भौगोलिक क्षेत्र अनुसार उपलव्ध गराइने सहुलियत र सुविधाहरू एकत्रित गरी उद्योगले सहज जानकारी पाउने व्यवस्था गरिनेछ ।

४.१३.१ कानूनले उपलव्ध गराएको सुविधा तोकिएको समयभित्रै उपलव्ध गराउने र सो अवधिभित्र (काबु बाहिरको परिस्थितिमा बाहेक)भुक्तानी हुन नसकेमा बाणिज्य बैंकले तोकेको छ महिने मुद्दतीको प्रचलित दरले ढिला भएको अवधिको व्याज समेत भुक्तानी दिने व्यवस्था गर्ने । ढिला भुक्तानी गरेकोमा त्यस्तो निकायका पदाधिकारीलाई जिम्मेवार बनाई कार्य सम्पादनसँग आवद्ध गर्ने ।

४.१३.२ क्षेत्रगत मन्त्रालयका कानूनले दिएका सुविधाहरू आयकर ऐन, भन्सार ऐन, मूल्य अभिवृद्धि कर ऐन, अन्त शुल्क ऐनमा समावेश नभएको कारणबाट सार्वभौम संसदबाट पास भएको कानूनको सुविधा नपाउने परिस्थिति उत्पन्न भएकोले अर्थ मन्त्रालयको राजस्व हेर्ने सचिवको संयोजकत्वमा एक कर सहुलियत समिति गठन गरी सो समितिले विषयगत मन्त्रालयको कानूनमा उल्लेख भएका सुविधाहरू अध्ययन गरी अर्थ सम्बन्धी कानूनमा समावेश गर्ने व्यवस्था मिलाउने ।

४.१४ यातायात तथा लजिस्टिक

४.१४.१ प्रमुख व्यापारिक मार्गलाई आर्थिक रणनीतिक सडक मार्ग घोषणा गरी वर्षैभरि सञ्चालन गर्न सक्ने सडक विस्तार तथा मर्मत सम्भारको व्यवस्था गर्ने । (हालका लागि पूर्व पश्चिम राजमार्ग, बिराटनगर-धरान मार्ग, बिरगंज-हेटौडा- मुग्लिंग- काठमाडौँ मार्ग, भैरहवा- बुटवल मार्ग, नेपालगंज-कोहलपुर मार्गलाई प्रमुख व्यापारिक मार्ग घोषणा गर्न सकिने)

४.१४.२ कार्गो ढुवानीका लागि हवाई सेवामा नेपालका हवाई कम्पनीसँग साझेदारी गर्ने ।

४.१४.३ नेपाल पारवहन तथा गोदाम कम्पनी लिमिटेडलाई कम लागतमा लजिस्टिक सुविधा प्रदान गर्ने निकायको रूपमा पुनर्संरचना गर्ने ।

४.१४.४ लजिस्टिक सुविधा उपलव्ध गराउन दर्ता अनुमति लिएका कम्पनीसँग सहकार्य गर्ने ।

४.१५ रुग्ण उद्योग पुनर्स्थापना: पूर्ण रुग्ण, रुग्ण र रुग्ण उन्मुख तीन प्रकारका उद्योगको पुनर्स्थापनाका लागि पुँजी पुनर्संरचना एवम पुँजी थप गरी कर्जा प्रवाह गर्न एक रुग्ण उद्योग पुनर्स्थापना कोष स्थापना गर्ने । कोषमा नेपाल सरकार, प्रदेश सरकार, राष्ट्र बैंक तथा निजी क्षेत्रसमेतको लगानी गरी यसको व्यवस्थापनका लागि औद्योगिक व्यवसाय नियमावलीले प्रबन्ध गरेको उच्चस्तरीय निकायलाई दिने ।

४.१५.१ रुग्ण उद्योग पुनर्स्थापनाका लागि देखिएको समस्या समाधान गर्न स्थायी संयन्त्रका लागि नियमावलीमा आवश्यक संशोधन गर्ने। (ऐनको आशय स्थायी संयन्त्र बनाउने र सोमार्फत समस्यामा परेका उद्योगलाई तत्कालै सुविधा उपलव्ध गराउने देखिन्छ) तर नियमावलीले भने पुन: सुविधाका लागि नेपाल सरकारमा सिफारिस गर्ने वा कानूनमा व्यवस्था गर्ने उल्लेख छ । यसबाट समस्यामा रहेका उद्योगले तत्काल सुविधा नपाउने र सरकारको निर्णय आउने बेलासम्म ढिलो हुने अवस्था देखिएको छ ।

४.१५.२ नेपाल सरकारको स्वामित्वमा रहेका रुग्ण संस्थानहरू पुँजी, प्रविधि ल्याई दुई वर्षभित्र सञ्चालनमा ल्याउने । सो अवधिभित्र पनि सञ्चालनमा आउन नसक्ने संस्थानलाई पूर्ण रूपमा बन्द गर्ने ।

४.१६ "नेपाली किनौं नेपाली बनौँ (Buy Nepali Be Nepali [BuNBeN])": नेपाली उत्पादनलाई सरकार र प्रत्येक नागरिकले उपयोगमा प्राथमिकता दिने प्रयोजनका लागि नेपाली उत्पादनलाइ खरिद गर्ने अभियान चलाउनु पर्ने देखिन्छ । सरकार आफै ठूलो खरिदकर्ता भएको सन्दर्भमा सार्वजनिक खरिद नियमावलीको नियम १७ ले गरेको १५ प्रतिशतसम्म महँगो सामान नेपाली नै खरिद गर्नुपर्ने व्यवस्थाको प्रभावकारी कार्यान्वयन गर्ने ।

४.१६.१ यस अभियानलाई सार्थक बनाउन सार्वजनिक खरिद अनुगमन कार्यालयले नै के कसरी १५ प्रतिशतसम्म महँगो भएको सामानलाई खरिद प्रतिस्पर्धामा सामेल गर्ने कार्यविधि तीन महिनाभित्र तयार गरी सबै निकायमा परिपत्र गर्ने ।

४.१६.२ यस्तो सामान नेपाल गुणस्तर चिन्ह लिएकोलाई मात्र समावेश गर्ने ।

४.१६.३ साना, घरेलु तथा मध्यम स्तरीय उद्योगको हकमा सामुहिक चिन्ह लिएकालाई समावेश गर्ने ।

४.१६.४ प्रत्येक कार्यालयले कम्तिमा २० प्रतिशत सामान यस नीति अन्तर्गत अनिवार्य रुपमा खरिद गर्ने र सो को छुट्टै देखिने गरी प्रतिवेदन सार्वजनिक गर्न लगाउने ।

४.१७ लगानी: अहिले एकातर्फ सरकारको बजेट उद्योग क्षेत्रको लगानी आवश्यकताका आधारमा पर्याप्त छैन । अर्कोतर्फ छुट्याएको बजेट पनि खर्च हुन नसकेको अवस्था छ । यसलाई पुनरावलोकन गरी अब जारी हुने नीतिका लागि पहिले नै सरकारी क्षेत्रको लगानी आवश्यकता अनुमान गरी सो आधारमा केही वर्ष लगानी बढाउने ।

४.१८ जनशक्ति विकास: १८.१ प्राथमिकता प्राप्त क्लस्टर उद्योगका लागि आवश्यक दक्ष जनशक्ति उत्पादन गर्ने गरी तालिम दिने संस्थाको प्रवर्द्धन गर्ने ।

४.१८.२ विश्वविद्यालयसँग औद्योगिक जनशक्ति उत्पादनमा समन्वय गर्ने ।

४.१८.३ प्राविधिक शिक्षालयहरूसँग सहकार्य गरी रोजगारीमा आधारित अर्ध दक्ष र दक्ष सीपयुक्त जनशक्ति उत्पादन गर्ने ।

४.१९ कार्यान्वयन तथा अनुगमन संयन्त्र:

४.१९.१ औद्योगिक प्रवर्द्धन बोर्ड: औद्योगिक प्रवर्द्धन बोर्डलाई कार्यान्वयन तहका बाधा अड्काउ फुकाउने गरी अधिकार दिने ।

४.१९.२ कार्यान्वयन तथा मूल्यांकन तथा अनुगमन समिति: (क) मन्त्रालयका सचिवको अध्यक्षतामा एक नीति कार्यान्वयन तथा मूल्यांकन समिति गठन गर्ने । समितिमा विषयसँग प्रत्यक्ष रूपमा जोडिएका निकायका प्रतिनिधि र निजी तथा सहकारी क्षेत्रको प्रतिनिधि राख्ने । समितिमा निकायगत सेरेमोनियलभन्दा पनि कामका आधारमा प्रतिनिधित्व गराउने । समितिले नीति कार्यान्वायनको त्रैमासिक समीक्षा गर्ने र चौमासिक रुपमा औद्योगिक प्रवर्द्धन बोर्डलाई जानकारी गराउने । यस्तै नीति कार्यान्वयनको वार्षिक र मध्यावधि मूल्यांकन गरी नीति कार्यान्वयनको समीक्षा गर्ने ।

(ख) नीतिको तेश्रो वर्ष कार्यान्वयन भएको प्रतिवेदन प्राप्त भएपछि मन्त्रालयको सहसचिव वा मन्त्रालयले उपयुक्त ठानेको विज्ञको नेतृत्वमा नयाँ नीति मस्यौदा गर्ने संस्थागत प्रबन्ध गर्ने। उक्त समितिले बढीमा छ महिनाभित्र प्रतिवेदन दिने। नीति कार्यान्वयनको चौथो वर्षको प्रथम ६ महिनाभित्र नयाँ नीति जारी गर्ने।

(ग) नया नीति जारी भए पछि आउने आर्थिक ऐनले जारी नीतिमा भएको सुविधालाई सम्बोधन गर्ने व्यवस्था गर्ने। यो विषयलाई अरू नीतिमा पनि लागु गर्ने।

४.१९.३ प्रदेश कार्यान्वयन समिति: प्रदेश सरकारले संघ, औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेड र सम्बन्धित निजी क्षेत्र समेत रहेको एक प्रदेशस्तरमा औद्योगिक नीति कार्यान्वयन सहजीकरण समिति गठन गरी संघ र प्रदेश सरकारको नीति तथा लगानी प्राथमिकतामा समन्वय गर्ने व्यवस्था गर्ने।

४.२० सिफारिस तथा निस्कर्ष:

(क) सिफारिसहरू

१. कानून सुधारले मात्र औद्योगिक वातावरणमा सकारात्मक वातावरण सिर्जना गर्न नसकेकोले कानून सुधार र उद्योगका अन्य अवयवहरू सडक, औद्योगिक पूर्वाधार, पानि, विजुली, लजिस्टिक सेवा, पुँजीमा पंहुच लगायत सबैलाई समग्रतामा हेरी एकीकृत दृष्टिकोण राखी काम गर्नु पर्ने देखिन्छ ।

२. नीति बनाउँदा बढी सैद्धान्तिक दृष्टिकोणबाट आउने गरेको, नीतिले प्रतिवद्धता गरेको आर्थिक उत्प्रेरणाहरूको सुनिश्चितता नहुने गरेको (भारतमा सरकार र प्रान्तिय सरकारका नीतिमा यस्ता प्रतिबद्धता गरेको पाइन्छ) हुँदा र सोको लागि कति बजेट लाग्ने हो ? सो पनि उल्लेख नहुँदा नीति कार्यान्वयनमा अप्ठेरो आएको देखिएकोले राष्ट्रिय योजना आयोगबाट नीति तर्जुमाको सैद्धान्तिक संरचना नै तोकी दिनुपर्ने देखिन्छ।

३. मन्त्रालयले तर्जुमा गर्ने नीति, रणनीति र कार्यक्रम तथा राष्ट्रिय योजना आयोगको आवधिक योजनामा समेटिएका रणनीति कार्यनीतिबीच पनि तालमेल र प्राथमिकतामा फरक देखिएको छ (यद्यपि यसको निर्माणमा मन्त्रालयको मुख्य भूमिका हुने भएपनि परिमार्जनका चरणमा यस्तो फरक भएको हुन् सक्छ) यसमा सुधार जरूरी छ।

४. नीति कार्यान्वयन पश्चात के कति उपलब्धि हासिल हुन्छ भनी उल्लेख गर्ने गरेको पाईदैन। साथै नीति कति अवधिको लागि ल्याएको भन्ने पनि स्पष्ट हुँदैन। लामो समय सम्म नीति संसोधन नहुदा नीति कार्यान्वयन ओझेलमा पर्छ भने नीतिको प्रगति राम्रो छ भन्न पनि सकिन्न। त्यसैले नीतिमा उपलब्धि र समय सीमा पनि प्रस्ट उल्लेख हुने गरी सुधार हुन जरूरी छ।

५. नीतिले नै सुविधा दिने गरी घोषणा गर्ने हाम्रो प्रचलन छैन । यो एक प्रकारको नीति संरचनामा नै प्रस्थान हुने भएकोले यसमा राष्ट्रिय योजना आयोगबाट नीति तर्जुमाको यस प्रकारको संरचनालाई स्वीकार गर्ने वा नगर्ने भनी नीति बहस आवश्यक छ ।

६. नीतिले भनेको औद्योगिक क्षेत्र निर्माण नभएको, आवधिक योजनाले पनि सोही नीतिलाई निरन्तरता दिएको सन्दर्भमा राष्ट्रिय योजना आयोगबाट पनि प्रमुख नीतिका अवयवको कार्यान्वयनमा बजेट छलफलको अवस्थामा नै परिणामसहित लगानीलाई प्राथमिकता दिने नीति कार्यान्वयन गर्न उपयुक्त हुन्छ ।

७. मुलुक संघीय संरचनामा गएको सन्दर्भमा तीन तहबीच साधन लगानी र जिम्मेवारी बाँडफाँटमा थप प्रस्टता ल्याउन आवश्यक देखिएको छ ।

८. मन्त्रालयको आयोजना कार्यान्वयन क्षमता कमजोर देखिएको र औद्योगिक क्षेत्र विकास निगमको पनि कार्यक्षमता बढाउनु पर्ने देखिएको छ । यसमा नयाँ संरचनाभन्दा पनि कायम रहेकै संरचनाकै क्षमता अभिवृद्धितर्फ जोड दिन आवश्यक देखिएको छ ।

९. उद्योगले पाउनु पर्ने सुविधामा अझै ढिलाईको समस्या भएको गुनासो उद्योगीहरूबाट आएको छ । यस्तै उद्योग तथा कम्पनी दर्ता प्रक्रियामा पनि गुनासाहरू रहेका छन् । राष्ट्रिय योजना आयोगले प्रमुख केही क्षेत्र छनौट गरी कानूनले गरेको प्रबन्ध, व्यवहारमा रहेको अवस्था र कार्यान्वयनको खाडल पहिल्याउन सरकारी तवरबाटै दुई आर्थिक वर्षको फाइल अध्ययन गरी खास समस्या पहिचान गर्ने गरी थप अध्ययन गर्न जरूरी छ ।

१०. यस अध्ययन प्रतिवेदनमा उल्लेख भएका विषयहरूमा मन्त्रालयले एक समिति बनाई सुझाइएका विषयहरूमा थप अध्ययन र परिमार्जन गर्दै कार्यान्वयनमा लैजान उपयुक्त हुने देखिन्छ ।

११. उद्योग दर्ता देखि वहिर्गमन सम्मका सम्पूर्ण कामहरू एकल विन्दुसेवा केन्द्रबाट सञ्चालन गर्न जरुरी छ।

(ख) निस्कर्ष: औद्योगिक नीति, २०६७ ले कानून तथा संस्थागत प्रबन्धमा सुधार गरेको छ । पूर्वाधारतर्फ यस अवधिमा भैरहवामा विशेष आर्थिक क्षेत्र निर्माण सम्पन्न भएको छ । विशेष आर्थिक क्षेत्र गठनसमेत भएको छ । समग्र उद्योग क्षेत्रको कुल गार्हस्थ उत्पादनमा यस अवधिमा खासै योगदान बढ्न सकेन । कुल मूल्य वृद्धि पनि औसत ३.८ प्रतिशतको सीमान्त दरले वृद्धि भएको छ । तसर्थ, नीति घोषणा वा कानूनी सुधारले मात्र औद्योगिक वातावरण सिर्जना हुन सकेन । उद्योगको समग्र अवयवहरू (विद्युत, पानी,सडक, यातायात, लजिस्टिक सेवा)को विकास र खास गरी दैनिक प्रशासनिक कार्य सम्पादन गर्ने वातावरणमा प्रभावकारी हस्तक्षेप नभएसम्म यसले परिणाम दिने देखिदैन । यस्तै नीति तर्जुमा हुँदा कुनै लक्ष्य नतोकिएको र नीतिमा तोकिएको सुविधा प्राप्त हुने सुनिश्चितता नहुने, नीतिले सरकारी क्षेत्रबाट कति बजेट लगानी गर्नु पर्छ भनि उल्लेख समेत नहुने अवस्थामा सुधार गर्न जरुरी छ ।

अनुसूची-१

मुख्य कार्यहरू तथा क्षेत्र (Functions and Scope)

यस पुनरावलोकनका मुख्य कार्य तथा क्षेत्रहरू देहायबमोजिम हुनेछन् :-

- औद्योगिक नीति २०६७ को लक्ष्य, उद्देश्य, नीति, रणनीति, कार्यनीति, संरचनागत व्यवस्था आदिको कार्यान्वयनबाट प्राप्त उपलब्धीको लेखाजोखा गरी कोभिड-१९ पछिको बदलिदो परिप्रेक्ष्यमा ती नीतिहरूको उपयुक्तता, सान्दर्भिकता र प्रभावकारीताको आधारमा पुनरावलोकन गर्ने;
- राष्ट्रिय वा अन्तर्राष्ट्रियस्तरमा प्रचलित नीति पुनरावलोकनको अवधारणा, ढाँचा, विधि, पद्धति, मापदण्ड कार्यविधि तथा कार्य प्रवाह ढाँचा अनुरूप यस सम्बन्धी विषयविज्ञ, सरोकारवाला निकायका प्रमुख तथा पूर्वप्रमुखहरू र अन्य प्रमुख जिम्मेवार सूचनादाताहरूसँग तथ्य तथ्यांक संकलन गरी सो को विश्लेषण गरी साना उद्यम व्यवसाय सम्बन्धी क्षेत्रले भावी दिनमा अख्तियार गर्नुपर्ने नीति, रणनीति, कार्यनीतिहरू तथा कार्यक्रमहरू बारे सुझाव प्रदान गर्ने ;
- नीति पुनरावलोकन गर्ने क्रममा उद्योग सम्बन्धी मुख्यगरी देहायका नीति, ऐन, नियमावली, निर्देशिका र गुरुयोजनाहरूलाई पर्यटन नीतिको उपक्षेत्र मानी अध्ययन, समीक्षा र विश्लेषण गर्नुपर्नेछः-

उद्योगसँग प्रत्यक्षरुपले सम्बन्धित अन्य नीतिहरू

- आपूर्ति नीति, २०६९
- वाणिज्य नीति, २०७२
- राष्ट्रिय वौद्धिक सम्पत्ति नीति, २०७३
- विदेशी लगानी नीति, २०७१
- राष्ट्रिय खनिज नीति , २०७४

उद्योगसँग सँग सम्बन्धी ऐनहरू

(क) वातावरण-संरक्षण-ऐन-२०७६

(ख) सेफगार्डस, एन्टी-डम्पिङ्ग तथा काउण्टरभेलिङ्ग ऐन, २०७६

(ग) औद्योगिक-व्यवसाय-ऐन-२०७६

(घ) कम्पनी-पहिलो-संशोधन-ऐन-२०७४

(ङ) औद्योगिक व्यवसाय ऐन, २०७३

(च) निकाशी पैठारी नियन्त्रण ऐन, २०१३

(छ) पेटेन्ट डिजायन र ट्रेडमार्क ऐन २०२२

नियमावलीहरू

- स्टाण्डर्ड नाप र तौल (मोहरबन्द प्याकेज) नियमावली, २०७६
- प्राइभेट फर्म रजिष्ट्रेशन (बाह्रौ संशोधन) नियमावली, २०७६
- औद्योगिक व्यवसाय नियमावली, २०७६
- प्राइभेट फर्म रजिष्ट्रेशन दशौ संशोधन नियमावली, २०७३
- प्राइभेट फर्म रजिष्ट्रेशन एघारौं संशोधन नियमावली, २०७४
- प्रतिलिपि अधिकार नियम, २०६१
- उपभोक्ता संरक्षण नियमावली, २०५६
- सूचनाको हक सम्बन्धी नियमावली, २०६५
- अध्यागमन नियमावली, २०५१

विनियमावली

- लघु, घरेलु तथा साना उद्योग विकास कोष सञ्चालन विनियमावली, २०६२

कार्यविधिहरू

- नेपाल पारबहन तथा गोदाम व्यवस्था कम्पनी लिमिटेडको महाप्रबन्धकको छनौट तथा सिफारिस सम्बन्धी कार्यविधि, २०७६
- नेपाल इन्टरमोडल यातायात विकास समितिको कार्यकारी निर्देशकको छनौट तथा सिफारिस सम्बन्धी कार्यविधि, २०७६
- निर्यातमा अनुदान प्रदान गर्ने सम्बन्धी कार्यविधि, २०७५ मा संशोधन
- सार्वजनिक निकायका कार्यकारी प्रमुखको छनौट तथा सिफारिस सम्बन्धी कार्यविधि, २०७५
- औद्योगिक ग्राम घोषणा तथा सञ्चालन सम्बन्धी कार्यविधि,२०७५
- शहिदका परिवारलाई नेपाल आयल निगम लिमिटेडको पेट्रोलियम पदार्थको विक्रेता नियुक्त गर्दार टैंक ट्रक राख्न अनुमति प्रदान गर्दा सहुलियत दिने सम्बन्धी कार्यविधि, २०६७
- नेपाल खाद्य संस्थानको महाप्रबन्धकको छनौट तथा सिफारिस सम्बन्धी कार्यविधि-२०७५
- तेश्रो पक्ष मूल्याङ्कन कार्यविधि, २०७४

निर्देशिकाहरू

- उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय सम्बद्ध सार्वजनिक निकायका पदाधिकारीको नियुक्ति र मनोनयन सम्बन्धी निर्देशिका,२०७७
- गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम सञ्चालन निर्देशिका २०७० तेश्रो संशोधन २०७५
- उपभोक्ता जागरण कार्यक्रम सञ्चालन निर्देशिका, २०७४
- सार्वजनिक निकायमा स्वदेशी वस्तुको उपयोग सम्बन्धी निर्देशिका, २०७१
- MEDPA सञ्चालन निर्देशिका, २०७०
- सार्वजनिक निकायमा स्वदेशी वस्तुको उपयोग सम्बन्धी निर्देशिका, २०७१
- प्रविधि विकास कोष निर्देशिका, २०७०
- उपभोक्ता जागरण कार्यक्रम सञ्चालन निर्देशिका, २०७४

मापदण्डहरू

- कोभिड-१९ महामारीको समयमा उद्योग, वाणिज्य तथा आपूर्ति क्षेत्रले अपनाउनुपर्ने सुरक्षा मापदण्ड पालनाको

अनुगमन सूचकहरू (चेक लिष्ट)

- विदेशबाट प्राविधिक नेपाल ल्याउन सहजीकरण प्रकृया
- कोभिड -१९ महामारीको समयमा उद्योग, वाणिज्य तथा आपूर्ति क्षेत्रले अपनाउनुपर्ने सुरक्षा मापदण्ड (Protocol)
- ढुङ्गा, गिट्टी, बालुवा उत्खनन्, विक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७

आचार संहिता

- औद्योगिक प्रतिष्ठानका कार्यस्थलमा हुने लैंगिक हिंसा विरुद्धको आचारसंहिता

अनुसूची २

औद्योगिक नीतिको व्यवस्था र आवधिक योजनाका व्यवस्थाहरूको तुलनात्मक अध्ययन

क्र स	नीति नं	नीति	बाह्रौ योजना	तेह्रौ योजना	चौधौ योजना	पन्ध्रौ योजना
१	८।१	औद्योगिक वस्तुको निकासी बढाउन सहयोग पु-याई बिदेशी मुद्रा आर्जन गर्ने र भुक्तानी सन्तुलनमा सघाउ पु-याउने	नभएको	नभएको	३।५।११ श्रममूलक निर्यातजन्य र आयात प्रतिष्थापन हुने लगानीलाई प्राथमिकता दिईने	४।४।५।२ उच्चमूल्य कम आयातन भएका वस्तुको उत्पादन बृद्धि गरी निर्यातमा जोड दिइने
२	८२	औद्योगिक वस्तु तथा सेवाको प्रतिस्पर्धात्मक क्षमता गुणस्तर तथा उत्पादकत्व बढाउन राष्ट्रिय एवं औद्योगिक एकाइको तहमा नयाँ प्रविधिको विकास तथा प्राप्तिलाई प्राथमिकता दिइने	१।२ जनशक्तिको उत्पादन तथा क्षमता विकास गर्न औद्योगिक जनशक्ति विकास प्रतिष्ठानको स्थापना १।३औद्योगिक क्षेत्रहरूको व्यवस्थापनमा सुधार र औद्योगिक क्षेत्रहरूमा स्थापित उद्योगको प्रतिष्पर्धात्मक क्षमता बृद्धि गर्न राष्ट्रिय स्तरको औद्योगिक क्षेत्र व्यवस्थापन प्राधिकरण स्थापना गर्ने १।४ राष्ट्रिय उत्पादकत्व तथा आर्थिक विकास केन्द्रको संस्थागत सुदृढीकरण गरिने	७।३ राष्ट्रिय उत्पादकत्व तथा आर्थिक विकास केन्द्रको संस्थागत सुदृढीकरण गरिने	नभएको	उत्पादकत्व अभिबृद्धि तथा गूणस्तरमा सुधार ल्याउन समग्र गुणस्तर व्यावस्थापन निरन्तर सुधार गुणचक्र जस्ता व्यवस्थापकीय ज्ञान र सीप प्रदान गर्ने गरी उद्यमी र व्यावसायीको क्षमता अभिबृद्धि गरिने ४।४।६।१औद्योगिक क्षमता अभिबृद्धि गर्न उद्योगलाई नयाँ प्रविधिको प्रयोगमा प्रोत्साहन ४।४।६।४ नेपाली उत्पादनको तोकिएको गुणस्तर कायम गरी प्रतिष्पर्धात्मक क्षमता अभिबृद्धि गरिने
३	८।३	सुदृढ औद्योगिक सम्बन्धलाई उद्योगको विकासको प्रवल आधार मानी उत्पादकत्व बृद्धि हुने गरी	१।६ उत्पादकत्व बृद्धि गर्न लचिलो श्रम नीति बनाइ रोजगारदाता र	७।१४ रोजगारदाता र श्रमिकबीचको सम्बन्धलाई सुमधुर बनाउन कामदारको	नभएको	नभएको

		लचिलो श्रम नीति बनाई रोजगारदाता र श्रमिकबीचको सम्बन्धलाई सुमधुर बनाउन तथा थप रोजगारी सृजना र सुनिश्चितता प्रदान गर्ने उद्देश्यले श्रम कानूनले निर्दिष्ट गरे बमोजिम काम नगर्दाको पारिश्रमिक दिनु नपर्ने सिद्धान्त लाई अङ्गीकार गरिने	श्रमिकबीचको सम्बन्धलाई सुदृढ बनाउने २ कार्यरत कामदारको सामाजिक सुरक्षा सम्बन्धी विश्वव्यापी अवधारणालाई कार्यान्वयनमा ल्याइने	सामाजिक सुरक्षा सम्बन्धी विश्वव्यापी अवधारणा कार्यान्वयनमा ल्याउने		
४	८।४	निर्यातमूलक उद्योग, विशेष आर्थिक क्षेत्रमा स्थापित उद्योग, प्राथमिकता प्राप्त उद्योग र अति अविकसित, अविकसित र कमविकसित क्षेत्रमा स्थापित उद्योगहरूलाई प्रोत्साहनस्वरुप थप सुविधा एवं सहुलियत उपलब्ध गराईने	नभएको	७।१ विशेष आर्थिक क्षेत्रलाई कार्यान्वयनमा ल्याइने	३।५।५ औद्योगिक क्षेत्र तथा विशेष आर्थिक क्षेत्रहरूमा आवश्यक पूर्वाधारहरूको विकास तथा व्यवस्थापनमा सुधार ल्याइने । ३।५।१० प्रत्येक प्रदेशमा औद्योगिक क्षेत्र औद्योगिक करिडोर एवं विशेष आर्थिक क्षेत्र क्रमश स्थापना गर्दै लगिने	नभएको
५	८।५	विश्वमा नयाँ सम्भावनाको रुपमा अगाडि बढिरहेको औद्योगिक सूचना तथा सञ्चार उपयुक्त प्रविधि एवं जैविक प्रविधिको क्षेत्रमा अनुसन्धान तथा विकाससम्बन्धी कार्य सञ्चालन गर्न प्रोत्साहन गरिने	नभएको	नभएको	नभएको	नभएको
६	८।६	स्थानिय स्रोत र कच्चा पदार्थ,सीप,श्रम र प्रविधिको उपयोग गर्ने उद्योगको प्रवर्द्धनमा विशेष जोड दिइने	नभएको	नभएको	३।५।११ श्रममूलक निर्यातजन्य र आयात प्रतिष्थापन हुने लगानीलाई प्राथमिकता दिईने	४।४।१।११ स्थानीय स्रोत साधन र सम्भावना तथा तुलनात्मक लाभको आधारमा प्रदेश सन्तुलन कायम हुने गरी औद्योगिक क्षेत्र विशेष क्षेत्र आर्थिक क्षेत्र र औद्योगिक ग्राम निर्माण र सञ्चालन गर्ने

७	८।७	प्रतिस्पर्धात्मक लाभ र तुलनात्मक फाइदा भएका क्षेत्रको पहिचान गरी औद्योगिक आधारलाइ बलियो र दीगो बनाइने	नभएको	नभएको	नभएको	४।४।१।११ स्थानीय स्रोत साधन र सम्भावना तथा तुलनात्मक लाभको आधारमा प्रदेश सन्तुलन कायम हुने गरी औद्योगिक क्षेत्र विशेष क्षेत्र आर्थिक क्षेत्र र औद्योगिक ग्राम निर्माण र सञ्चालन गर्ने
८	८।८	राष्ट्रिय उद्योगहरूको संरक्षणका लागि नेपालमा कम्तिमा ३० प्रतिशत मूल्य अभिबृद्धि भएको औद्योगिक उत्पादन सरकारी तथा सरकारी स्वामित्व भएको संस्थाले खरीद गर्ने गरी प्रोत्साहन व्यवस्था गरिने	नभएको	नभएको	नभएको	नभएको
९	८।९	आफ्नै प्रयासमा वातावरण मैत्री प्रविधि एवं उर्जा बचत गर्ने उद्योगहरूलाई प्राविधिक तथा आर्थिक सहयोग पु-याउने	नभएको	७।१५वातावरण मैत्री प्रविधि एवं उर्जा बचत गर्ने उद्योगहरूलाई प्राविधिक तथा आर्थिक सहयोग	नभएको	नभएको
१०	८।१०	हरित उद्योगको प्रवर्द्धन तथा स्थापित उद्योगहरूलाई प्रदुषणमुक्त र शून्य कार्बनयुक्त तुल्याउन विशेष उपाय अवलम्बन गरिने	नभएको	नभएको	नभएको	नभएको
११	८।११	स्वरोजगारीको अवसर सृजना गर्न उद्योग व्यवसायमा सिर्जनसिल युवा प्रतिभालाई आकर्षित गर्न औद्योगिक सीप उद्यमशिलता विकास तथा कुशल औद्योगिक व्यवस्थापनका लागि क्षमता अभिबृद्धिका क्रियाकलापलाई अभियानका रुपमा सञ्चालन गरिने	नभएको	७।१९ गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रमलाई विस्तार गर्दै लगिने	नभएको	नभएको
१२	८।१२	समष्टिगत आर्थिक नीति राजश्व नीति स्थानीय कर र अन्य क्षेत्रगत नीति	३।४ औद्योगिक नीति प्रतिकूल नहुने गरी अन्य	नभएको	नभएको	नभएको

		निर्माण तथा परिमार्जन गर्दा औद्योगिक नीतिसँग प्रतिकूल नहुने पद्धति अवलम्बन गरिनेछ र उद्योगलाई संरक्षण सुविधा तथा सहुलियत उपलब्ध गराउँदा वहुपक्षीय एवं क्षेत्रीय सम्झौताका प्रावधानसँग सामञ्जस्यता कायम गरिने	नीतिहरू तर्जुमा गरिने			
१३	८।१३	औद्योगिक सुरक्षा व्यवस्थालाई सुदृढ तुल्याउनका लागि औद्योगिक सुरक्षा बल गठन गरी प्रभावकारी तुल्याईने	३।५ औद्योगिक सुरक्षाबल गठन गर्ने	नभएको	नभएको	नभएको
१४	८।१४	वैदेशिक लगानीलाई संरक्षण विविधीकरण र प्रवर्द्धन गर्न गैरआवासीय नेपालीहरूलाइ नेपालमा लगानी गर्न प्रोत्साहन गरिनेछ र प्रत्यक्ष वैदेशिक लगानी बढी गर्ने मुलुकस्थत नेपाली राजदूतावास तथा नियोगमा औद्योगिक लगानी प्रवर्द्धनका लागि आर्थिक कुटनीतिक एकाइलाई सबल तुल्याइने	नभएको	७।१७ गैह्रआवासीय नेपाली र नेपाली मूलका विदेशीले नेपालमा गरेको लगानीलाई विदेशी लगानी सरहको व्यवहार र सुविधा उपलब्ध गराइने	३।५।११ श्रममूलक निर्यातजन्य र आयात प्रतिस्थापन हुने लगानीलाई प्राथमिकता दिईने । ३।५।१३ वैदेशिक पूँजी तथा प्रविधिलाई आकर्षित गर्न आवश्यक कानूनी र अन्य व्यवस्था गरिने	४।४।१।७ औद्योगिक क्षेत्रमा वैदेशिक लगानी भित्र्याउनका लागि विदेशस्थित कुटनितिक नियोगहरूको सघन रुपमा परिचालन गरिने । ४।४।२। गैह्रआवासीय नेपालीको ज्ञान सीप पूँजी र प्रविधिलाई राष्ट्रिय उद्योगको विकासमा उपयोग गरिने

१५	८।१५	नीजि तथा सहकारी क्षेत्र समेतको सहभागितामा लगानी प्रवर्द्धन कोष, प्रविधि विकास कोष, लघु घरेलु तथा साना उद्योग विकास कोष, रुग्ण उद्योग पुनरुत्थान कोष र गैह्र व्यवसायिक जोखिमको क्षतिपूर्ति दिन औद्योगिक लगानी संरक्षण कोषको स्थापना तथा सञ्चालन गरिने	नभएको	७।८ रुग्ण उद्योगलाई विशेष सहुलियत प्रदान गरी सञ्चालन गरिने ७।१६ निजी तथा सहकारी क्षेत्र समेतको सहभागितामा लगानी प्रवर्धन कोष, प्रविधि विकास कोष, उद्यम विकास कोष, रुग्ण उद्योग पुनरुत्थान कोष, महिला उद्यमी विकास कोष र गैर व्यावसायिक गैर व्यापारीक जोखिमको क्षतिपूर्ति दिन औद्योगिक लगानी संरक्षण कोषको स्थापना र सञ्चालन गरिने	नभएको	४।४।५।९ आयात व्यावस्थापन गर्ने तथा अत्यावश्यक वस्तु तथा सेवा उत्पादन गर्ने रुग्ण उद्योग पुनर्स्थापन गरी सञ्चालन गरिने
१६	८।१६	१।५ उद्योगलाई संरक्षण सुविधा तथा सहुलियत उपलब्ध गराउन लगानी बोर्ड, एकल विन्दू सेवा केन्द्र, औद्योगिक प्रवर्द्धन बोर्ड, औद्योगिक क्षेत्र व्यवस्थापन प्राधिकरण, औद्योगिक जनशक्ति विकास प्रतिष्ठान, नेपाल व्यवसाथ मञ्च जस्ता संस्थागत व्यवस्था गरिने	७।२ औद्योगिक क्षेत्रहरूको व्यावस्थापनमा सुधार ल्याइने ७।४ एकल विन्दु सेवा केन्द्रको स्थापना गरिने	३।५।४ उद्योगहरूलाई आवश्यक दक्ष जनशक्ति उत्पादन गर्ने संस्थाको क्षमता विकास गरिने	नभएको	४।४।२।६ उद्योग। लगानीकोदर्ता प्रणाली तथा उद्योगसँग सम्बन्धी सबै सेवालाई एकीकृत रुपमा उपलब्ध गराउन अन्तरनिकाय आवद्धता सहितको एकल विन्दु सेवा केन्द्रलाई प्रभावकारी बनाइने
१७	८।१७	उत्पादन प्रकृयामा अग्र एवं पृष्ठ सम्बन्ध बढाउन सहयोग पुग्ने गरी Contract Manufacturing, Outsourcing, Contract-out, Franchising, Ancillary र Buy Back जस्ता कृयाकलापलाई प्रोत्साहन गरिने	१।७ उत्पादन प्रक्रियामा अग्र एवं पृष्ट सम्बन्ध बढाउन सहयोग पुग्ने गरी उत्पादनमूलक उद्योगहरूमा करार खेती कृषिमा आधारित उद्योगको श्रृखला निर्माण एवं अन्तरसम्बन्धित उद्योगको कारोबार	७।६ उत्पादन प्रक्रियामा अग्र एवं पृष्ट सम्बन्ध बढाउन सहयोग पुग्ने गरी उत्पादनमूलक उद्योगहरूमा करार खेती कृषिमा आधारित उद्योगको श्रृखला निर्माण एवं अन्तरसम्बन्धित उद्योगको कारोबार समेतका व्यवस्थापकीय विकल्पहरूको	नभएको	४।४।६।६ करार गरी वस्तु उत्पादन गर्ने उद्योगको स्थापना र सञ्चालनमा वित्तीय उत्प्रेरणा र सहजीकरण गरिने

			समेतका व्यवस्थापकीय विकल्पहरूको अवलम्बन गरिने	अवलम्बन गरिने		
१८	८.१८	बौद्धिक सम्पत्ति अधिकार संरक्षणकोलागि प्रभावकारी निकाय स्थापना गरिने	१।१ बौद्धिक सम्पत्ति अधिकार प्राधिकरणको स्थापना तथा बौद्धिक सम्पत्तिको अधिकारको प्रणालिगत व्यवस्था	७।१८ बौद्धिक सम्पतिको व्यवस्थित लेखाजोखा गरी अभिलेखवद्ध गर्दै संरक्षणर सम्बर्द्धन गर्न औद्योगिक बौद्धिक सम्पति कार्यालय स्थापना र सञ्चालन गरिने	७३।५।१२ बौद्धिक सम्पतिको अधिकार संरक्षण र सम्बर्द्धनका लागी छुट्टै संस्थागत व्यवस्था गरिने	४।४।१।६ औद्योगिक बौद्धिक सम्पतिको संरक्षण र सम्बर्द्धन गर्न कानूनी तथा संस्थागत व्यवस्थालाई सुदृढ बनाइने
१९	८.१९	बौद्धिक सम्पत्तिको प्रयोग गर्न उद्यमीलाई बिशेष प्रोत्साहन दिइने	नभएको	नभएको	नभएको	नभएको
२०	९.१	लघु उद्यम घरेलु तथा साना उद्योगको प्रवर्द्धन विकास र विस्तारलाई टेवा पुग्ने आवश्यक कानूनी व्यवस्था गर्दै संस्थागत संरचना तथा पूर्वाधारहरूको निर्माण गरिने	२।१ लघु उद्यम घरेलु तथा साना उद्योगको प्रवर्द्धन विकास विस्तारलाई योगदान दिन आवश्यक कानूनी व्यवस्था गरी संस्थागत संरचना तथा पूर्वाधारहरूको निर्माण गरिने	नभएको	नभएको	नभएको
२१	९.२	लघु उद्यम घरेलु तथा साना उद्योगको प्रतिष्पर्धात्मक क्षमता बृद्धी गरी बजार पहुँच तथा विस्तारका लागि सक्षम बनाउन हाल रहेको लघु उद्यम घरेलु तथा साना उद्योग विकास कोषको सेवालाई विस्तार गरी प्रभावकारी बनाइने	नभएको	७।१२ लघु उद्यम घरेलु तथा साना उद्योग कोषको सेवालाई विस्तार गरी प्रभावकारी बनाइने	नभएको	नभएको
२२	९.३	जिल्लामा उपलब्ध प्राकृतिक श्रोत मानविय संसाधन र लगानीका अवसरको आधारमा स्थानिय जिल्ला विकास समिति नगरपालिका र गाउँ विकास समितिसँगको समन्वयमा	नभएको	नभएको	नभएको	४।४।१।८। रोजगारी सिर्जना र गरीबी निवारण गर्न प्रदेश तथा स्थानीय निकायसँगको सहकार्य र समन्वयमा लघु घरेलु तथा साना उद्योगको संरक्षण र सम्बर्द्धन गरिने

		जिल्ला उद्यम तथा उद्योग विकास योजना तयार गरी यी निकायहरूसँगको सहकार्यमा चरणगत रुपमा कार्यान्वयन गरिने				
२३	९.४	लघु उद्यम घरेलु तथा साना उद्योगहरूको स्थापना तथा प्रबर्द्धन गर्दा नेपाल सरकारले तोकेको लक्षित समूहलाई विशेष प्राथमिकता दिदै उत्प्रेरणा तथा उद्यमशीलता विकास तालिमको माध्यमबाट लक्षित समूहमा स्रोत साधनको संभाव्यता र बजारको मागमा आधारित उपयुक्त उद्यमहरूको छनौट गरी त्यस्ता उद्यम सञ्चालन गर्ने क्षमताको विकास गरिने	नभएको	नभएको	३।५।८ गरीबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रमलाई मुलुकभर विस्तार गर्ने निकाय तथा सहयोगी निकायहरूको समन्वय क्षमता विकास गर्दै लगिने ३।५।१४ लक्षित विपन्न तथा गरीब समूहलाई घरेलु साना तथा मझौला उद्योग मार्फत रोजगारी सिर्जना गरिने	नभएको
२४	९.५	ग्रामीण क्षेत्रका उत्पालनमूलक उद्योगहरूलाई व्यवसाय विकास सेवा पु-याउन सामुदायिक वा सहकारी लघु उद्यम घरेलु तथा साना उद्योग ग्राम स्थापना गरी औद्योगिक केन्द्रहरूको विकास गरिने	२।२ ग्रामीण क्षेत्रका उत्पादनमूलक उद्योगहरूको विकासमा टेवा पुर्याउन सामुदायिक वा सहकारी लघु उद्यम घरेलु तथा साना उद्योग ग्राम स्थापना गरी औद्योगिक केन्द्रहरूको विकास गरिने	७।९ सामुदायिक तथा सहकारी संस्थाको अग्रसरतामा लघु उद्यम घरेलु तथा साना उद्योग ग्राम स्थापना गरी औद्योगिक केन्द्रहरूको विकास गरिने	नभएको	नभएको
२५	९.६	एक गाउँ एकउत्पादनको अवधारणा अनुसार स्थानीयस्तरमा सबै भन्दा बढी संभाव्य देखिएका स्रोत र साधनको पहिचान गरी त्यसमा आधारित औद्योगिक वस्तुको उत्पादनलाई प्रवर्द्धन गर्न वस्तु विकास केन्द्रहरू स्थापना गर्दै थप समूहगत औद्योगिक केन्द्रहरूको	नभएको	७।१३ एक गाउँ एक उत्पादन सम्बन्धी कार्यक्रमलाई कार्यान्वयन गरिने	३।५।९ एक जिल्ला एक विशेष उत्पादन सम्बन्धी कार्यक्रमलाई कार्यान्वयन गरिने	नभएको

		माध्यमबाट औद्योगिक प्रवर्द्धनलाई प्राथमिकता दिइने				
२६	९.७	लघु उद्यम घरेलु तथा साना उद्योग ग्राम स्थापना गर्न औद्योगिक पूर्वाधार विकास गर्ने कार्यमा अग्रसरता देखाउने स्थानीय निकायलाई खर्चको अनुपातमा अनुदान रकम बृद्धि गर्ने व्यवस्था मिलाइने	नभएको	नभएको	नभएको	नभएको
२७	९.८	सामूहिक चिन्हको उपयोगद्वारा लघु उद्यम घरेलु तथा साना उद्योगहरूको उत्पादनको पहिचान कायम गराई यिनीहरूको प्रवर्द्धनका लागि सहयोग गरिने	नभएको	नभएको	नभएको	नभएको
२८	९.९	लघु उद्यम घरेलु तथा साना उद्योगमा बौद्धिक सम्पत्ति संरक्षणको लागी एकीकृत र सक्षम संस्थागत व्यवस्था गरी यसको समूचित संरक्षण र उपयोगलाई प्रोत्साहन गरिने	नभएको	नभएको	नभएको	नभएको
२९	९.१०	लघु उद्यम घरेलु तथा साना उद्योगको उत्पादन तथा बजार प्रवर्द्धनका लागि उपयुक्त सूचना प्रविधिको प्रयोगका लागि विशेष व्यवस्था गरिने	नभएको	नभएको	नभएको	नभएको

सन्दर्भ सामग्री

पन्ध्रौ योजना, राष्ट्रिय योजना आयोग, २०७६ फागुन

औद्योगिक नीति, २०६७, उद्योग बाणिज्य तथा आपूर्ति मन्त्रालय

आर्थिक सर्भेक्षण, २०७६ अर्थ मन्त्रालय

कार्यादेशमा उल्लेख भएका ऐन, नियमावली तथा कार्यविधिहरू

उद्योग विभागको वार्षिक प्रतिवेदन, २०७६/७७

नेपाल इन्टरमोडल यातायात विकास समिति: नया सन्दर्भमा बदलिँदो भूमिका, लेखक शान्ता बुढाथोकी, रसद, वर्ष ७, अंक ७

Ms Moira Alexander, What is gap analysis? Uncovering the missing links to successful performance

Mr. Pierre Leconte , Conducting A Gap Analysis: A Four Steps Templates

Global Economic Prospects January, 2021¸ World Bank

World Economic Outlook, October 2020, International Monetary Fund

Micro, small and medium sized enterprises access to finance in Nepal, United Nations Economic and Social Commission for Asia and the Pacific, MSME financing series no 3

A Review of Trade and Industrial Policy in Nepal, Manish Pradhanang, Swatee, 2007

dipp.gov.in

Himanchal Pradesh Industrial Investment Policy, Emerginghimanchal.hp.gov.in

Industrial Investment and Employment Promotion Policy, Udhyogbandhu.com

Rajasthan Industrial Development Policy, Rajasthan, Industries.rajasthan.gov.in

New Industrial Policy 2020-2025, erajpatra.karnataka.gov.in

Report is prepared & presented by a group of professional consultants from FMRDC :

Team Leader: Mr. Kedar Bahadur Adhikari- Former Secretry of Government of Nepal
Member: Mr. Jaya Prasad Chapagain- Former Professional of United Nations Services
Member: Mr. Nrayan Niraula- Former Undersecretery of FCGO

Government of Nepal

National Planning Commission

Singha Durbar, Kathmandu

Phone: +977 - 1- 4211970

Fax: +977 - 01 4211700

Email: npc@npc.gov.np